…लना…–सुन्दरकाण्ड

८४

५५२०

प्रकाशक—

ने० भा० प्र० समिति।

तुलनात्मक-सुन्दरकाण्ड

लेखक—
बाबुराम आचार्य

इ. प्र. ४४

मे. क. पुष्कर शमशेर ज. ब. राणाको अध्यक्षतामा
तयार भएको—

नेपाली भाषानुवाद-परिषद्

प्रकाशक—
श्री प्र. गो. द. बा., मे. क. बालकृष्ण शमशेर ज. ब. राणाको
अध्यक्षतामा

नेपाली भाषा-प्रकाशिनी समिति, नेपाल ।

सम्वत २००२ मूल्य ।

सर्वसुलभ

हाकिम मास्टर सागरमणि आ. दी. को प्रबन्धबाट—

पहिलो पटक १०००

मुद्रक—
सु. ऋद्धिबहादुर मल्ल,
जोरगणेश छापाखाना, नेपाल।

२ . ५५२०

परिचय

भारतका विश्वविद्यालयहरूमा अरू प्रधान भाषासरह हाम्रो नेपाली भाषा पनि प्रधान विषय मानियोस् भन्ने राजर्षि श्री ३ महाराज जुद्ध शमशेर ज. ब. रा. को उच्च उद्देश्यबमोजिम, शिक्षाविभागका डाइरेक्टर जनरल साहेबबाट प्रयत्न गरिबक्सिरहेकै थियो। आखिरमा हाम्रो नेपाली भाषाले प्रधान विषयहरूमा स्थान पायो। यो उद्देश्य सफल गराउनामा गो. द. बा., सरदार, प्रिन्सिपल रुद्रराज पाँडे एम. ए. ले पनि अथक परिश्रम गरेका हुन्।

आई. ए., बी. ए. मा पढाउन लायकका पुस्तकहरूको केही न्यूनता देखिएको हुनाले शिक्षाविभागका डाइरेक्टर जनरल श्री सु. प्र. गो. द. बा., मे. जनरल सारदा शमशेर ज. ब. रा., एम. ए. बाट तदुपयोगी पुस्तकहरू तयार गर्नू भन्ने मर्जी बक्सेबमोजिम नेपाली भाषानुवाद-परिषद्बाट निकालेका पुस्तक मध्येको यो हो।

पुष्कर शमशेर

दुइ शब्द

नेपाली भाषाप्रकाशिनी समितिका आज्ञाअनुसार यो तुलनात्मक सानो पुस्तक लेखिएको छ । साहित्यको मर्मज्ञ लेखक छैन, तैपनि उक्त समितिले पत्याएको हुनाले लेखिएको हो । यो यस्तो बनेको रहेछ भन्ने साहित्यका मर्मज्ञ पाठकहरूलाई अनुभव होला ।

पुस्तकका आरम्भमा लेखकलाई सहायता गर्ने सज्जनका उपर कृतज्ञता प्रकट गर्ने परिपाटी चलेको छ । यसअनुसार पहिले मामखाका पण्डित लक्ष्मीप्रसाद पोखऱ्यालका उपर कृतज्ञता प्रकट गर्दछु । रघुनाथ कविका जीवनी र फुटकर कविताका विषयमा उनले विशेष सूचना दिने अनुग्रह गरेका छन् । पुस्तक लेख्ने काममा सहयोग दिनुभएको हुनाले नेपाली भाषाप्रकाशिनी समितिका हाकिम मास्टर सागरमणि आचार्य दीक्षितको अत्यन्त ऋणी छु । उहाँले सहयोग नदिएको भए अन्धप्रायः लेखकबाट यो पुस्तक तयार हुन सक्ने थिएन ।

यो पुस्तकका मसौदा राम्ररी हेरी जाँची मार्मिक सूचना पनि दिएकोमा पण्डित नयराज पन्तको पनि कृतज्ञ छु । रघुनाथको रामायण सत्तरीमा लेखिएका हो भन्नेतिर उनका विचार ढल्केको छ । त्यस सुन्दरकाण्डमा बज्रङ्बली आदि हिन्दुस्थानी शब्द ज़्यादा प्रयोग भएकाले काशीमा लेखिएको भन्ने मेरो विचार

छ। रघुनाथलाई हिन्दीमा कविता लेख्ने अभ्यास भएको हुनाले सुन्दरकाण्डमा हिन्दी भाषाको प्रभाव परेको होला भन्ने उनको विचार छ। नमूनाका निमित्त उनले रघुनाथको एक हिन्दी पद्य देखाएका छन्। उनैका नेपाली पद्यका साथ त्यो पद्य यहाँ दिइन्छ—

"वचन् राखी आया रघुवर पिताको सहजमा।
उ आफ्नो मन्दिर्मा जनकतनयाको नजिकमा॥
कमल् जस्ता कोमल् चरण ति पखाली जल पिइन्
सुवर्णको सिंहासन तहिं लगी बैठन दिइन्॥

यसैको हिन्दी भाषान्तर—

"कैकेयीका कपट्सों दशरथ कहनी राखि रायोजि आये
सीताके पास धाये मिलन निज महल् एक धीरज् सहाये॥
लैंकर् वारी पखारी विमल कमलपद् आनि आसन् बसाली।
सीता मालिन्य धाई पुछत कर गई चौर पङ्खा डुलाई।

इत्यादि कविता रघुनाथले ससरीमा नै बनाएका हुन्। यसरी रघुनाथको पहिलेदेखि नै हिन्दीसँग राम्रै परिचय भएको बुझिन्छ' भन्ने पण्डित नयराज पन्तको राय छ। यस विषयमा विज्ञ पाठकहरूले स्वयं विचार गर्नु उचित छ।

पण्डित बाबुराम आचार्य।

श्रीः

प्रस्तावना

भानुभक्त कवि थिए, रघुनाथ पनि कवि नै थिए। दुवै समकालीन थिए, तर न भानुभक्तले रघुनाथलाई चिह्नेका थिए न रघुनाथले भानुभक्तलाई। धनञ्जय आचार्यका छोरा भानुभक्तको जन्म तनहूँमा भएको थियो। यिनका यौवनावस्थाको अधिकांश भाग पाल्पा र काठमाडौंमा बितेको थियो। यिनले कविता गर्न शुरू गरी पहिले अध्यात्मरामायणका बालकाण्डको पद्यानुवाद गरेका थिए। १०।१२ वर्षपछि थुनुवा घरमा कविता लेख्ने अवसर भेट्टाई अरू काण्ड पनि लेखेका थिए। चक्रधर पोखऱ्यालका छोरा रघुनाथ भट्टको जन्म काठमाडौं नक्सालमा भएको थियो। यिनले सप्तरीजिल्लान्तर्गत नरभौंमा आफ्नो यौवनकाल बिताए। उहाँपछि काशीमा गएर सुन्दरकाण्डको पद्यानुवाद गरेका थिए। उहीं (काशीमा) भानुभक्तका मरणभन्दा तीन वर्षपछि यिनको जीवनलीला समाप्त भएको थियो। यी दूध पोखऱ्याल थिए। खापाली पानी पोखऱ्याल पृथ्वीधरकी छोरीसित यिनको विवाह भएको थियो र ससुरालीको आश्रय लिएर यी नरभौंमा बसेका थिए। ससुरा ज्वाइँको एउटै थर हुँदा असजिलो अनुभव भयो र यिनले आफूलाई भट्ट कहलाएका थिए।

भानुभक्त पहिला पटक नेपाल आउँदा रघुनाथ नरभौंमा पुगिसकेका थिए । भानुभक्तको आवतजावत काठमाडौंदेखि पाल्पासम्म मात्र हुन्थ्यो। यिनले काशी नगरीको दर्शन पाएका थिएनन्। यस कारण यी दुइ कविमा परस्परको परिचय र भेट-घाट हुन पाएको थिएन।

यी दुवै कविभन्दा पहिलेका विद्यारण्यकेशरी, वसन्त आदिले श्रीकृष्णलीलाको आधार लिएर कविता रचेका थिए। यी कवि-हरूको समय आनन्दमय हुनाले श्रीकृष्णलीलाको मस्तानीमा डुब्ने अवसर पाएका थिए, तर भानुभक्त र रघुनाथको जीवनकाल शान्तिमय थिएन। शायद भानुभक्तलाई आरम्भमा नै कुनै मान-सिक चोट परेर बालकाण्डको अनुवाद शुरु गरेका थिए। अर्को ठूला मानसिक चोट परेका समयमा अरू काण्ड लेखेको कुरा त इतिहासप्रसिद्ध छ । रघुनाथलाई पत्नीवियोगको ठूलो चोट परेको थियो, सन्तान थिएनन्, फेरि विवाह गर्ने उमेर थिएन। यस पत्नीवियोगका शोकमा यिनले सुन्दरकाण्ड लेखेका हुन् । यिनले अरू काण्ड पनि लेखेका थिए भन्ने कथा सुनिन्छ तर यस कुरामा सहसा विश्वास लाग्दैन।

आपत्तिका समयमा कविका मुखबाट जो उद्‌गार निस्कन्छ, त्यसमा कविको हृदय स्पष्ट झल्कनु स्वाभाविक छ। कविको क-विता गर्ने शक्तिअनुसार त्यो स्पष्टता कम बेसी मात्रामा झल्केको देखिन्छ । यस विषयमा देखिएका यी दुइ कविहरूका कविता यहाँ दिनु अनुचित होवैन । भानुभक्तले कुमारीचोकमा थुनिंदा कम्याण्डर–इन्–चीफ जनरल कृष्णबहादुर राणाका हजूरमा आफ्ना हृदयको वेदना यस तरहले प्रकट गरेका थिए:—

" स्वामित् आज हजुर्हरू पृथिवीमा मालिक्
हुँदामा पनी
ब्राह्मण्को व्रतबन्ध अड्कन तयार् देख्याँ र मालिक्
भनी ॥
जाहीरात गर्‍याँ प्रभू हजुरमा जो मर्जि होला भनो ।
कण्ठैसित् भनि मर्जि हुन्छ त भन्या क्याहुँ सहन्छु
पनी ॥ "

रघुनाथले आफ्नो पत्नीको चिता बगाइसकेपछि यस किसिमले शोकोद्गार प्रकट गरेका थिए—

"सबै भन्थ्या स्नान्ले अशुचि चिज हुन् शुद्ध गरिन्या ।
छुयाँ मैले मुर्दा भनि म नदि भित्रै गइ डुब्याँ ॥
फुट्याकै छ ऐलें मुल खुलुलु क्या खोज्नु तँसिलेँ ।
भनो वैरिन्छस् क्या नयनजल यस्ता तवरलें ॥ "

भानुभक्तले आफ्ना मनको भाव छर्लङ्ग देखाउन सकेका छन् । रघुनाथले भाव गहिरो गराउन खोज्दा दुर्बोध हुन आएको स्पष्ट छ । यस्ता फुटकर पद्यसिवाय यी दुवै कविका मौलिक कविता पाइँदैनन् । यस कारणले यिनीहरूको कवित्वशक्तिको तुलना गर्ने उपाय छैन । यी दुवै कविका अध्यातमरामायण सुन्दरकाण्डको भावानुवाद हुनाले अनुवाद गर्ने योग्यताका विषयमा तुलना गर्न प्रशस्त सकिन्छ । यसै उद्देश्यलाई लिएर यो तुलनात्मक निबन्ध लेखिएको छ ।

यस निबन्धमा अध्यात्मरामायण सुन्दरकाण्डको संस्कृत पद्यका बदलामा कवि भुवनप्रसाद ढुंग्यालको छायानुवाद राखिएको छ। भानुभक्तका रामायणको अनेक संस्करण प्रकाशित भएका हुनाले बाबु सूर्यविक्रम ज्ञवालीले सम्पादन गरेका कलकत्ताबाट (सम्बत् १९८९ मा) प्रकाशित भएको अन्तिम संस्करणबाट उद्धरण दिइएका छन्। रघुनाथीय सुन्दरकाण्डको पछिल्लो संस्करण पण्डित दीनानाथले सम्पादन गरी दार्जीलिङबाट प्रकाशित भएको हुनाले यसैबाट यहाँ उद्धरण लिइएका छन्। निज सम्पादकजीले रघुनाथलाई भानुभक्तभन्दा धेरै अगाडिका र आदिकवि हुन् भन्ने विषयमा बड़ो जोर दिएका छन्। तर यस दुराग्रहका विषयमा खलबल्ल चलाउने प्रसङ्ग यो होइन।

तुलनात्मक सुन्दरकाण्ड

पहिलो सर्ग

भानुभक्तले सुन्दरकाण्डका आरम्भमा मङ्गलाचरण दिएका छैनन्। रघुनाथले भने मङ्गलाचरणको यो पद्य दिएका छन्—

" अगम बल लगाया सिन्धु गोखुर् बनाया ।
असुरदल जलाया मेरुकाया बनाया ॥
सुमति गुण चलाया धन्य ती फेरि आया ।
कपिपति कहलाया रामको प्रेम पाया ॥ "

यस मङ्गलाचरणपछि भानुभक्त र रघुनाथका अनुवादहरू प्राय: एकैनाससँग सँगसँगै गएका छन्—

मूल— " शय योजनको चौडा, सागर् मकरको घर ।
हुँदो भो नाघने हर्ष, हनुमान्कन निर्भर ॥ १ ॥
परात्मा राममा ध्यान् दी, यो वचन् भन्दछन् तहाँ ।
हेरुन् वानर वीर् सबले, जाँदो आकाश् गतीमहाँ ॥ २ ॥
अमोघ रामले छाडेको, महाबाण भन्नी इनी ।
रामको पत्नि अहिल्यं, देख्छू जनकनन्दिनी ॥ ३ ॥
कृतार्थ छू कृतार्थैले, दर्शन् फेर् गर्छु रामको । "

रघु—" सय योजन् भनित प्रमाण् कह्याका ।
मकरादी जलजन्तु घेर् भयाका ॥
जलधी पार हुनै भनी कुद्याका ।
हनुमान् संशय तेजि खुस भयाका ॥ १ ॥

ध्यान् राखी परमात्म रामपदको भन्दा भया दिल् घडी ।
वानर् हो ! मजिलाइ हेर अहिले जाँदा गगन्मा उडी ॥
सीताको पनि पाउन्यैछु दरसन् ऐहे कृतार्थै भञा ।
फेरी फर्कि म रामका चरणमा पुग्न्याछु जानी लिञा ॥२॥"

भानु—"तर्छू क्षारसमुद्र आज सहजै भन्न्या इरादा धरी ।
श्री राम्का चरणारविन्द मनले अत्यन्त चिन्तन् गरी ॥
भन्छन् वीर्हरुलाई ताहिं हनुमान् हे वीर हो! पार् तरी ।
सीताजीकन भेट्दछू म अहिले जान्छू बडो वेग् धरी ॥ १ ॥"

मूल साढे तीन पद्यको अनुवाद रघुनाथले दुइ पद्यमा र भानुभक्तले एकै पद्यमा गरेका छन् । पहिला पद्यको अनुवाद रघुनाथले एक पद्यमा गरेका छन्, तर त्यसमा मूलमा नभएको 'संशय तेजि' शब्द बढ्ता आएको छ । क्रियापद पद्यभरमा नहु-नाले दोस्रा पद्यसँग यो जुँधिएको देखिन्छ । यस पद्यको छन्द

कुनै संस्कृत छन्दसँग नमिल्ने हुनाले दीनानाथजीले यसलाई स्वतन्त्र छुट्टै छन्द मानेर यस तरहको छन्द सृष्टि गर्ने अधिकार कविहरूलाई दिएका छन। वास्तवमा तुकबन्दी मिलेर संस्कृतको छन्द बनेको भान रघुनाथलाई भएको अनुमान हुन्छ। यसरी नयाँ छन्द सृष्टि गर्ने विचार यिनको भए यस सुन्दरकाण्डका निमित्त अरू छन्द पनि सृष्टि गर्दा हुन्।

भानुभक्तका अनुवादमा सय योजनको चौडा र ग्राहहरूको घर भन्ने मूल पाठका समुद्रका विशेषण छुटेका छन्। मूल तीन पद्यको अनुवाद एक पद्यमा गर्दा यस तरहका विशेषण छोडिदिन आवश्यक पर्दछ, तर यसबाट मूलका भावको केही हानि हुँदैन।

मूल—"प्राण प्रयाणमा जस्का स्मरण्ले एक नामको ॥ ४ ॥
अपार भवसागर्को पार पुग्छ सहज्महाँ।
क्या फेरी तिनके दूत् हूँ छ औंठी उनकै यहाँ ॥ ५ ॥
ध्यान उन्के गरी सानू समुद्र डाक्तछु अनी।
येती भनी हात पुछर पसारी हनुमान् गनी ॥ ६ ॥
सोझो घाँटी नजर् माथी दी खुच्याई चरण् दुई।
उफ्र्या दक्षिण मुख् पारी वायुवेग जिती लिई ॥ ७ ॥"

रघु—'स्मरण् गर्‍या मर्‍या समयबिचमा राम भनि जन्।
अपार् संसार् सागर् तरि परमपद्मा पुगदछन् ॥
म दूतै हूँ तिन्को मसित सुनको औंठि उनको।
छ उन्कै ध्यान् राखी अलप जलधी पार् हुनु निको ॥४॥"

येती भनीकन पसारी भुजा कुद्याका ।
तेर्छो गलो तल नजर् पद खुम्च्याका ॥
दक्षिण् दिशातिर मुखै गरि गै गयाका ।
ती वायुवेग हनुमान धिरज् धऱ्याका ॥१॥ "

भानु—" पापी जन् पनि रामका स्मरणले संसार पार् तर्छन् ता ।
राम्कै काम निमित्त औंठी सँग ली जान्छु दुतै हूँ मता ॥
क्या डर् क्षारसमुद्र तर्न सहजै पौंचन्छु लङ्का भनी
चारै पाउ जमिन् विषे धसि कुद्या हेर्दै तमासा पनी ॥ २ ॥"

दक्षिण् तरफ् मुख गरीकन कुदून बस्ता ।
उपर् नजर् दि अघिका दुइ पाउ धस्ता ॥
सोझो गराइकन घाँटि कुद्या जसै ता ।
वायूसरी हुन गया हनुमान् तसै ता ॥ ३॥ "

यहाँ मूल तीन पद्यको अनुवाद दुवैले दुइ-दुइ पद्यमा गरेका छन् । अनावश्यक विशेषणहरू दुवैले छोडिदिएका छन् । 'सोझो घाँटी नजर् माथी ' का बदलामा रघुनाथले ' तेर्छो गलो तल नजर् ' भनी हनुमान्का आसनलाई नै खलबलाइदिएका छन् । यो यिनको भद्दा भूल स्पष्ट देखिन्छ । यस चौथो पद्यमा अनुप्रास भने बडो राम्रोसँग मिलाएका छन् ।

मूल —" आकाश्बाट अमर् सब्ले छिव्यांजी हेर्दै थिया ।
वायुवेग् वायुसुतको देखी आश्चर्य मान्लिया ॥ ८ ॥
परीक्षा गर्न कपिका बलको भन्दछन् तहाँ ।
जान्छ यो बलियो वानर् पवन्सरि गगन्महाँ ॥ ९ ॥
जाचौं बल् सक्छ सक्तैन लङ्का पस्न भनीकन ।
यस्तो विचार् गरी नाग्की माता ती सुरसाकन ॥ १० ॥
भन्दछन् देवता सब्ले हर्षले भइ तत्पर ।
गएर वानरेन्द्रैको केही विघ्न तिमी गर ॥ ११ ॥
जानी तिन्को बुद्धिबल आऊ चांडो गरो यहाँ ।
अन्हाएकी गइन् चाडो विघ्न गर्न भनी तहाँ ॥ १२ ॥"

रघु—" त्या देखी देववार्ता कति नकति भया वायुवेग्ले गयाको ।
लङ्कामा पस्न सक्न्या छ कि छइन भनी बुझ्न मन्सुब भयाको ।
तेस् बेला नागमातातिर फरकि सबै देवताले भन्याको ।
बानर्को विघ्न केही गरिकन बुझिआऊ बूधिबल जो भयाको ॥६॥"

भानु—"आकाश् मार्ग गरी कुदेर हनुमान् उड्थ्या ति आकाशमा ।
सिताजीकन भेटि फर्किकन फेर् राम्चन्द्रका पासमा ॥
पुग्न्या अक्कल बल् छ छैन इनको बूझौं सबै बल् भनी ।
इन्द्रादीहरुलै खटाइ सुरसा जल्दी पठाया पनी ॥ ४ ॥"

यहाँ दुवैले मूल पाँच श्लोकको अनुवाद एक एक श्लोकमा गरेका छन् । यसो गर्दा धेरै विशेषणहरू छोड्नुपरेकोले अनुवादहरू स्वतन्त्र कविता बन्न आएका छन् ।

मूल—" अगाडि मार्ग रोकेर भन्दछिन् हनुमान्सहाँ ।
आएर पस मुखभित्र झट्ट हे बुद्धिमान्! जहाँ ! ॥ १३ ॥
देवताले दिया भक्ष्य भोकी मकन यत् घरी । '

रघु—" हनूमान्को विघ्नै गरुँ भनि गयाकी उ सुरसा
बसी बाटो छेकी वचन कहनै लागि सहसा ॥
क्षुधा देखि मेरा अमरगणले भक्षण दिया ।
प्रवेश् गर् यै मेरो वदनविचमा क्यै मति भया ॥७॥ "

भानु—" जल्दी गै सुरसा अघिल्तिर बसिन् साम्ने हनूमानका ।
क्या भन्छन् हनुमान् भनेर खुसि भै कूरा गरिन् खानका ॥
भोकी धेर् दिनकी म खोजि हिडथ्याँ क्या खाँ अहारा भनी ।
पायाँ बल्ल यहाँ मिल्यौ तिमी त एक् साल्है भयाँ खुस् पनी ॥८॥"

यसमा देवताले दिएको भक्ष्य भन्ने विशेषण भानुभक्तले छोडिदिएका छन् । पद्यका शुरूमा 'जल्दी' भन्ने हिन्दी शब्दका बदलमा नेपाली 'झट्टै' शब्द राखिदिएको भए असल हुन्थ्यो ।

मूल—" भन्छन् हनुमान् हे मातर् म ता राम हुँकु धरी ॥ १४ ॥
जान्छू जानकिजी देख्न फेरि फर्कर झट् वहाँ ।
राममा कुशलै तिन्को भनि तिम्रा मुखैमहाँ ॥ १५ ॥
पस्नेछू देउ लौ मार्ग सुरसे ! दण्डवत् छ लौ । "

रघु—" त्यो सुन्दा हनुमानले पनि भन्या श्रीरामका काममा ।
जान्छू जानकिलाइ खोजन भनी फिर्न्याछु छिनमात्रमा ॥
सीताको समचार् सुनाइ सहसा श्रीरामका कानमा ।
वाँ देखी मुखमा प्रवेश गरुँला खुसू हौ नमस्कारमा ॥८॥"

भानु—"आऊ लौ पस मूखमा भनि जसै बोल्या
हनुमान् तसै ।
भन्छन् आज सिता न भेटिकन ता पस्तीन
मुख्मा कसै ॥
सीता भेटि म फर्कुँला र रघूनाथ्ज्यूका
हजुर्मा गई ।
बिस्तार् बिन्ति गरेर आइ पसुँला तिम्रो अहारा
भई ॥ ६ ॥"

रघुनाथका पद्यमा मूलमा नभएको 'कानमा' शब्द अनावश्यक देखिन्छ । झट्ट फुर्सत लिएर दर्गुनाका निमित्त सुरसालाई नमस्कार गरेको जुन सुन्दर भाव मूलमा देखाइएको छ त्यसलाई भानुभक्तले छोडिदिए तापनि रघुनाथले बचाएका छन् ।

मूल—"यो सुनी सुरसा भन्छिन् भोकी छू मान्दिन म लौ ॥ १६ ॥
पसेर मुखमा जाऊ नता खानेछु लौ म ता ।
भन्छन् सुनेर हनुमान् लौ मुख बाऊ पसौं कता ॥ १७ ॥
पसेर तिम्रा मुखमा जान्छु झट्ट गरी अब ।
येती भनी चार कोस्को देह धारी बस्या तब ॥ १८ ॥"

रघु—"येती भन्याकि सुरसा हनुमानजीले ।
भन्दी भयी वदनमा पसिजानु तैंले ॥
नाहीं भन्या तँकन खाइ दिन्याछु मैले ।
ऐल्हे मलाई पनि भोक बडो हुनाले ॥९॥

त्यो सुन्निमात्र बजरंबलिले भन्याको ।
मुख् बाउ पस्दछु र जान्छु म वेग् लियाको ॥
येती भनी सरिर योजनको तुल्याया ।
ती रामदूत हनुमान कहाँ डराया ॥१०॥"

भानु—"यस्ता बात् सुनि भन्दछिन् ति सुरसा मेरा मुखैमा पसी ।
निस्की जाउ नहीं भन्या म बलले पक्रैर दाम्हा धसी ॥
माछू येति भनिन् र लौ तब यहाँ मुख् बाउ चाँडो भनी ।
चार् कोशको त शरीर् गरीकन बस्या आफू हनूमान् पनी ॥७॥"

मूलका अढाई पद्यको अनुवाद भानुभक्तले एकै पद्यमा सिद्ध्याएकोमा रघुनाथले दुइ पद्य लगाउँदा मूलमा नभएको 'ती रामदूत हनुमान कहाँ डराया' भन्ने अनावश्यक वाक्य थप्नुपरेको छ ।

मूल—" देखी रूप हनूमान्को विस् कोस् बाइन् मुखं अनी ।
देखी चालिस कोस् रुपका भया झट् हनुमान् पनी ॥ १९ ॥
अनी अशी कोश ठूलो मुख लाई बसिन् तहाँ ।
भया एक् सय विस् कोस्का हनुमान् कमि छन् कहाँ ॥ २० ॥"
सुरसा देखि त्यो रूप दो सौ कोश मुख गरिन् जसै,
मुख देखेर हनुमान् औंठा सरि भया तसै ॥ २१ ॥
मुख्मा प्रवेश गरी तिन्का फेर् निस्ली साम्नु भैकन । "

रघु—' त्यो देखी पाँच योजन् वदन उ सुरसाले बढाई बनायी।
दस् योजन्का हनूमान् तब वदन बडो बीस योजन् गरायी ॥
तिस् योजन्का हनूमान् तब वदन पचास् योजनैको तुल्यायी,
औंठा झैं भै पस्याका बहिर भइ कपी भन्न लाग्या भुलायी॥१२॥'

भानु—" चार् कोश्का हनुमान देखि सुरसा बिस्
कोसको मुख् गरिन् ।
चालिस् कोस् हनुमान् भया र असि कोस्
मुख् फेरि जल्दी धरिन् ॥
जल्दी फेर् हनुमानले छ बिस कोस्को रुप्
गराई बस्या।

फेर् दूई सय कोस् मुखै जब गरिन् अङ्गथ
झैं भै पस्या ॥ ८ ॥
निस्क्या जल्दी र भन्दछन् ति हनुमान्…।"

रघुनाथका अनुवादमा 'बहिर' शब्दको जो प्रयोग भएको छ त्यसबाट 'बाहिर' भन्दा 'बहिरो' भन्ने अर्थ झल्काउनाले अनुचित्त प्रयोग देखिएको छ।

मूल—" प्रवेश गरि लौ निक्ल्याँ मुखमा देवि ते नमः ॥ २२ ॥
देखी यस्ता कुरा गर्न्या भन्छिन् ती हनुमान छयौ।"

रघु—" मता तिम्रा तेस्ता मुखभितर गै बाहिर भञा।
नमस्कार् यो मेरो तिमिकन छ जान्छू अब गञा ॥
भन्याको सुन्दामा सहज सुरसा त्यो छकित भै ।
शुभाशीर्वाद् गर्दै कपिसित उ विस्तार् कहँदि भै ॥ १२ ॥ "

भानु—" … …………………हे देवि ! मुखमा पसी ।
निस्क्याँ जान्छु म ता अवश्य अब ता बन्दैन
काम् ता बसी ॥
अक्कल् बल्सितका वचन् जब सुनिन् यस्ता
हनूमानका ।
आफ्नू सत्य कुरो तसै सब कहिन् छाडिन्
कुरा खानका ॥ ९ ॥ "

भानुभक्तका अनुवादमा 'अवश्य अब ता बन्दैन काम् ता

बसी यो वाक्य मूलमा भन्दा बढ्ता लेखिएको छ। यसबाट कवितामा विशेष भाव भरिन आएको पनि छैन। परीक्षाबाट उत्तीर्ण भएपछि हनुमानले सुरसालाई नमस्कार गरेका जो सौन्दर्य मूलमा प्रकट गरिएको छ त्यसलाई भानुभक्तले छोडि- दिएका छन्, यो उचित देखिंदैन। यसै पद्यका उत्तरार्धमा 'अक्कल् बल् सितका' तथा 'छाडिन् कुरा खानको' भन्ने वाक्य पनि मूलदेखि बाहेकका र असङ्गत पनि देखिन्छन्।

रघुनाथले पनि 'शुभाशीर्वाद् गर्दै' भन्ने मूलमा नभएको वाक्य थपेका छन्। नमस्कारका बदलामा आशीर्वाद दिनु सौजन्यको काम हुनाले यसबाट कविताको भाव राम्रो हुन आएको छ। भित्र शब्दका बदलामा हिन्दी 'भितर' शब्दको प्रयोग भने उचित होइन।

मूल—"जाऊ कार्य गरी आऊ रामको बुद्धिमान छौ ॥ २३ ॥
म ता देव्ले पठायाकी तिम्रो बल्बुद्धि जाँचन।
सीता देखी फिरी फेरी देख्छौ रघुपती कन ॥ २४ ॥
येती भनी गइन् देवलोकमा वायुसुतै पनी।
वायु मार्ग लिई कुद्या गरुड् झैं बेगले अनी ॥ २५ ॥"

रघु—"पठायाको तिम्रो बल बुझ्न भनी देवगणले,
तसै कारण मैले बल बुझिलियाको विघनले।
उ सीताको दर्शन् तिमीकन त मिल्ला सहजले,
पुगौला श्रीरामका चरणतलमा त्यै सुमतिले ॥१३॥

येती भनेर सुरसा गयि देवलोक्मा,
बज्र बली ति हनुमान पनि सहज्मा।
जाँदा भया गरूड् झैं गरि ता गगनमा,
श्रीरामको मकन काम भनी मगनमा ॥१४॥"

भानु—" सकूछौ काम् तिमि साधि आउ हनुमान्
यो बल् छ तिम्रो भनी
चीन्ह्याँ भन्छु म इन्द्रका हजुरमा तिम्रे
पराक्रम् पनी
बल् बुझ्नै भनि इन्द्रका हुकुमले आयाकि
ता हूँ भनी
खुस् भै स्वर्गविषे गइन् ति सुरसा कूच
हनूमान् पनी ॥ १० ॥

भानुभक्तले एक पद्यमा गरेका अनुवादलाई रघुनाथले दु
पद्य लगाउँदा मूलमा नभएका वाक्य पनि थपेका छन् । त्यसबा
कविताका सौन्दर्यको वृद्धि नभए तापनि हानि भएको पनि छैन।
संस्कृतका 'विघ्न' शब्दलाई छन्द मिलाउनाका निमित्त 'विघन
गराउनु कविको कमजोरी हो ।

मूल - " मैनाक मणिपर्वत् थैं सागर् भन्छन् यती कुरा ।
जान्छन् ई बलिया वायू-पुत्र वेग लिई पुरा ॥२६॥
रामको कार्यसिद्धीमा तिन्को मदद् ह्वौ अब ।
खन्दा सगर्ले सागर् नाम् मेरो अघि भयो तब ॥ २७ ॥

तिनैका वंशमा जन्म्या राम दाशरथी जुन ।
तिन्कै काम् सिद्धिका निम्ति जान्छन् पवननन्दन ।।२८।।
उठ, जल्देखि तिमी झट् जाउन् विश्राम् गरी तहाँ । ”

रघु—“ तेस् बेला त समुद्रले पनि भन्या मैनाकका कानमा;
मेरो सागर नाम भो सगरले वृद्धी दिन्या कालमा;
तिनका वंशविषे त रामकि जनम् श्रीरामका काममा,
जान्छन् ती कपि जाउ पर्वत ! तिमी विश्रामका हेतुमा ॥१५

भानु—“जस्ले सागर नाम् धर्‍या मकन सो राजा सगर् जो गया,
तिन्का वंश महाँ विभूषण सरी श्रीराम राजा भया ।
तिन्का काम निमित्त आज हनुमान् जान्छन् इ लङ्का महाँ,
मैनाक् पर्वत ! निस्क जाउ तिमि गै विश्राम् गराऊ तहाँ ॥११॥ ”

रघुनाथले केवल अनुवाद मिलाउनाका निमित्त ‘कानमा’ भन्ने अनावश्यक शब्द थपी कवितालाई भद्दा गराएका छन् । हुन-त, मूलका साढे तीन पद्यको अनुवाद एकै पद्यमा गर्दा दुवै कविले मूलका ‘पवननन्दन’, दाशरथी’ आदि विशेषण छाडि दिएका छन् तर यसबाट विशेष गरेर भानुभक्तका पद्यमा कविताको सौन्दर्य बढ्न आएको छ ।

मूल—"हवस् येती भनी निकल्या अगला जल बिचै महाँ ॥२९॥
नाना छन् मणिका शृङ्ग माथी मानिस रूप् गरी।
भन्छन् जाँदा हनुमान्मा म मैनाक् हूँ महागिरी ॥३०॥
भन्दा समुद्रले तिम्रा विश्राम् निम्ति खडा भञा।
आऊ अमृत फल् खाऊ पाकेका अति छन् यहाँ ॥३१॥
एक् क्षण् विश्राम् गरि पछी जानूहोला सुखैसित।
येती सुन्दा खुसि भई भन्छन् मारुतका सुत ॥३२॥"

रघु-"तो मैनाक गया सुवर्णमणिका तेस्माथि नर् तन् थपी,
पौंचो ती हनुमान्का नगिचमा भन्दा भया हे कपी!;
सागर्ले म अह्राउँदा उठि गञा विश्राम क्यै पाउला,
आऊ फल्फुल खाउला तब तिमी छिन्भर् बसी जाउला॥१६॥
त्यो सुन्दा हनुमानले पनि भन्या............।"

भानु—"थाक्या हुन् हनुमान् बिसाई फलफुल् खाउन्
र जाउन् भनी,
भन्दा सागरका वचन् सुनि तहाँ निस्क्या ति
मैनाक् पनी;
आर्को एक मनुष्यको स्वरूप ली हात् जोरि
बिन्ती गऱ्या,
आई फल्फुल खाइ जाउ हनुमान् भन्दै अगाडी
सऱ्या ॥१३॥

आज्ञा सागरको हुँदा चरणमा आयाँ म ऐल्हैं
भनी,
मैनाकले यति बिन्ति बात् जब गऱ्या बोल्या
हनूमान् पनी ॥"

मूलमा 'मणिका शृङ्ग' भएको भन्ने पर्वतको विशेषणका ठाउँमा रघुनाथले सुवर्ण मणिकै मैनाक पर्वत भनी पर्वतका सौन्दर्यको महत्त्व घटाएका छन् । यो विशेषण भानुभक्तले छोडिदिएका छन्, तापनि कवितामा सौन्दर्यको केही हानि भएको छैन । मूलका 'मानिस रूप् गरी' का बदलामा 'नर् तन् थपी भन्ने भद्दा वाक्यको प्रयोग रघुनाथले गरेका छन् । 'हात् जारि' भन्ने क्रिया विशेषण भानुभक्तले थपेका छन्, तर उचित ठाउँमा थपेका हुनाले कविताको भाव सुन्दर बन्न आएको छ ।

मूल—" रामका काममा जाँदा कसरी खाउँ लौ म ता ।
गरूँ विश्राम कसरी जान्छु चाँडो छ काम् जता ॥३३॥
येती भनेर करले शिखर् छोई कपी गया ।"

रघु—"..........................श्रीरामका काममा,
जाँदामा; मञ्जिले त खान नहुन्या क्या बात विश्राममा;
जल्दी जानु छ जानकीकन पनी खोज्ना निमित्तै भनी,
कर्‌ले स्पर्श गरी गया ति हनुमान् पन्छी समान्‌का बनी॥१७॥

भानु—" राम्‌को काम् नगरी बसेर कसरी खान्छू
म जान्छू यसै,
हात्‌लें छुन्छु म लौ भनेर खुसि भै छोयेर
कूद्या तसै ॥"

रघुनाथका अनुवादमा "जल्दी जानुछ जानकीकन पनि खोज्ना निमित्तै भनो" र "पन्छी समान्‌का बनी" भन्ने यी वाक्य बढ्ता थपिएका छन्। यसबाट कविताको श्रीवृद्धि केही भएको छैन।

मूल—"केही दूर पुग्या फेरी छाया पक्रेर रोकिया ॥३४॥
सिंहिका नामकी घोरा जलबीच रही अती।
छायाबाट खिंची खान्थी आकास्‌मा हिंड्न्या जती ॥३५॥
तेस्‌ले पक्रिलिंदा चिन्ता हनुमान्‌मा अती पऱ्यो।
को विघ्नकारिले ऐल्हे मेरो वेग्‌ रोध्नै गऱ्यो ॥३६॥
देखिन्न कै पनी याहाँ मलाई विस्मयै गऱ्यो।
यस्तो विचार्दा हनुमान्‌को नजर्‌ तल्‌तिरै पऱ्यो ॥३७॥
तहाँ देख्या ठूलो ज्यूकी सिंहिका घोर रूपकी।
गिरी जलमहाँ चाँडो लात्‌ मान्या क्रोधले तपी ॥३८॥"

रघु—"केही दूर गया भयङ्कर वडी कै सिंहिका भेटियी,
तेस्‌ले वेग टुटाउँदा हुँदि अधोदृष्टी दिंदा देखियी;
छायाको ग्रहणै गरीकन पनी त्यो खान सक्न्या थियी,
पानीमा पसि लात मारि ति गया लङ्काकि सन्मुख्‌ भई ॥१८॥'

भानु—केही दुर्‌ हनुमान्‌ पुग्या पछी तहाँ एक्‌
सिंहिका राक्षसी,
छाया पक्रि उ जन्तु खैंचि बलले खान्थी जलै-
मा बसी;
छाया पक्रि उ तान्न लागि हनुमान्‌ज्यूको गती
बन्द्‌ भो,

कस्ले बन्द गऱ्यो गती भनि दिशा दस्मा
तसै दृष्टि गो ॥ १४ ॥

देख्या तल्तिर दृष्टि दोकन तहाँ जस्सै
नजर्मा परी ,
एकै चोट् दुइ लात् दिया र सहजै घुस्तुक्क
ताहीं मरी ; ”

रघुनाथका अनुवादमा लङ्काको बदलामा ‘लङ्काकि’ भन्ने अशुद्ध प्रयोग भएको छ। भानुभक्तका अनुवादमा मूलमा नभएको ‘घुस्तुक्क ताहीं मरी’ भन्ने वाक्य थपिएको छ तर ठीक ठाउँमा राखेको हुनाले कविताको भाव झन् राम्रो हुन आएको छ।

मूल—“फेरी उफ्रेर हनुमान् दक्षिण् मुखले गया तहाँ।
दक्षिण् किनारमा पौंच्या नाना फल् वृक्ष छन जहाँ ॥३९॥
नाना पक्षि मृगै धेँ नाना पुष्प लता भरी।
तहाँ पछी नगर देख्या त्रिकूटाचल् शिखर् परी॥ ४०॥

रघु—‘ ति जाँदा जाँदामा दखिन तिरका कौहि तटमा ;
पुग्या देख्या फल्फुल् बहुत मृग पन्छी नगिचमा ;
पछी देख्या लङ्का त्रिकुट परवतका शिखरमा , ’

भानु— “ ताहाँ देखि कुदी गया र हनुमान् पौंच्या
जसै तीरमा ,
लङ्कापूरि तहाँ त्रिकूट गिरिका देख्या उपर्
शीरमा ॥ १५ ॥

वरिपरि तहिं तोरैमा पनी वृक्ष फल्फुल् ,
भरि छ जउन वन्मा गर्दछन् पक्षिले गुल् ;
भ्रमरहरू लताका फूलमा हल्लि हल्ली ,
घुनुनु घुनुनु गर्दै हिंड्दछन् वल्लि वल्ली ॥ १६ ॥

नजर वरि परीको जो छ शोभा नजर् भो ,
त्रिकुट गिरि उपर्का पूरिमा फेर् नजर् गो ॥"

रघुनाथको अनुवाद सामान्य छ, तर भानुभक्तले उपवनका वृक्ष लताका बयान आफ्ना तर्फबाट बढाएर गरेका छन् । यसमा शब्द र रसको समेत माधुर्य भरिएको हुनाले रामायणका अधिकांश पाठकहरूलाई यो पद्य याद रहेको हुन्छ ।

मूल—"धेरै दुर्गम किल्ला छन् पर्खाल् धेरै वरी परी ।
लङ्कामा के गरि पसौं भन्न्या चिन्ता बहुत् धरी ॥४१॥
रात्रीमा सूक्ष्म रूप् धारी लङ्कामा पस्दछु अब ।
यस्तो विचार् गरी ताहीं वस्या रात् भो पस्या तब ॥४२॥
लङ्काद्वार् मा चलाकीले पस्या सूक्ष्म शरिर् लिइ ।"

रघु—"अनेक् पर्खाल् खावा चहुँदिस हुनाले गुपतमा ॥१९॥
हनुमान्का मन्मा दसवदनका यस् नगरिमा,
म रातीमा जाँला भनि उहिं रह्या बाँकि दिनमा ;
तहाँ देखी राती सरिर धरि सानू पसि गया ,
उ लङ्काका ढोका भितर मनराजी तब भया ॥ २० ॥

भानु— ‘ वरि परि परखाल् छन् बीच बिचमा छ खावा ,
सहज त अरूलें ता गर्न को सक्छ दावा ॥ १७ ॥

अति तखत पऱ्याको खुप् अगम् देखि लङ्का,
यहि घडि पसि जाँकी राति जाँ येति शङ्का ;
गरिकन ठहराया याहिं बस्छू र राती ,
सहज सित म जाँला जान ता राति जाती ॥१८॥

तहिं बसि यति गम्ले बाँकि दिन् सब् बिताई ,
दिन बिति जब रात् भो जान पाऊ चलाई ;
स्वरूप पनि ति सानू ली पस्याथ्या जसै ता ,”

रघुनाथका अनुवादमा ‘गुपत’ शब्द भद्दा र अशुद्ध पनि छ। यो शब्द वा यसको भावार्थ बुझाउने अर्को शब्द पनि मूलमा छैन। ‘दसवदनका यस् नगरिमा’, र ‘भितर मनराजी तब भया, भन्ने मूलमा नभएको वाक्य पनि रघुनाथले थपेका छन्। यसबाट कविताको सौन्दर्य वा रस केही बढेको छैन। मूलमा नभएका अनेक शब्द थपी भानुभक्तले अनुवाद गरेका छन्, तर त्यस थपनीबाट शब्दालङ्कार र अर्थालङ्कार पनि पैदा भई कविताको सौन्दर्य र रससमेत बढेको हुनाले यो पद्य पनि रामायणका पाठकहरूलाई प्रायः याद रहने भएको छ।

मूल—"तहाँ लङ्कापुरी साक्षात् राक्षसी रूपकी थिईं ॥४३॥
पस्ता हनुमानकन देखी हप्काउँछ्र अती ।
को होस् वानरका रूप्ले म लङ्का गरि तृण् जती ॥४४॥
पसेर चोर भैं रात्मा के गर्न्या मतलब् छ भन् ।
येती भनी लाल नयन् लाई लात् मारदी भइन् ॥४५॥
हनूमान्ले पनीं हान्या हेलै वाम् मुष्टिले गरी ।
तेसै वखत् गिरी भैंमा बमन गर्दै रगत् भरी ॥४६॥
उठेर भन्छिन् ती लङ्का बलिया हनुमान् महाँ ।"

रघु—" लङ्का ताहीं रहन्थी पुरि पनि सहजै राक्षसी भेस् बनाई,
ढोकामा त्यो पस्याको बुझिकन रिसले लाल लोचन् गराई;
को होस् यस्तो तँ बानर् भनि मकन अनादर् गरिस् भित्र जाई,
रातीमा चोर जस्तो भइकन तँ पस्याको कउन् काजलाई ॥२१॥

येती बोली र हानी सहज चरणले ती हनूमानलाई,
हान्दा बज्रङ्बलीले कठिन उ मुठिले लोटि सोणित बहाई;,
फेरी त्यो उठ्निमात्रै खुसि भयि र भनी हे हनूमान जाऊ"

भानु—"दगुरि नगिच आइन् लङ्किनी पो तसै ता ॥१९॥
को हो आज मलाइ केहि न गनी यो भीत्र जान्या भनी,
चोरै हो भनि लात् उठाइ रिसले एक् चट्टो त हानिन् पनी,
जल्दी वाम मुठो उठाइ सहजै ठोक्ता जमिन्मा परिन्,

छाड्दै ताहिं रगत् गिराइ झटपट् ऊठेर बिन्ती
गरिन् ॥ २० ॥

लङ्कापूरि त हुन् ति राक्षसि भई बस्थिन् सदा
द्वारमा,
जानिन् श्रीहनुमान् भनेर जब चोट् पाइन्
चलिन् सारमा ;"

रघुनाथले आफ्ना अनुवादमा बाइस श्लोकको दोस्रो पाउमा अर्थमा भ्रम पार्ने 'उ' शब्द थपेका छन्। छन्द पूरा गर्नाका निमित्त यस्तो निरर्थक शब्द जोड्नाले कवित्त्व शक्तिको कमी देखिन्छ। मूलका वाक्यसमूहका वाक्यलाई ठाउँ फेरी तथा केही वाक्य थपेर पनि भानुभक्तले आफ्ना पद्यानुवादमा कविताको सौन्दर्य बढाएको स्पष्ट देखिन्छ ।

मूल—"हनुमान् ! जाउ लङ्कामा जित्यौ लङ्कापुरी यहाँ ॥४७॥
भन्नू हुन्थ्यो अघी ब्रह्मा अष्टाविंशति पर्यमा ।
त्रेतायुग्मा दाशरथी राम नारायणै तहाँ ॥४८॥
जन्मने छन् योगमाया सीता जनक घर्महाँ ।
भूभार् हरणका निम्ती गर्न्याँ बिन्ती प्रभूमहाँ ॥४९॥
जानू हुन्छ महावन्मा भार्या भाई सँगै धरी ।
तहाँ सीता महामाया रावण् हर्नेछ छल् गरी ॥५०॥
पछी सुग्रीवका साथ्मा रामको मित्रता भई ।
सुग्रीवले जानकी दख्न भेज्ने छन् वानर गई ॥५१॥

रघु—"तिम्रो कल्याण होला मकन जिति लिन्यौ जानकी भेटि
आऊ ॥२२॥

मलाई ब्रह्माले अघि कहिदियाको सुन कथा,
हुन्याछन् त्रेतामा दशरथविषे राम सुपथा;
उनैकी माया हुन् जनकतनया भै जनमलिन्,
सुभार् हर्ना खातिर् म हुँ विनतो गर्न्या भइ मलिन् ॥२३॥

तसै कारण् भाई सँग भइ ति जालान् र वनमा,
तहीं सीतालाई दशवदन हर्न्या छ छिनमा;
पछी तिन्का मन्त्री अति कुशल सुग्रीव् ठहरिनन्,
उ सीताको खोजी गरन भनि मर्कट् फिंजिदिनन् ॥२४॥"

भानु—"लङ्किनी हुँ मलाई ता जिति गयौ यसले
सक्यो राज् गरी
रावणको त मरण् हुन्या वखत भो आयो
मरण्को घरी ॥२१॥
ब्रह्माजी अघि भन्दथ्या प्रभुजिको हून्या
छ रामावतार्,
हर्ला रावणलें सिता र रघुनाथ् सुग्रीव
थ्यैं मित्रचार्;
गर्नन् सुग्रीवले पनी दस दिशा सीताजोको
खोज् खबर्,

गर्नालाई पठाउनन् विरहरू छानेर खुप्
खुप् जवर् ॥२२॥"

रघुनाथको अनुवादमा वानरको तुच्छतालाई बुझाउने 'मर्कट' शब्दको प्रयोग नराम्रो देखिन्छ। भानुभक्तका अनुवादमा अघिल्ला दुइ पंक्तिको अनुवाद छुट्नु अनौठाको कुरा देखिन्छ।

मूल—" तिन्मा एक् वानरै राती आउनेछ नजिकमहाँ ।
हप्काउँदा त तिमीले मुष्ठिले हानला तहाँ ॥५२॥
त्यो चोटले तिमी मूर्छा हुन्याछौ जुन् वखत्महाँ ।
तेसै वखत् रावणको अन्त्य हुन्याछ लौ तहाँ ॥५३॥
तस्मात् अब जित्यौ लङ्का जित्यौ सब सहज्महाँ । "

रघु—" उनैमा एक् वानर् तिमीसँग उ पुग्न्याछ छलले,
तिमीले हान्दामा तिमीकन उ हान्न्याछ मुठिले;
उ वेथामा मेरा वचन पनि सम्झी बुझियला,
उसै वेलामा त्यो दसवदनको नास् गरियला ॥२५॥

भन्याको ब्रह्माले मकन पहिले हो सहि भयो,
जित्यौ लङ्कालाई सुन कपि! सबैलाई जितियो;

भानु—" तिन्मा एक् विर आउला र तिमीले लात
मारि थोली जसै,
हान्ला वाम मुठी उठाइ रगतै छाई गिरौली
तसै;

रावणको तहिं सम्म आयु छ भनी भन्थ्या
र सो बात् सुनी,
ब्रह्माको वचनै प्रमाण् गरी भन्याँ त्यो मर्छ
रावण् पनी ॥२३॥"

यहाँ दुवैको अनुवाद प्रायः एकैनासको देखिन्छ । रघुनाथले संस्कृत 'व्यथिता' शब्दको अनुवाद 'बेथा' गरेका छन् । भानुभक्तले मूलमा नभएका 'रगतै छाद्दै गिरौली' भन्ने वाक्य थपेका छन् तर प्रसङ्गानुकूल हुनाले यसबाट कविताको भाव झन् सुन्दर भएको छ ।

मूल—"अन्तःपुरमा रावणको क्रीडावन् छ ठुलो तहाँ ॥५४॥
अशोक वन् छ तेस् बीचमा दिव्य वृक्ष भरी जहाँ ।
तेसमा छ ठुलो वृक्ष शिंशपा नाम माझ् महाँ ॥५५॥
तहीं छन् जानकी रक्षित् घोरा राक्षसिले गरी ।
देखी गई राममाहाँ निवेदन गर झट् गरी ॥५६॥"

रघु—"उ रावण्का अन्तःपुरबिच छ लीलावन तहाँ,
अशोकैको गाछी पनि त बहुतै सुन्दर जहाँ ! २६ ॥

उहीं यौटा गाछी पनि छ सुन सुन्दर् सिमसपा,
उसै तल्मा सीता वरिपरि बडा राक्षसी खफा;
तिमी देखी आऊ रघुपतिसितै जाइ कहिद्यौ,
उ सीताको जस्तो विरह छ उ पर्कट् छ लगियौ ॥२७॥

भानु—" जाऊ भेट सिताजीलाई ति अगम् भित्री
बगैँचा महाँ
अश्शोक्का वनमा छ वृक्ष बढिया एक
शिंशपाको तहाँ;
ताहीं छन् प्रभुकी प्रिया वरि परी छन्
राक्षसीगण् पनी
भेटी गै रघुनाथ थ्यैं भन तिमी यस्ता विपत्
छन् भनी ॥२४॥"

सिसौको संस्कृत नाम 'शिंशपा' को भ्रष्ट रूप 'सिमसपा' शब्द रघुनाथले प्रयोग गरेका छन। भानुभक्तले संस्कृत नाम ज्युँका त्युँ राखेका छन्। रघुनाथले प्रयोग गरेका 'खफा' शब्द अप्रासङ्गिक छ। शायद यसै कारणले पाठ भेद 'खडा' मानिएको होला। अन्तःपुरमा रावणको क्रीडावन् छ ठुलो तहाँ' यस मूल वाक्यको अनुवाद भानुभक्तले छोडेका छन्। तर (छोड्नु उचित थिएन) नछोडेको भए पद्यको सौन्दर्य बढ्ने थियो।

मूल—"धन्ये भञा धेर् दिनमा त रामको,
स्मरण भथो यो भवपाश नाशको;
तद्भक्तको सङ्ग मिल्यो न पाइन्या,
राजो हउन् राम् हृदयैं कि वास् लिन्या ॥५७॥"

रघु—"म धन्यै हूँ ऐल्हे हरिकन त सम्झन्छु मनले,
इ संसार्का बन्धन् पनि त फुकि जान्छन् स्मरणले;
उनैका भक्त छन्यौ सँग रहनु दुर्लभ् मिलिगयो,
सधैं मेरा मन्मा हरि रहि रहुन् भन्दछु म यो ।२८॥

भानु—" धन्यै भयाँ म अहिले प्रभुको स्मरण् भो,
संसारको भय छ जो उ त आज दुर् भो;
जस्तो मिल्यो मकन सङ्ग र भक्ति ऐल्हे,
यस्तै रहोस् यहि म पाउँ न बिर्सुँ कैल्हे ॥२८

यहाँ दुवै कविका पद्यहरू मूलसँग प्रायः उस्तै मिलेका र सुन्दर पनि बनेका देखिन्छन् ।

मूल—"नाघे पछी सागर वायुसुत्ले,
सीता र रावण् दुइको त छुवले;
बाऊँ नयन् हात फुर्‍यो कुढङ्ग,
श्रीरामको फुर्दछ दक्ष अङ्ग ॥१८॥"

रघु—" वज्र'ले सिन्धु नाघ्दा सहज फुरिगयो वाम लोचन्
सिताको
रावण्को वाम बाहु दशरथसुतको दक्षिणाङ्ग फुर्‍याको;
रामायण्का कथाको प्रथम सरग यो हो इतिश्री भयाको
पाठ् गर्नु कार्यसिद्धि सहज गरिदिन्या सुन्दरैका-
ण्डमाको ॥ २९ ॥"

भानु—" जस्सै श्री हनुमान् पुग्या सहजमा लङ्का
समुद्रै तरी,
तस्सै जानकिको फुऱ्यो नजर वाम् हातै
समेत् खुप् गरी;
रावणको पनि वाम हात् नजर वाम् फुऱ्यो
रघुनाथको,
दक्षिण् अङ्ग फुऱ्यो तसै बखतमा खुस् मन
भयो नाथको ॥२६॥"

मूल एक पद्यको अनुवाद रघुनाथले आधा पद्यमा र भानुभक्तले पूरा पद्यमा गरेका छन्। रघुनाथले आधा पद्यको पुष्पिका थपी पद्य पूरा गरेर अध्याय समाप्त गरेका छन् । यी दुइ कविका अनुवादको अर्थ फरक छ ।

दोस्रो सर्ग

मूल—"अनी गया ति हनुमान् सुन्दर् लङ्का सहर्महाँ,
रात्रीमा सूक्ष्म तनु भै घूम्या पुरि भरि तहाँ ॥ १ ॥
सीताजी खोजिका काम्ले पस्या नृपभवन्महाँ,
कुना कोप्चा अगम् ठाऊँ घुम्या सब् हनुमान् तहाँ ॥ २ ॥
देख्यानन् जानकी सम्झी लङ्काका वचनै अनी,
गया ती हनुमान् चाँडो अशोक वनमा पनी ॥ ३ ॥

रघु—"गया ती लङ्कामा सरिर धरि सानू रजनिमा,
सबै ठाऊँ खोजी न मिलि ति गया राजगृहमा:
वहाँ देखी लङ्कावचन पनि सम्झ्या र मनमा,
गया त्यै बाटाले गरिकन असौका उ वनमा ॥ १ ॥"

भानु—" सानु रूप लिई पसी सब शहर् हेर्दै विचार्
खुप् गरी,
रावण्को दरबार् विशेष् गरि ढुंड्या कोठा र
चोटा गरी;
पायानन् र कता म जाँ भनि तहाँ मन्मा
विचार् भो जसै,
सम्झ्या लङ्किनिका वचन् र ति गया अश्शोक
वन्मा तसै ॥२७॥ "

रघुनाथका अनुवादमा सबै ठाउँमा खोजेर सीताजीलाई नपाउँदा राजभवनमा गए भन्ने जो भाव प्रकट गरिएको छ त्यो मूल अनुसार छैन। मूलमा यति हेरफेर गरेर पनि कविताको सौन्दर्य घटेकै छ, बढेको छैन । भानुभक्तको अनुवाद मूलानुसार भई जो भावपूर्ण बनेको छ, त्यो भनिरहनुपर्ने होइन ।

मूल—"कल्पवृक्ष भरी जस्मा रत्नका सिंढिका इनार् ।
नाना पक्षि मृगै भर्छन् सुन्का महलका त हार् ॥४॥
हाँगा झुक्याका फल्फुल्ले वृक्षहेरु भरी जहाँ ।
रुख् पिछे जानकी खोज्या हनुमान्ले जहाँ तहाँ ॥५॥
अति ऊँचो गगन् छून्या उत्तम् मन्दिर देखियो ।
मणिका शय छन् खम्बा विस्मित् भै मन् खुपै लियो ॥६॥

रघु—" सिंढी छन् वापी छन् सब रतनले तो जडित छन्,
हरिन् छन् पन्छी छन् कलपतरु छन् राज्महल छन्;
नुह्याका शाखा छन् फलफुल फुल्याका बहुत छन्,
असोको वन् येस्तो चहुँ दिस ढुँडी भो थकित मन् ॥२॥
वहाँ देखी देख्या वनबिच नृपैको उहि सदन्,
बडा सुन्दर् खम्बा मणिमय भयाका सयकरन् ";

भानु—" जो जो वृक्ष त इन्द्रका नगरिमा सो सो त
सब् छन् तहाँ,
रत्नैका सिंढि साफ् असल् जल पनी यस्ता
तलाऊ कहाँ;

फलफुलले अति भार् भयेर रुखका सब्का
ति हाँगा पनि,
लचक्याका भ्रमरा र पंछी बहुतै रुख्मा
बस्याका पनी ॥२८॥
बिच् बिच्मा सुनका हवेलि पनि छन् उच्चा
मणिका छ थाम् ,
जस्मा छन् कति गर्नु वर्णन जहाँ हेर्‍यो
तहाँ पक्कि काम्;"

मूलको सरल अनुवाद रघुनाथले गरेका छन् । भानुभक्तले इन्द्रका बगैंचाको तुलना दिएर आफ्नो पद्यमा मौलिकता झल्काएका छन्, तर मूलमा जो सौन्दर्यको बयान गरिएको छ त्यो रघुनाथका अनुवादमा जत्ति पनि भानुभक्तका अनुवादमा आएको छैन ।

मूल—" त्यो नाघेर गया फेरी केही दूर ति मारुति ।
देखियो शिंशपा वृक्ष रुखैं रुख्ले घनू अति ॥७॥"

रघु—" तहाँ देखी फेरी अलिकति गया दूर हनुमान,
वडो गाछी देख्या उहि सिमसपाको घन समान् ॥३॥"

भानु—" यस्तो सुन्दर वन् नजर् गरि सबै डुल्दै
हनूमान् गया,
देख्या सुन्दर शिंशपा र खुसि भै ताहीं ति
दाखिल् भया ॥२९॥"

यहाँ दुवैको अनुवाद प्रायः एकैनासका सुन्दर छन् । दुवैमा कुनै विशेषता देखिएको छैन ।

मूल—"घनू भे धाम् न छिरन्या स्वर्ण वर्ण चरा भ.ी।
तेसका फेदमा सीता राक्षसी छन् वरी परी ॥८॥"

रघु—" सुवर्णको वर्णै चिडइहरू छन् तेहि तरुमा,
उसैका छायामा बसि रुँदि रह्याकी विरहमा;
भयङ्कर् डर् लाग्दा असुरयुवती छन् खपक्रिमा,
उ सीतादेवीका वरिपरि बस्याका सहजमा ॥८॥"

भानु—"अधिक गभिर छाया सूर्यक ताप् न पस्न्या,
उपर अति पहेँला बेस् चरा मात्र बस्न्या;
वरि परि पनि नाना राक्षसीको छ घेरा,
रुख मनि तहिं सीता देखिइन् फेद् नेरा ॥३०॥"

रघुनाथले मूलमा नभएका विशेषण, क्रियाविशेषण थपी अनुवादको आकार बढाएका छन् तापनि, त्यसबाट कवितामा सौन्दर्य रत्तीभर बढेको छैन ।

मूल—"देख्या ती हनुमान् वीर्‌ले देवता झैं जमिन्‌महाँ ।
एकै झुल्ठो मलिन् दुब्ली मैला वस्त्र छ अङ्गमा ॥ ९ ॥
भैंमा सुती शोक गर्दी राम राम भनी भनी ।
रक्षा गर्ने त न मिली न खाइ दुवली पनी ॥१०॥
माझमा बसी हाँगाका देखेर भन्दछन् तिनी ।"

रघु—" ति ता दुब्लायाकी मलिन पहिरन् भूमि परदी,
बडो अप्सोच् गर्दी निशिदिन सधैं राम कहँदी;
दया गर्न्या कोही न भइ उपबासै ति रहँदी,
हनूमान् शाखामा लुकिकन उ देख्या कलपँदी ॥ ५ ॥

भानु—" भोकी मैलि निन्याउरी न त कपाल्
कोर्‍याकि सब् केश् उसै,
लट्टा मात्र गर्‍याकि खालि भुमिमा रूँदै
बस्याकी यसै;
राम् राम् राम् यति मात्र बोली रहँदी
देख्या र साना भई,
पात्का अन्तरमा लुक्या ति हनुमान् रूख्का
उपर्मा गई ॥३१॥"

रघुनाथको अनुवाद मूलको अनुसार सरलसँग भएको छ। भानुभक्तले सीताको अवस्था प्रकट गर्दा मूलमा नभएका विशेषणहरू जोडेका छन्। यसबाट कविताको सौन्दर्य र रस ज्यादै भरिलो हुन आएको छ। यस कारणले रामायणका पाठकहरूलाई यो पद्य पनि ज्यादा गरी कण्ठस्थ भएको हुन्छ ।

मूल—"कृतार्थ छू कृतार्थै छू देखी जनकनन्दिनी ॥११॥
मैल्यै साध्याँ राम काम परमात्मा छ जाहिर।
भयो किलकिला शब्द अन्तः पुर्‌देखि बाहिर ॥१२॥"

रघु—" देखी जानकिलाइ सेखि मनमा राखीं कृतार्थै भआं,
पेह्ले रामकि कार्य साधन गऱ्याँ मैले त भन्दा भया;
तेस्तै बीचमहाँ त शब्द सुनियो पुर् बाहिरै कानले,"

भानु—" भन्छन् श्रीहनुमान् तहाँ मनमनै ऐल्हें
कृतार्थँ भयाँ,
जो सीता कन देखि आज खुसिले सीता
समीप्‌मा रयाँ;
साध्याँ काम् पनि रामको भनि तहाँ खुसी
भयाथ्या जसै,
अन्तःपूरमहाँ भयो र खलबल् त्यो शब्द
सुन्या तसै ॥३२॥"

मूलमा अन्तःपुरदेखि बाहिर भएका किलकिला शब्दको ठीक अर्थ 'खलबल' भानुभक्तले पहिचानेका छन्। रघुनाथले खलबलका बदलामा 'शब्द' को प्रयोग गरेका छन्। यसबाट मूलको भाव पनि बिग्री कविताको सौन्दर्य घटेको छ। अन्तः पुरको अर्थ पनि 'पुर' (शहर) गरेका छन्। 'हनुमान् शहरभित्रै थिए, केवल अन्तःपुरदेखि बाहिर बगैंचामा थिए। यो एउटा यिनको (रघुनाथको) भद्दा भूल छ।

मूल—"क्या हो यो भनि भन्न् लुक्या वृक्षका खण्डमा वहाँ।
घेरा स्त्रीजनको लाई रावण् आयो अनी तहाँ ॥१३॥

दश् मुख् विस् हात् खुपै कालो गाजल्को पर्वतै सरी ।
देखी विस्मय मानेर पत्रमा लेपिया हरी ॥१४॥
रावण् राघवले मेरो मृत्यु हुन्छ कसो गरी ।
सीता निमित्त आयानन् राम के कारणे परी ॥१५॥
येही रित्को सधैं चिन्ता थियो रावणमा अति ।
तेही दिन गया रात्मा रावण् राक्षसका पती ॥१६॥"

रघु—"क्या हो यो भनि वृक्षपत्र बिचमा लीन् भै गया भीतिले ॥६॥

आयो रावण बीस हात दश मुख् काजल् समान्को थियो,
नाना स्त्रीजनका पनी समीपमा शोभायमान् देखियो;
त्यो देख्दा हनुमानका त मनमा आश्चर्य लाग्दो भयो,
गाछीका पनि पत्र भित्र दबिया रावण् उ जाँदो भयो ॥७॥

रावण्का मनमा त राम कहिले मार्नन् मलाई पनी,
सीताको अझ खोजि छैन कहिल्यै क्या कारणै हो भनी
येस्तो चिन्तन गर्दिखेर मनमा श्रीराम् सुमेर्दै थियो,
तेस दिन्का पहिलेकि रात्रिबिचमा·······।"

भानु— "क्याको शब्द भयो भनेर हनुमान् लुक्या ति झन् पातमा,
आयो रावण जल्दि ताहिं नजिकै सब् स्त्री लिई साथमा ;

कैल्हैं मर्छु म राम देखि अझ तक् सीता
हुन्याँ ता पनी,
आयेनन् रघुनाथ् भनेर रहँदा.............. ॥"

रघुनाथको अनुवादमा 'वृक्षपत्रबिचमा' लुक्ने कर्ताको नाम छुटेको छ। 'रावण् उ जाँदो भया' भन्ने अनावश्यक वाक्य पनि थपिएको छ। भानुभक्तको अनुवादमा दश मुख बीस हातको गाजल जस्तो कालो भन्ने रावणको विशेषण छुटेको छ, तर यो छुटाउनु योग्य थिएन।

मूल—" स्वप्नमा रामको दूत आई वानर तेस् घडी।
कामरूप धरी सानू हेरदो वृक्षमा चढी ॥१७॥
यस्तो अद्भुत् स्वप्न देखी स्वमनभै चिन्तना गरी।
कदाचित् स्वप्न होस् साँचो यो काम् गर्छु म यस् घरी ॥१८॥"

रघु— '.............. त्यो स्वप्न देख्दो भयो ॥ ८ ॥
श्रीरामैले पनि कहिं दिया बानरै आउन्याछन्,
ती कामूरूपी रुखबिच बसी सिम्सपा हेरन्याछन्;
देख्यो यस्तो सहज सपना त्यो बिचार् गर्न लाग्यो,
केहै साँचो पनि त सपना देख्छन् भन्न लाग्यो ॥ ९ ॥

साँचो मेरो पनि त सपना हुन्छ की पर्छ जानू,"

भानु— "............... देखेछ स्वप्ना पनो ॥ ३ ३॥
रामूको दूत अति वीर वानर अशोक् वन्
भीत्र आई पसी,

सीताजी कन देखिन्या गरि तहीं पात् भीत्र
लूकी बसी;
हेर्दो सुर् सब कामको खुसि भई स्वप्ना
मिलैथ्यो जसै,
साँचै हो कि भनेर दौरिकन झट् आयो नजि-
कमा तसै ॥ ३४ ॥

रघुनाथले मूलको वाक्य परिवर्त्तन गरेका छन् । यत्तिले केही हानि थिएन, तर मूलमा सिसौका रूखमा बसेर हनुमान्ले सीतालाई हेरिरहेको बयान छ । यिनले भने अर्थको अनर्थ गरेर हनुमानले 'सिम्सपा हेरन्याछन्' भनि लेखिदिएका छन् । भानुभक्तका अनुवादमा केही कसर देखिंदैन ।

मूल—"वचन्ले जानकी छेडी दुःखित् गर्छू म लौ अब ।
देखी सो वानर गई भन्न्या छ राममा तव ॥१९॥
येही चिन्ता गरी सीता नजिक्मा झट्ट गै गयो ।
नूपुर् किङ्किणिको शब्द सीताले सुनि डर् भयो ॥२०॥"

रघु—" सर्वेध्या छैं वचनशरले जानकीलाई हानू ;
हप्कायाको सुनि गइ कहोस् राम छयौ वानरे त्यो,
येस्तो मन्मा लिइकन सिताका समिप्मा पुग्यो त्यो ॥१०॥"

भानु— साँचै पो यदि हो भन्या असल भो दुर्वाच्य
बोल्छू जसै ,
सीतालाई यसो सुनेर रिसले जाला र भन्ला
तसै ;

मेरा दुष्ट वचन् सुनेर रघुनाथ् आयेर मार्नन् भनी ,
यस्तो निश्चय मन् गरो नजिक गै दुर्वाच्य बोल्यो पनी ॥३८॥

रघुनाथको अनुवादमा एक ठाउँमा प्रयोग गरे पुग्ने शब्दको दुइ ठाउँमा प्रयोग भएको छ। भानुभक्तका अनुवादमा मूल संस्कृत 'वाक्शर' को अर्थ 'दुर्वाच्य' लेखिएको प्रसङ्गको अनुकूलै छ। मूलमा दुर्वाच्य बोलिहालेको बयान यस ठाउँमा परेको छैन, तैपनि पछि दुर्वाच्य बोलेको बयान लेखिएको हुनाले यस ठाउँमा दुर्वाच्य बोल्यो भनी लेख्नु अनुचित होइन।

मूल—"सीता डरी लीन भइन् आफ्नै आत्मा महाँ तहाँ।
अधोमुख् भै अश्रु धरिन् रहिन् मन् धरी राम् महाँ ॥२१॥
रावण् पनि डरायाकी देखी भन्छन् सिताकन।
मलाई देखदै व्यर्थ आफैंमा लीन् भयौ किन ? ॥२२॥
राम ता वनचर् बिच्मा बस्छन् भाई सँगै अनी।
कदाचित् देख्दछन् कैले देखिन्नन् कहिल्यै पनी ॥२३॥
मैले ता धेर नै लोक भेज्याँ तिन्का खवर् महाँ।
खोज्दा पनी त देखिन्नन् यत्नपूर्वक् जहाँ तहाँ ॥२४॥"

रघु— "उ रावण् आयाको सबद सहजैमा बुझिलियिन् ,
डरायिन् आफैंमा सहज ति बिलाया झझि भयिन् ;
अधोमुख् भै आँसू नयन भरि भै राम सुमरिन्,
उ रावण्ले देख्यो जनकतनयाको मुख मलिन् ॥ ११ ॥

मलाई देख्दामा किन मलिन हुन्छयौ व्यरथमा,
भन्यो लक्ष्मण्का साथ् वनचरसँगै राम वनमा;
कदाचित् देखिन्छन् नतर कहिं ती देखिदँइनन्,
पठायाका मैले खबर लिन जान्या थकित छन् ॥ १२ ॥

भानु— "सीताजी पनि दुष्टलाई नजिकै देखी अधोमुख् गरिन्,
श्रीराम्का चरणारविन्द मनलें अन्तःकरण्मा धरिन्;
चुप् लागी जननी रहिन् जब तहाँ सो देखि रावण् पनी,
लाग्यो भन्न मलाई देखि किन है लायौ अधोमुख् भनी ॥ ३६ ॥

राम् मेरा पति हुन् भनेर तिमि पो भन्छयौ उ भन्छन् कहाँ,
मेरो हो यदि भन्दथ्या पनि भन्या आउनु पर्थ्यो यहाँ;"

भानुभक्तका अनुवादमा मूलका तेइस र चौबिसौं पद्यका सारांश पनि आएको छैन। यसका बदलामा 'राम् मेरा पति हुन्' इत्यादि आधा पद्य लेखेका छन्। यो लेखाइ पनि राम्रै देखिएको छ।

मूल—"के गर्छन् रामले सीते ! निर्माया तिमिमा छ नी ।
नजिक् राखेर आलिङ्गन् गरेका ति भया पनी ॥२५॥
छैन माया हृदयमा तिमीमा बुझ्छु कामले ।
तिम्ले दियाका सब भाग् तिम्रा गुण् पनि रामले ॥२६॥
भोगी अजान् सरी गर्न्या अधम् निर्गुण् कृतघ्न हो । "

रघु—" ति रामले क्या गर्छयौं तिम्रिपर दया छैन तिनको,
न ता उन्का मनमा स्मरण छ उ पैह्लो पिरतिको;
सँधै तिम्रा सङ्मा बसि सुख भयाको बिरसियो,
बडा तिम्रा यौवन् गुण पनि त तिन्ले बिर्सियो ॥१३॥
ति तेस्तै छन् पापी निरगुणि अधम् येति बुझियौं, "

भानु—" माया छैन तिमी उपर् नबुझि क्या शोक्
मात्र गर्छ्यौं उसै,
यौवन् व्यर्थ गयो विचार किन यो यौवन्
अफाल्छ्यौ यसै ॥ ३७॥"

रघुनाथका अनुवादमा ' तिन्ले बिरसियो ' भन्ने अशुद्ध वाक्यको प्रयोग भएको छ । यो ' बिर्सियो ' शब्द दोहोरिएर कविता भद्दा हुन आएको छ । भानुभक्तले यस ठाउँका मूलको अनुवाद नगरेर आफ्ना तर्फबाट आधा पद्य जोडेका छन् । यो पनि राम्रै छ ।

मूल—"सीते ! मैले तिमी ल्याञ्जा डुबेकी दुःखमा अहो ! ॥२७॥
आउथन् अझतक् निष्ठुर् निर्माया आउँथ्यो कहाँ ।

निर्बल् निर्मोहको मूर्ख पण्डित् छू भनि गम्कन्या ॥२८॥
नराधम् तिमीमा तिन्ले के गर्नन् भन भामिनी ! ।
तिमीमा अति आशक्त मलाई भज मानिनी ॥२९॥
देव गन्धर्व नाग् फेरी यक्ष किन्नरका परी ।
ममा मन्जूर् गन्या तिन्मा बस्नेछौ हुकुमै गरी ॥३०॥ "

रघु— " तिमीलाई मैले हरण गरदामा दुख भयो ;
असक् छन् ती तिम्रो खबर गरदैनन् अझ पनी,
ति पण्डित हुन् भन्न्या न भइ ममता मान् मति पनी ॥१४॥

अधम् तेस्ता छन् ती विमुख तिमिदेखी विपत्तिमा,
म ता लालच् राख्छू मकन भज लायक् छु तिमिमा ;
अमर् किन्नर् सर्प प्रभृति अरू गन्धर्वहरुका,
पियारी धेरै छन् घर भरि त मेरा पिरतिका ॥ १५ ॥

हुकुम् गन्र्या हौली सकल घरका नारिहरुमा ,
म भन्छू हे सीता ! तिमि त पर मेरा शरणमा ॥ "

भानु—"यौवन् व्यर्थ नफाल व्यर्थ मनमा शोक् गर्द-
छ्यौ यो कती,
मैलाइ पति मान आज तिमिले हुन्छू म
तिम्रो पती ;
मेरी पत्नि भयौ भन्या त सबकी मालीक्
हुन्या छौ म ता,

साँन्है प्रेम् गरि राखुँ ला बुझ अधिक् बेगूनि
छन् राम ता ॥ ३८ ॥
मानो मूर्ख कृतघ्न मानुष महाँ साँन्है अधम्
जो त छन्,
शक्तीका पनि कम् उ राम् पनि यहाँ आऊन
क्या सक्तछन् ;
तस्मात् छोड नराख राम्‌तिर...............। ”

रघुनाका अनुवादमा ‘ तिमीलाई मैले हरण गरदामा दुःख भयो ’ भन्ने लेखिएको मूलको ठीक विपरीत छ । दुःख पाएकीलाई मैले सुखमा ल्याएँ भन्ने रावणको भनाइ थियो तर तिमिलाई हरेर मैले ल्याउँदा दुःख भयो भनी रघुनाथले लेखेका छन् । मूल अनुसार देव, गन्धर्व, नाग, यक्ष, किन्नरहरूका स्त्री रावणका सुसारे थिए, प्यारी (प्रेयसी) थिएनन् । यी कविले सुसारे र प्यारीमा रहने अन्तर थाहा नपाउनु आश्चर्य हो । भानुभक्तका अनुवादमा मूलका अघिल्ला श्लोकका वाक्यका अर्थ पछिल्ला पद्यमा र पछिल्ला पद्यका अघिल्ला पद्यमा आएका छन् । सबै वाक्य आएका पनि छैनन् । मूलमा नभएका वाक्य पनि थपेका छन् । यसबाट मूलका भावमा केही फरक नभई कबिताको सौन्दर्य बढेको नै छ ।

मूल—“ रावण्का इ बचन् सूनी सीता रीस्‌ले जली तहाँ ,
भन्छिन् अधोमुख भई तृण राखेर बिच् महाँ ॥३१॥
राघव् देखि डरायर भिक्षु रूप धरि मृ बरू । ”

रघु — ' अधोमुख् भै बोलिन् तिरण बिच् राखिन र तिनले,
भिखारी भै गैथिस् मकन हरदाखेरि डरले ॥१६॥",

भानु—"..................................बहुत् यस्तो भनेथ्यो जसै,
लाल् लाल् नेत्र गराइ पूर्ण रिसले बोलिन् सीताजी तसै ॥ ३९ ॥

पाजी रावण ! बोल्दछस् कति बहुत् दुर्वाच्य बकबक् गरी,
राघव्देखि डराइ छल्न भनि एक् :सन्यासिको रुप् धरी;

रघुनाथका अनुवाद मूलको अनुसार छ। तर 'तिरण' का बदलामा 'तिरन' राखेको भए बुझिने हुन्थ्यो। भानुभक्तले मूलको भाव मात्र लिएर अरू शब्दावली आफ्नै लगाई अनुवाद गरेका छन्। रघुनाथको अनुवाद योभन्दा सुन्दर स्पष्ट झल्कन्छ।

मूल—"पछाडी दुइ भाईका कुकुर् झैं यज्ञमा चरू ॥२२॥
चोरी गरीस हे नीच ! त्यो फल् मिल्न्या छ झट् जुदा।
जुन् वखत् रामका शर्ले विदारण् शरिरै हुँदा ॥२३॥
चिन्ही मनुष्य राम्लाई जालास् यमपुरीमहाँ।"

रघु—" होम् गर्न्या हवि हर्दछे शुनि पनी जस्तो बडा यज्ञमा,
राम् लक्ष्मण् न हुँदा मलाइ तँ पनी हर्दी भइस् दुःखमा;

श्री रामका शरघातले सब सरिर् तेरो बिदारित हुँदा,
सीता मानुसि हो भनी भकन ता बुझ्लास् तँ
यमलोक् हुँदा ॥ १७ ॥ "

भानु—" जस्तै यज्ञविषे हवी कुकुरलें हर्छन्
उसै चाललें,
राम् लक्ष्मण् नहुँदा हरिस् तँ बुझिलें मलास्
यसै काललें ॥४०॥ "

मूलमा रामलाई साँच्चिको मानिस भन्ने भाव प्रकट गरिएको छ । त्यसका बदलामा रघुनाथले सीतालाई साँच्चिकै जनाना हो भन्ने भाव देखाएका छन् । मूलमा उपमा दिएका कुकुरलाई कुकुर्नी (शुनि) गराएका छन् । यो विपरीत भाव प्रकट गर्नु राम्रो देखिंदैन । भानुभक्तको अनुवादमा यो विशेष वाक्य छुटेको छ । उल्टो राख्नुभन्दा छोडिदिनु बेस ।

मूल—" शर्ले शोचेर वा बाँधी समुद्र जल सब् वहाँ ॥३४॥
भाईसाथ गरी चाँडो समर्मा मार्न तैंकन ।
श्रौनेछन् छैन सन्देह देख्न्यैछस् राक्षसाधम ! ॥३५॥
सपुत्र बलसाथ् मारी लानेछन् मकनै वहाँ ।
सीताका गालिले जाग्यो राक्षसैको पती तहाँ ॥३६॥
हात्ले खड्ग उठायेर छुट्यो चाँडो गरी तहाँ ।
मार्न जानकिजीलाई लाली छाई नयन्महाँ ॥३७॥

रघु—' सर् हानीकन सिन्धु शोषण गरी ती ओउन्याछन् हरी
सेना घेर बनाइ तैंकन सहज् मार्न्या तयारी गरी;

सीताले रिसले भनिन् कठिनको त्यो वाक्य कान्मा पर्‍यो,
हातमा खड्ग लियो र रावण उठ्यो मार्न्या तयारी गर्‍यो॥१८॥"

भानु—"सागर् शोषि कि साँघुलाई रघुनाथ् आयेर घेरा दिई,
तेरो वंश विनाश् गरेर पछि फेर् प्राण् खैंचि तेरो लिई;
लैजानन् रघुनाथ् मलाई भनि झट् दीइन् जवाफ् यो जसै,
लाल् लाल् नेत्र गराइ खड्ग पनि लीकाट्नै तयार् भो तसै॥४१॥"

मूलमा सागर सोस्ने वा बाँध्ने कुरा भएकोमा रघुनाथले बाँध्ने कुरा छुटाएका छन् । आखिरमा श्रीरामले समुद्रलाई बाँधेर नै लङ्का पुगेका हुनाले यो छुटाउनु उचित थिएन। मूल-अनुसार रामका साथ लक्ष्मण पनि आउँछन् भनी सीताले भनेकी थिइन्, तर दुवै कविले लक्ष्मणको नाम छोडिदिएका छन् । रावणलाई भय देखाउनाका निमित्त सीताले लिएको लक्ष्मणको नाम छुटाउन उचित थिएन । मूलमा छोरासमेत तिमीलाई मार्नेछन् भन्ने सीताको हप्की छ, तर रघुनाथले छोराको नाम छुटाइदिएका छन् ।

मूल—"रोकी मन्दोदरी भन्छिन् पतिको हित मन् धरी।
ई माइपी दीन दुःखी दुब्ली त्याग्नोस् कृपा गरी ॥१८॥

देव गन्धर्व नागैका धेरै छन् ई असल् परी।
पाऊँ हजुर्कनै भन्छन् मदूले लाली नयन् धरी ॥३६॥"

रघु— 'स्वामीका हितमा मन्दोदरि थियिन् तिन्ले निवारण् गरिन्,
दुःखी दीन छ मानुषी कृपण यो दुर्बल् छ सीता भनिन्;
गन्धर्वादि अनेक देवहरुका कन्या बडा सुन्दरी,
तिम्रो मनसुब पूरणा कन पनी हाजीर छन् हर्घरी ॥१९॥"

भानु—" मन्दोदरी विनति गर्न अगाडि सर्दी,
यो खड्ग टारुँ कसरी भनि चित्त धर्दी;
पाऊ परी कन बहुत गरि विन्ति लाइन् ,
सब् रिस् शमन् पनि गरायर खड्ग टारिन् ॥४२॥"

रघुनाथको अनुवाद मूलअनुसार ठीक छ। तर प्रथम पाउमा छन्दोभङ्ग हुन आएको छ। भानुभक्तले मूलको अनुवाद नगरेर कथाको प्रसङ्ग मिलाई यो पद्य लेखेका छन्, तर यो नयाँ पद्यभन्दा रघुनाथको अनुवाद रसिलो देखिन्छ।

मूल—"अनी भन्छन् दशग्रीव नजर् दी राक्षसीकन।"

रघु—" मन्दोदरीले तब खड्ग खोसिन्,
कारुण्यले जानकिलाइ पोसिन्;
आज्ञा गर्‍यो रावणले त फेरि,
हे राक्षसी हो! सुन बात मेरी ॥२०॥"

भानु—" हूकुम् रावणले तहाँ यति दियो हे
राक्षसी!"—,"

रघुनाथका अनुवादमा पद्यको अगिल्लो भाग मूलमा नभएको थपिए पनि प्रसङ्ग मिलेको छ ।

मूल—" मेरा वश् जे गरे पर्छिन् सीताजी राजि भै मन ।
तेस्तो यत्न सधैं गर्नू सम्झाइ डर् दिईकन ॥४०॥
दो मैन्हा भित्रमा सीता यदि मेरा वशै भया ।
मसँगै सब् राज्य सुख भोग्नेछन् दुःख सब् गया ॥४१॥
दो मैन्हा नाघिन गया यदि मेरा पलङ्महाँ ।
ब्यहानै काटि भोजन्को तर्कारी पारनू यहाँ ॥४२॥

रघु—" जतन् गर्नू तेस्तो ज़सरिकन सीता अति डरून्,
दुवै मैन्हा भित्रै पनि त यदि मेरा वश परून्;
रहुन् मेरा साथ्मा तब सकल सन्तोस् भइ गयो,
पकाई खान्याछू नतर म भनी रावण गयो ॥ २१ ॥ "

भानु—" .... ई सीता,
मैन्हा दूइ यसै बसुन् तब उपर् मेरा शयन्मा कि ता;
बस्निन् बस्तिन पो पनी भनि भन्या काटेर टुक्
टुक् गरी,
तर्कारी भुटुवा बनाउनु असल् मीठा मसाला
धरी ॥४३॥
मासु खाई म छोडुँला अझ पनी चेताउ---, "

मूलमा डराएर वा लोभ्याएर सीतालाई वशमा पार्नू भन्ने रावणको आज्ञा छ । रघुनाथले लोभ्याउने कुरा छोडिदिएका छन् । अरू अनुवाद पनि राम्रो हुन सकेको छैन । भानुभक्तले डराउने

र लोभ्याउने दुवै कुरा छोडी मूलको भाव मात्र आउने गरी अनुवाद गरेका छन्। चौथो पाउमा जो विशेष वाक्य थपेका छन् त्यो खूबै राम्रो देखिन आएको छ।

मूल—येती भनी गया रावण् स्त्री साथ् अन्तःपुर् महाँ।
घेरा दी राक्षसीहेरू सीता तर्छाउँछन् तहाँ ॥४३॥
एक भन्छे जानकीथैं तिम्रो यौंवन् वृथा गयो।
रावण् साथ गऱ्या मञ्जुर् नत्रा यौवन् सुफल् भयो ॥४४॥
अर्की भन्छे जली रिस्ले विलम्ब किन यो अव। ”

रघु—“ आया भीम स्वरूप राक्षसीहरू सीता डराउन् भनी,
तिन्मा राक्षसि एक बोलदि भयो यौवन ब्यरथ् भो भनी;
रावणका सँगमा रह्या हुँदि बडो तेरो सुफल् हो भनी,
आर्की राक्षसिले पनी उ बिचमा क्या यो विलम्बै भनी” २२

भानु—“ .... येती भनी,
रावण् फर्कि गयो ति राक्षसिहरू एक् मुख्
भया फेर् अनी;
एक् भन्छे किन व्यर्थ यौवन सक्यौ रावण्
गराऊ पती,
दोस्री क्या भनि उठ्तछे कि कति वार्
भन्छेस् तँ थाक्छेस् कती ” ॥ ४४ ॥

रघुनाथको अनुवाद मूलअनुसार र सुन्दर पनि छ। भानु-

भक्तको अनुवादमा भाव मात्र लिएको छ, तापनि सुन्दरतामा कम छैन ।

मूल—' ऐल्ह्य काटेर सब् अङ्ग सीताको भाग् गरौं सब । ४५॥
अर्की खड्ग उजाएर सीता काट्न तयार् भइ ।
अर्की कराल मुख् च्याती सीता डर् लाउँदै गई ॥४६॥
डर्लाग्दा राक्षसी यै रित् सीता तर्छाउँथ्या वहाँ ।"

रघु—" आर्कीले सब अङ्ग काट तिमि ता टुक्रटुक पारी भनी,
आर्की खड्ग उदाइ तेस् बिच गरी मार्न्या तयारी पनी;
आर्की भीमवदन् भयाकि रिसले मुख् बाइ बोल्दी भयी,
डर्लाग्दा सब राक्षसीहरु मिली तर्साउँदै छन् गई " ॥२३॥

भानु—" काट्नै पर्छ न काटि हुन्न भनि बात् गर्दै
थिई अर्कि ता,
हातमा ली तरवार दौडि पनि गै भन्दै म
काट्छु सिता
आर्की घोर् मुख बाइ डर् दिन नजिक् धाई
सिता थर्थैं जसै, "

रघुनाथको अनुवाद मूलसित मिलेको छ, तर चौथा पाउमा वर्तमान कालको प्रयोग गरेको उचित देखिंदैन । भानुभक्तका अनुवादमा मूलको भाव राम्रो आएको छ ।

मूल—"बिचारी त्रिजटा वृद्धा राक्षसी भन्दछिन् तहाँ ॥४०॥
सुन मेरा हित वचन् दुष्ट राक्षसी हो यहाँ ॥४८॥
न तर्साऊ ढोग देऊ रूँदी ई जानकी महाँ ।"

रघु—" सुन सब तिमी ऐल्हे राक्षसी हो ! म भन्छु,
वचन गर्न सबैको हित हुन्या त्यो कहन्छु;
पर चरण सिताका त्यो भनी तिर्जटाले,
अब जनि तरसाऊ ईश्वरी यी हुनाले ॥२४॥"

भानु—" बूढी राक्षसि एक् थिई र त्रिजटा, तेस्लै
हटाई तसै ॥ ४५॥
लागी भन्न अभागि दुष्टहरूहो ! क्या दुष्टको
छ मति,
गछा छोडि विरोध् न राख गर खुब् सीता-
जिको ता स्तुति;
पाऊमा पर दण्डवत् गर सबै मालिक् इनै
हुन् भनी,
मेरा आज वचन् लियौ भनि भन्या खुप
हीत होला पनी ॥४६॥"

रघुनाथले मूलको अनुवाद तीन पाउमा लिख्यापर चौथा पाउमा त्रि-
जटाका मुखबाट सीतालाई ईश्वरी कहलाएका छन्। यो सुन्दर कल्पना
हो। भानुभक्तले भाव मात्र लिएर अनुवाद रचिलो गराएका छन्।

मूल—" ऐल्हे मेरा स्वप्नमहाँ रामः कमललोचनः ॥४६॥
ऐरावत् शुक्ल हाथीमा चढी ली साथ लक्ष्मण ।
सबै लङ्का डढायेर समर्मा मारि रावण ॥५०॥
राखेर जानकी काख्मा बस्ता पर्वत् शिखर्महाँ ।"

रघु—"यसै वेला मेरा पनि त सपनाका समयमा,
लखन् श्रीराम् आया धवल गज माथी सहजमा;
जलाया यो, लङ्का दशमुखकनै मारि रणमा,
बगल्मा ली सीता परबत विषे राम सुखमा ॥२५॥"

भानु—" स्वप्नाको सुन भन्छु लक्ष्मण यहाँ श्रीराम् सिताका पती,
ऐरावत् उपरी चढेर सँगमा भाई लिई वीर् अती;
याहाँ आइ रिसाइ भस्म सब यो लङ्कै गराई दिया,
रावण् मारि सिता लिएर सँगमा पर्वत उपर् पो थिया ॥४७॥"

यहाँ दुवैको अनुवाद प्रायः एकनास र सुन्दर छ ।

मूल—" रावण् गोमय खाडिमा तेल्लाई नग्न भैन्तहाँ ॥५१॥
आफ्नै शिर्को लिई माला हुब्याका सब साथ् धरी,
विभीषण् एक् राम नजिक् बस्याका खुसि मन् गरी ॥५२॥
रामका पाउको सेवा गर्दा भक्ति अधिक् धरी ।"

रघु—" गोबर्को त तलाउमा डुबि गयो रावण् दिगम्बर् थियो,
तेल् मर्दन् पनि गर्दथ्यो सहजमा बान्धव् सँगैमा थियो;
श्रीराम्का सँगमा बिभीषण थिया आनन्दमा देखियो,
श्रीराम्का चरणारविन्दकि बडी सेवा ति गर्दै थिया ८६"

भानु—" रावण्गोमय कुण्डमा कुल समेत खुप्
तेलमर्दन् गरी;
बुड्थ्यो सब् मुड आफना उनि उसै मुड्को
त माला धरी;
श्रीराम्का नजिकै विभीषण थिया भक्ती
प्रभूको गरी,
गर्थ्या खूप टहल् बहुत् खुसि हुँदै तन् मन्
वचन् एक् गरी ॥४८।"

रघुनाथको अनुवादमा 'शिरको मालाका साथ डुबेको' भन्ने मूलको वाक्य छुटेको छ। भानुभक्तको अनुवाद मूल-अनुसार भएर बडो सुन्दर छ।

मूल—" सर्वथा रावणे रामले मारी सकुल भट्ट गरी ॥५३॥
विभीषण्मा रजाई सब् दिई सीता लि निर्भय।
कायमा राखि स्वपुरी जान्या छन् छैन संशय ॥५४॥"

रघु—"रावणै कन त मारि दिन्या छन्,
पुन पौम सब काटि दिन्या छन्,

तब् विभीषण हुकुम् गरन्या छन्,
राम जानकि मिली फिरन्या छन् ॥२७॥ ”

भानु—“ रामले रावणलाइ आज सहजै मार्छन्
कुलै साफ् गरी,
रावणको अब वृद्धि छैन यसको आयो
मरणको घरी;
रामका भक्त विभीषणै अब उपर् बस्नन्
यहाँ राज् गरी,
जस्तो हुन्छ हुकुम् सितापतिजिको सोही
शिरोपर् धरी ॥४९॥ ”

भानुभक्तको अनुवादमा मूलको ‘सीतालाई लिएर राम फर्कनेछन्’ भन्ने वाक्य छुटेको छ। यो छुट्नाले कथाको एक अंश नै छुट्न आएको छ। चौथा पाउ आफ्नै तर्फबाट थपेका छन्, तर त्यो पनि भद्दा र अनावश्यक छ। यसका बदलामा ‘सीता लीकन काखमा ति रघुनाथ फिर्नन् अयोध्यापुरी’ राखेको भए मूलको पूरा अनुवाद आउने थियो।

मूल—“ त्रिजटाका वचन् सूनी डर्दछन् राक्षसी सब।
चुप्चाप् भया ठाउँठाऊँ निद्राका वश् पऱ्या तब ॥५५॥
तछ्यिकी राक्षसीले सीता डर् विह्वलैं भई।
रक्षा गर्ने नपायेर दुःखले मूर्छामा भई ॥५६॥ ”

रघु—" तेस्ता ती तिर्जटाका वचन सुनि सबै राक्षसी ता डराया,
चुप्चाप् लागी रह्याका युवतिहरू सबै तेस् बखतमा निदाया;
सीता ती हप्किदप्की सुनिकन बहुतै विह्वलै भै रह्याकी,
आर्को आधार् न पाई बहुत उ दुखले मूर्छितै भै रह्याकी ॥२८॥"

भानु—" जस्तो स्वप्न भयो उ सब् भनि सक्याँ
येती भनी चुप् जसै,
लागी थी त्रिजटा ति बात् सुनि उभ्या सब्
राक्षसीगण् तसै;
निद्राका वशमा सबै परि गया सीता बहुतै
हुँदी,
आधार् कोहि न पाउँदी अधिक ताप् मानेर
निष्फल् हुँदी ॥५०॥"

रघुनाथको अनुवाद मूलअनुसार छ। भानुभक्तको अनु-
वादको चौथा पाउमा 'निष्फल' का ठाउँमा 'मूर्छित' राखि-
दिएको भए मूलअनुसार हुन्थ्यो।

मूल—"नयन् आँसू भरी पारी भन्छिन् चिन्ता गरी यती।
ब्यहाने राक्षसी खान्छन् मलाई छैन शक् रती॥
ऐल्हे मेरो मरण् होला के उपाय गर्‍या क्ती ॥५७॥

यै दुःखले, आकुल धेर होई,
[illegible]

पक्रेर हाँगो गरि मर्न निश्चय,
न जान्दि क्यैं मर्न उपाय भैं भय ॥५८॥ ”

रघु—“आँसुका धेर धारा नजर भर गरी चिन्तना गर्न लागिन्,
खान्छन् भोली बिहानै मकन भनी तहाँ तेस् बखतमा निदायिन्;
ऐल्हे मेरा मरण्को अवसर छ भनी मृत्युको युक्ति खोजिन्,
कण्ठस्वर् छाडि दुखमा डुबिकन त रुँदै जानकी मर्न आँटिन्॥२९॥”

भानु—“ भोकी शोक् गरि भन्दछिन् अब यहाँ ऐल्हे
कसोरी मरूँ,
इनका हात परेर मर्नु ननिको आफैं म
मर्छू बरू ;
तापूलें पूर्ण हुँदो उपाय अरु थोक् केही
न जान्दी कबै,
मनमा स्वस्थ न पाउँदी विरहलें देख्दी
अँध्यारो सबै ॥ ५१ ॥

राम्मा चित्त दियेर मर्नु बढिया मानेर
सीता तहाँ,
सुपिडन्या मतलब् लिई खडि भइन् पक्रेर
हाँगा महाँ ॥”

मूलमा भएका ‘ पक्रेर हाँगो गरि मर्न निश्चय ’ भन्ने

वाक्यको अनुवाद रघुनाथले छोडिदिएका छन् । यो छोड्नाले मूलको भाव नाशिन गएको छ । भानुभक्तका अनुवादमा मूलका "ब्यहानै राक्षसी खान्छन् मलाई छैन शक् रती" भन्ने वाक्यको अनुवाद छुटेको छ । रावणले दुइ महीनाको म्याद दिएकै थियो । यस कारणले सीताको यो विचार ठीक थिएन । यसैले भानुभक्तले छोडिदिएका होलान् । मूलका 'छाडेर डाँको चिरकाल रोई' भन्ने वाक्यको अनुवाद पनि यिनले छोडेका छन् । यो छोड्नाले करुणा रस सुख्खा हुन आएको छ । 'इन्का हात परेर मर्नु न निको आफैं म मर्छू बरू' र 'राममा चित्त दिएर मर्नु बढिया मानेर' भन्ने मूलमा नभएका वाक्य भानुभक्तले जोडेका छन् । यसबाट भाव रसिलो र गहिरो भएको छ । मूलमा नभएको 'मनमा स्वस्थ न पाउँदी विरहले देख्दी अँध्यारो सबै' भन्ने सीताको विशेषण पनि थपेका छन्, तर यो पुनरुक्ति स्पष्ट झल्कन्छ ।

पुष्पिकाको बदलामा रघुनाथले निम्न पद्य लेखेका छन् ।

"अध्यात्म रामायणका कथाको,
श्री शम्भुले पार्वति छ्यौ कह्याको ;
श्री जानकी छ्यौं हनुमान् पुग्याको,
यो सर्ग दोस्रो इति भै गयाको ॥३०॥"

तेस्रो सर्ग

—०—

मूल—"पाशो लाएर त्यागौं की शरीर् राम विना यहाँ ।
जीयेर फल् छ के मेरो राक्षस्गण्का विचैमहाँ ॥१॥
अधिक् लामू छ यो चुल्ठो पाशो पार्न भई गयो ।
सीताको निश्चयैं वुद्धी मरण् तर्फ गई गयो ॥२॥"

रघु—"गलापासो लाई अब मकन मर्नू परिगयो,
विना स्वामी राक्षस्हरु सित जियाको फल भयो ॥
अधिक लाम्रु चुल्ठो पनि त अब डोरी मिलिगयो,
भनी यस्तो मनमा जनकतनयाको दृढ थियो ॥ १ ॥"

भानु—" राक्षस्का बिचमा बसी जिउनु धिक् मर्नू
निको मर्दछू,
चुल्ठो लामु छ झुण्डिना कन यहाँ डोरी
त यै गर्दछू ॥८२॥
यस्तो निश्चय सुर् गरी कन सिता झुण्डीन
आँटिन् जसै ।"

रघुनाथको अनुवाद भद्दा हुन आएको छ । पहिला आधा पद्यको अर्थ निकाल्न पनि मुश्किल पर्दछ । चौथा पाउका अन्त्यको

क्रियापद 'थियो' का ठाउँमा 'भयो' लेखिएको भए प्रसङ्ग मिल्दथ्यो। मूलको 'राम विना' भन्ने सीताका उक्तिलाई भानुभक्तले छोडिदिएका छन्। यो छोड्नाले सीताको पतिभक्तिको एक अङ्ग टुट्न आएको छ।

मूल—"देखी केही विचार् गर्दा हनूमान भन्दछन् तहाँ।
शनैः शनैः सूक्ष्मरूपले पारी जानकि कान्‌महाँ ॥३॥"

रघु—"हनूमान् त्यो देखी जनकतनयाका करणमा,
पुऱ्याई स्वर् बोल्दा सब कहन लाग्या सहजमा॥"

भानु—"काम् बित्ला भनि सानु बोलि झटपट्
बोल्या हनूमान् तसै॥
भारत्वर्ष विषे मणी मुकुट झैं नाम् ता
अयोध्या भनी,
ठूलो एक शहर् थियो मणिमयी सुन्दर
बन्याको पनी ॥८३॥"

रघुनाथको अनुवाद मूलानुसार छ। सानो स्वर गराएर सीताका कानमा पुऱ्याए भन्ने मूलको जो भाव छ त्यो भानुभक्तले छुटाइदिएका छन्। "भारतवर्ष विषे" इत्यादि आधा पद्य व्यर्थमा थपेका छन्।

मूल—"इक्ष्वाकु वंशमा ठूला राजा दशरथै भया।
अयोध्याका पती तीन्का चार पुत्र भई गया ॥४॥

थिया देवै सरी सब् ती सबै लक्षणले भरी ।
राम लक्ष्मणूँ र भरत शत्रुघ्न नामले गरी ॥५॥ "

रघु—" इक्ष्वाकूका कुलैमा दशरथ अयोध्याधिपति छन्,
तिनैका छोराछन् अमर सम चारै सुमति छन् ॥३॥
उनैमा श्रीराम् हुन् लखन र भरत् सत्रुघन छन्, "

भानु—" इक्ष्वाकूका कुलैमा अति बलि दशरथ् वीर्
महाराज् रह्याछन् ,
तिन्का तिन् रानि मध्ये गुणि गुणि अति
विर् चार छोरा भया छन् ॥
जेठा राम्जी ति चार्मा उहिँ पछि त भरत्जी
र लक्ष्मण् इ तीनै,
भन्दा शत्रुघ्न कान्छा सकल गुण महाँ कम्ति
छैनन् इ कूनै ॥८४॥"

रघुनाथले अनुप्रास मिलाउनाका निमित्त दशरथलाई 'छन्' भनी वर्तमान् कालको अनुचित प्रयोग गरेका छन् । अरू अनुवाद मूलअनुसार छ । भानुभक्तले केही विशेषण थपेर मूलका भावलाई रसिलो गराएका छन् ।

मूल—" जेठा राम पिता वाक्यले आया दण्डकै महाँ ।
लक्ष्मण् भाइ सिता भार्या साथ लीयेर वन् महाँ ॥६॥ "

रघु—"गया श्रीराम् जेठा दशरथ पिताको लिंइ वचन् ।
व दण्डक् वन्मा गै चउध बरसै बस्नु भनि ता,
पिताको आज्ञा हो उ पनि सहजै मानिकन ता ॥३॥"

भानु—" जेठा राम पिताजिका हुकुमलें सब् राज्य
छोडी दिई,
वन्मा बस्न चल्या बहुत् खुसि हुँदै सीता
र लक्ष्मण् लिई ॥ "

सीता र लक्ष्मणलाई सँगमा लिएर राम वनमा गए भन्ने मूलको वाक्य भएकामा रघुनाथले सीता र लक्ष्मणको नाम हेलचक्र्याइँ गरी यहाँ छोडेर पछिका पद्यमा घुसारेका छन्। चौध वर्ष बस्नु र पिताको आज्ञा मानेको भन्ने जो वाक्य थपेका छन् यी पनि अनावश्यक छन्। भानुभक्तको अनुवाद बिलकुल सुन्दर छ।

मूल—" बस्या गौतमिका तिर्मा नाम पञ्चवटी महाँ ।
महारानी जनक्पुत्री सीताजी हरिइन् तहाँ ॥७॥
रामचन्द्र रहित् पारी दुष्ट रावणले गरी ।
आकुल् व्याकुल भै रामले खोज्नुभो शोक धेर् धरी ॥८॥"

रघु—" लखन् सीता साथ्मा गउतमि नदीका त तटमा.
बस्या श्रीराम योगीश्वर झैं भई पञ्चवटिमा ॥
तहाँ बस्दा लैगो दशवदनले जानकि हरी,
थियानन् तेस् वेला रघुवर ति आया घुमि फिरी ॥४॥

पियारी देख्यानन् अब त गरुँ खोजी भनि गया, ”

भानु—“ एक् दिन् पञ्चवटी गया प्रभु तहीं डेरा प्र-
भूको पऱ्यो,
रावणूले अति छल् गरी कन तहाँ सीताजि-
लाई हऱ्यो ॥५५॥
राम् लक्ष्मण् नहुँदा सिता पनि तहाँ चोरी
जसै ता हऱ्यो,
चोरी आज सिता हऱ्यो भनि बहुत खेद्
रामलाई पऱ्यो ॥
जान्थ्या खोजि सिताजिलाइ............ , ”

रघुनाथका ‘ गउतमि ’ र ‘ लैग्यो ’ शब्द खड्कने छन् । भा-नुभक्तले ‘ एकदिन् पञ्चवटी गया ’ भन्ने जो वाक्य लेखेका छन् ; त्यसबाट कथा नै गडबडिन्छ । पञ्चवटीमा रामको परिवार एक दिन मात्र डेरा गरी बसेको थिएन, धेरै दिन बसिसकेपछि रावणले सीतालाई हरेको थियो ।

मूल—“ जटायु पक्षिराज् भैंमा गिरेका ती नजर् भयो ।
तिन्लाई स्वर्ग पौंचाई सवारी ऋष्यमुक् गयो ॥९॥
सुग्रीवले गऱ्या मैत्री महात्मा राम साथ् महाँ । ”

रघु—‘ जटायू पन्छीराज् भुमिपतित देखी गति दिया ।
तहाँ देखी खोजी गरुँ भनि गया ऋष्यमुकमा,
तहाँ सुग्रीब्का साथ् भयि परम मैत्री सहजमा ॥ ५ ॥”

भानु—"..........वनमा फेला जटायू पऱ्या ,
तिन् माथी करुणा भयो प्रभुजिको ताहीं
जटायू तऱ्या ॥५६॥
भेट् सुग्रीव् सित भो पछीं प्रभुजिको लाया
मित्यारी पनो ,"

रघुनाथले 'मैत्री भयो' का बदलामा 'मैत्री भयि' भन्ने निरंकुश प्रयोग गरेका छन्। भानुभक्तले राम-सुग्रीवको मित्रता भएको ठाउँको नाम छोडेका छन् । त्यो नछोडेका भए बेस थियो ।

मूल—" तिन्की भार्या हरण् गर्न्या बालि बीर् मारि झट् तहाँ ॥१०॥
सुग्रीव्कन गरी राज्मा मित्रको ताप सब् हऱ्या ।
वानर्पति ति सुग्रीव्ले वानर् घेरै जमा गऱ्या ॥११॥
पठाया चौतर्फ् वानर् सीताका खोजिमा तहाँ । "

रघु—" उनैकी स्त्री तारा हरिकन लिन्या बालि बलिया.
थिया राम्ले मारी सकल सुख सुग्रीव्कन दिया ।
तसै ती सुग्रीव्ले खुसि भइ भन्या वानरहरू !
सबै जाऊ खोजी गर जनकजाको तिमिहरू ॥८॥ "

भानु—"बाली मारि रजाजि बकसनु भयो मित् हुन्
इ मेरा भनी ॥
वीर् वीर् वानर छानि सुग्रिवजिले सीताजि
खोज्नै भनी,

हुकुम् बक्सनु भो र वीर्हरु गया सीताजि
खोज्नै पनी ॥८७॥"

रघुनाथले आफ्नो अनुवादमा 'उनैकी स्त्री तारा हरिकन लिन्या बालि' भनी लेखेको बिलकुल अशुद्ध छ। तारा बालिकै स्त्री हुन्; सुग्रीवको पत्नीको नाम त रुमा थियो, जसलाई बालिले हरेका थिए। फेरि बालिलाई मारेर सुग्रीवलाई राज्य दिए भन्ने बदलामा 'सकल सुख दिया' भनी लेखेका छन्। सुख दिनु र राज्य दिनुमा धेरै फरक छ। यही राज्य दिएकै लेखिनु उचित थियो। भानुभक्तले मूलमा भएका 'तिन्की भार्या हरण् गर्न्या' भन्ने वाक्यको अनुवाद छोडिदिएका छन्, तर यसले कथा-प्रसङ्ग अथवा कविताका सौन्दर्यको हानि भएको छैन।

मूल—" म हूँ सुग्रीवको मन्त्री तिन्मध्ये एक वीर् यहाँ ।।।१२।।
आज्ञा सम्पातिका बात्ले चार् सौ कोश् सागरै तरी।
लङ्का निःशङ्कले घूम्याँ सीतादर्शन मन् धरी ॥१३॥"

रघु—"गया बानर् खोजी गरन तिनमाको पनि म हूँ,
तिनै ती सुग्रीवको अधिक म पियारो सचिव हूँ।
वचन् सम्पातीका सुनि जलधि नाघ्न्या पनि म हूँ,
सबै लङ्कामध्ये ढुँडि फिरि नदेख्दा कति कहूँ ॥७॥"

भानु—"तिन्मा एक् विर ता म हूँ म त यहाँ आयाँ
समुद्रै तरी,
सम्पाती सित भेट् हुँदा खबर भै उन्का
वचन्ले गरी॥

लङ्का दाखिल भै गयाँ छिन महाँ रामका प्रताप्ले गरी,
फुत्क्याँ लङ्किनि देखि निर्भय भई……॥”

रघुनाथको अनुवादमा मूलमा नभएको हनुमान्को विशेषण 'पियारो' अनावश्यक छ। चार सय कोश समुद्र तरेर आएँ भनी हनुमान्ले परिश्रम प्रकट गरेको कुरा यिनले र भानुभक्तले समेत छुटाएका छन्; नछुटाउनु बेस थियो। भानुभक्तले मूलको भाव मात्र लिएर नयाँ सुन्दर पद्य बनाएका छन्। यसमा मूलमा भएको सुग्रीवको मन्त्री हुँ भन्ने हनुमान्को वचन जोड्नु आवश्यक थियो।

मूल—“अशोक वन्मा विस्तार खोजदा शिंशपा रुख।
देख्याँ देख्याँ सिता ताहाँ शोकले त्याग्दि सब् सुख॥१४॥
रामकी महिषी देवी कृतकृत्य भञा अब।
येती भनी चूप लाग्या बुद्धिमान् हनुमान् तब॥१५॥

रघु—‘असौका यस् वन्मा तब पसि गञा खोजन भनी,
यहाँ देखी देख्याँ तरु सिमसपा यस् रुख मनी॥
सिता देख्याँ मैलें अब त कृतकृत्ये भइ गञा,
विपत्का सागरमा पनि डुबि रह्याकी बुझि लिञा॥८॥”

भानु—“…… अश्शोक वन्मा परी॥५८॥
देख्याँ सुन्दर वाटिका वरिपरि रुख् बेस्

लताले गरी,
बेर्‍याका चँहु ओर रत्न सरिका फल्‌फुल्
फल्याको भरी ॥
देख्याँ आज सिताजिलाइ र यहाँ आनन्द्
पायाँ भनो,
येती बिन्ति गरेर चुप् भइ रह्या ताहाँ हनु-
मान् पनी ॥५९॥"

भन्नुपर्ने कुरा भनिसकेपछि हनुमान्‌ले चूप लागेर विनय प्रकट गरेको कुरा रघुनाथले छुटाइदिएका छन्। यसबाट कविताको भाव उत्तानो हुन आएको छ। चौथा पाउका वाक्य नयाँ थपेका छन्; यो थप्नाको आवश्यक थिएन। भानुभक्तको अनुवाद मूलअनुसारको छैन, तापनि मूलको भाव लिएर बनाएको सुन्दर पद्य छ।

मूल—" सीतामा विस्मय भयो सुन्दा बात क्रमै सित।
यो क्या सुन्याँ गगन्‌बाट वायुले कहियो कि त ॥१६॥
स्वप्न हो वा मनोभ्रान्ति अथवा सत्य हुन् कुरा।
जान्दैछू अप्नवा व्हैन नीद् छैन दुःखले पुरा ॥१७॥
कस्ले कान्‌मा अमृत्‌रूप सुनायो इ वचन् ममा।
सो देखियोस् महाभाग प्रियवादी अगाडिमा ॥१८॥"

रघु—" सुनिन् त्यो सीताले बहुत मनमा विस्मित भयिन्,
पवन्‌ले बोल्या झैं गगन बिचमा सुन्दछु भनिन् ।।

कि यो स्वप्ना मेरो कि त मनमहाँ भ्रान्ति भइगो,
यहाँ ऐल्हे येस्तो पनि त कित सत्यै भइ गयो ॥९॥

निद्रा छैन मलाई दुःख छ सधैं स्वप्ना कसोरी भनूं,
जान्दै छू सब होसमा छु अहिले भ्रान्ति कसोरी भनू
मेरो कानविषे अमृत झर्झि हुन्या कस्ले वचन् बोलियो
त्यो आवस् अब सामुमा सब कहोस् भन्दी भयिन्
बात यो ॥१०॥"

भानु—" सीताजिले जब इ बात् क्रमले सुनीथिन् ,
आश्चर्य भै कन वरोपरि हेरि एक् छिन् ॥
कोही न देखि ति सिता अरुलाई ताहाँ,
भन्छिन् कुरा इ कहन्या जनको छ याहाँ ॥६०॥"

" भ्रम् हो भनू पनि भन्या सब चेत् छ मेरा,
स्वप्ना कसो गरि भनू निद छैन मेरा ॥
जो हो इ बात कहन्या उ अगाडि आई,
अम्रित् वचन् इ अति आज भनोस् मलाई॥६१॥"

रघुनाथको अनुवाद मूलअनूसारको छ। वायुले बोलेको हो कि भन्ने सीताको तर्कना भानुभक्तले छोडिदिएका छन्। "कोही न देखि……… अरुलाई ताहाँ " भनी सीताका जो पूर्वकालको क्रिया यिनले जोडेका छन्, त्यो भाव पूरा गर्नाका निम्ति अत्यन्त आवश्यक थियो।

मूल—"सूनी त्यो जानकी वाक्य रुख् देखी हनुमान् पनी।
उत्री विस्तार सीताका भया साम्ने खडा अनी ॥१९॥
भँगेरा सरिका साना पहेंलो रङ्ग लाल् मुख।
दण्डवत् गरि सीताको भया हाञ्जोडि सन्मुख ॥२०॥
ती देखी जानकी ठान्छिन् आयो यो रावणै भनी।
म मोह गर्नका निम्ती माया वानर रूप् बनी ॥२१॥
यस्तो चिन्ता गरी चाँडो चुप् भइन् तल मुख् गरी।"

रघु—"सुन्या ती सीताका वचन तब साम्नू पुगि गया,
चटक् जस्ता साना पित बरणका लाल् मुख थिया॥
सिताका पाऊमा पनि परि गया प्राञ्जलि भई,
वहाँ देखा साम्नू भइकन बस्या नाम्रत भई ॥११॥
अघिल्तिर जसै गया अधम रावणै हुँ बुझिन्,
मलाइ अब मोह नै गरन बानरै भो भनिन् ॥
बिचार गरि यो कुरो सहज चूप लागि रहिन्,
अधोनयन भै गयिन् मुख फिराइ बस्दी भयिन् ॥१२॥"

भानु—"सीताजिका यति बचन् जब सुन्न पाया,
सानू स्वरूप् लि हनुमान्जि अगाडि आया
दर्शन् प्रणाम् पनि गऱ्या र सिताजिलाई,
ताहाँ खडा भइ रह्या अति हर्ष पाई ॥६२॥
लाल् मुख् पीत शरीर् पनी अति अधिक
सानू भङेरा सरो,

धान्याका हनुमान देखि मनलै आफैं ति
शङ्का परी ॥
रावणको छल हो कि यो भनि तहाँ लाइन्
अधोमुख् जसै ।"

रघुनाथले भङेराका अर्थमा प्रयोग गरेको ' चटक ' शब्द भ्रम पैदा गर्न सक्तछ। दोस्रा पद्यको दोस्रा पाउमा 'भनिन्' भन्ने मुखले बोलेका अर्थमा प्रयोग गरेको क्रियापद ठीक देखिंदैन। यसका बदलामा 'गुनिन्' प्रयोग गरेको भए मनले चिन्तना गरेको भन्ने ठीक अर्थ निस्कन्थ्यो। भानुभक्तको अनुवादमा केही कसर छैन।

मूल—" फेरी भन्छन् ति हे देवि ! शङ्का भो किन यस् घरी ॥२२॥
त्यस्तो व्हैन म ता मातर्शङ्का छैन ममा रती।
दास हूँ कोशलेन्द्रैको रामको म भनूं कती ॥२३॥
हरीन्द्र सुग्रीवजिको म मन्त्री हूँ शुभप्रदे ! ।
सब्का प्राणरूप वायूको पुत्र हूँ म त शोभने ! ॥२४॥"

रघु—" तैस्तो तिन्को मन बुझिलिया भन्न लाग्या हनूमान्,
सीतादेवी ! सुन तिमी म ता व्हैन तैस्तो क्रियावान्।
येस्तो शङ्का न गर म विषे रामको दास मै हूँ,
वानर् मध्ये पनि त म बडो मन्त्रि सुग्रीवको हूँ ॥१३॥

संसार्मा जो रहन्छन् पवन भनि सबै प्राणिका अन्तरैमा,
तिन्को ता पुत्र मै हूँ भनिकन करले अञ्जली बाँधदामा ॥

भानु—" शङ्का भो अब माइलाइ भनि झट् बोल्या
हनूमान् तसै ॥६३॥

हे माता ! म त दास हूँ हजुरको राम्‌का
हुकुम्‌ले गरी,
आयाको छु हजूरका खबरमा गम्भीर् समुद्रै
तरी ॥
राजा सुग्रिवको म मन्त्रि पनि हूँ वायू पिता
हुन् भनी,
येती बिन्ति गरेर चुप् भइ रह्या क्या हुन्छ
मर्जी भनी ॥६४॥"

मूलमा रहेको सम्बोधनको 'माता' शब्द रघुनाथले छुटाउँदा कविताको भाव हलुका हुन आएको छ । यो शब्द छुटाउनु यिनको भारी भूल हो । अरू अनुवाद मूलको अनुसार छ । तर भानुभक्तका अगाडि यिनको अनुवाद फिक्का स्पष्ट छ ।

मूल—" यो सुनी जानकी भन्छिन् हात् जोड्दा हनुमान् कन ।
वानर् मनुष्यको दोस्ती कसरी हुन्छ लौ भन ॥२५॥
दास हूँ रामचन्द्रैको कसोरी भन्दछौ यहाँ । "

रघु—"सीता ती भन्न लागिन् नरसित कसरी सङ्ग भो वानरैको,
दास् हूँ रामचन्द्रजीको भनिकन तिमी यो भन्दछौ क्या
भन्याको ॥१७॥"

भानु—"सीताजी पनि भन्दछिन् कसरि यो जानू
म मानिस् पनी,
वानर् सीत मित्यारि लाउँछ कतै क्या हुन्
कुराको जनी॥
येती बोलि सिताजि चुप् भइ रहिन् साँचो
न मानी जसै,"

रघुनाथको अनुवाद मूलअनुसार छ। भानुभक्तले सीताजी 'चुप् भइ रहिन्' भनी मूलमा नभएको वाक्य थपिदिएका छन्, तरा मूलमसीता र हनुमान्को सवाल जवाफ भइरहेको बयान छ, चूप लागेको कुरा छैन; चूप लाग्नुपर्ने प्रयोजन पनि थिएन।

मूल—" यो सुनी मारुती खुस् भै भन्दछन् जानकी महाँ ॥२६॥
ऋष्यमुक् पाल्नुभो राम शवरीका वचन् लिई।
ऋष्यमुक्मा थिया सुग्रीव् देख्या राम् लक्ष्मणै दुई ॥२७॥
डरी पठाया म कन मन् बुझन रामको गशा।
ब्रह्मचारी शरिर्धारी नगिचै रामको भआ ॥२८॥
रामको जानि सद्भाव काँधमा द्वै जना धरी।
पुग्याँ सुग्रीवका साथ्मा मित्रता भो उही घरी ॥२९॥
सुग्रीव्की पत्नि हरने रामले वालि वीर् पनी।
एकै वाण्ले विताएर राज्य बक्सनुभो अनी ॥३०॥
सुग्रीव्ले वानरहरू पठाया दश् दिशामहाँ ॥३१॥
बलिया बलिया छानी हजुर्का खोजिमा यहाँ।

हिंडदा हुँदी मकन ता हुकुम् भो रामको तहाँ ॥३२॥
तिमीमा कार्यको सिद्धी रह्यो मारतनन्दन !
मेरो कुशल् लक्ष्मणको कह्या प्यारि सीताकन ॥३३॥
मेरो नाम छ औंठीमा सीता विश्वास गर्दिने ।
दिये सीताकनै जस्ले प्यारीको शोक हर्दिने ॥३४॥
यो हुकुम् भो औंठी झिकी वक्सियो मकनै अनी ।
मैले यत्न गरी ल्याञा नजर् होस् देवि ! यो पनी ॥३५॥
येती भनी दिया औंठी हनुमान्ले सितामहाँ ।"

रघु—"सीताले त्यो भन्याको सुनिकन कपिले धेर आनन्द पाया
वाँ देखी भन्न लाग्या ऋष्यमुक परबतमा त रामचन्द्र आया
सुग्रीव् तेस् ऋष्यमुक्मा लुकिकन रहँदा रामदेखी डराया,
तिन्को मन् जानि आऊ भनि मकन तहाँ तेस् बखतमा पठाया ॥१४॥

वाँ देखी ब्रह्मचारी भइकन म गञा रामका सन्निधान्मा
तिन्का मन जानि काँध्मा धरिकन त लग्याँ सुग्रिवैका समिप्मा ॥
सुग्रीब्का रामजीका पनि त सहजमा मैत्रिलाई मिलाञा,
सुग्रीब्कि नारि तारा हरिकन त लग्याको सुनाञा बुझाञा ॥१६॥

वाँ देखी रामजीले पनि त सहजमा बाणले बालि मारी
सुग्रीव्का हात पारी सकल तहिं दिया राज्य त्यो दुष्ट टारि

सुग्रीवले राज्य पाया बहुत खुसि भया कोटि लस्कर् जमाया,
सीताको खोजि गर्नु भनिकन त बडा वीर वानर् पठाया ॥ १७ ॥

सबै वानर् जाँदा हुँदि मकन देखी खुसि भया,
भन्या श्री रामैले अधिक छ भरोसा तिमि गया ॥
सुनाया सीताछ्यौ कुशल सब मेरो लखनको,
म दिन्छू यो औंठी चिन्हु पनि त लेऊ कनकको ॥१८॥

मेरो नाम छ औंठिमा तिमि लगी ती जानकीलाई द्यौ,
येति बोलि दिया मलाइ तिमि स्यौं शङ्का सबै छाडि द्यौ ॥
मैले यत्न बडो गरीकन यहाँ ल्याञा तिमी हेर यो,
येति बोलि दिया उ औंठि कपिले आश्चर्य लाग्दो थियो॥१९॥

भानु—" फेर् वृत्तान्त गरी सुनाइ सब बात् औंठी दिया पो तसै ॥ ६५ ॥

मूलका सत्ताइसौं पद्यका राम र लक्ष्मणका ठाउँमा रघुनथले केवल रामलाई मात्र लिएका छन् । यसरी राम मात्र आएका थिए कि भन्ने सीतालाई भान पार्नु बेस थिएन। सुग्रीवले 'कोटि लस्कर् जमाया' भनी मूलमा नभएको वाक्य सत्रौं पद्यमा जोडेका छन्, जो अनावश्यक देखिन्छ । भानुभक्तले मूलका १०॥ श्लोकको अनुवाद नगरेर त्यसका बदलामा केवल "फेर् वृत्तान्त गरी सुनाइ सब

बाव' भन्नी कथा पूरा गरेका छन्। सीताका निमित्त राम हुष्टिपपछि भएका घटनाहरू सुनाउनु आवश्यक हुँदा मूलमा यी घटनाहरूको बयान लेखिए तापनि रामायणका पाठकहरूलाई दोहरा अनुभव हुने हुनाले भानुभक्तले छोडिदिएका होलान्।

मूल—" नमस्कार् गरि टाढैमा हात् जोडेर बस्या तव ॥३६॥
देखी सीता खुसि भई रामका नामले गरी।
अङ्कित् औंठी शिरै धारी आँखामा आँसु धे्‌ धरी ॥३७॥

रघु—"प्रणाम गरि दण्डवत शिर उपर् धरी अञ्जली,
अलिक् पर सरी बस्या ति हनुमान बज्रवली॥
ति जानकिजिले पनी स्वपतिनाम देखी लियिन्,
चिह्निन् पनि उ औंठि ता तब अनर्थ विश्वास् गरिन्॥२०॥
वहाँ पछि उ औंठि ता सहजमाथ माथी लियिन्,
न हेरि सकनू गरो नयनजल् बहाई रहिन्॥"

भानु—औंठी दी कन फेर् प्रणाम् पनि गरी जस्सै
हनूमान् बस्या,
देखिन् औंठि जसै तसै बखतमा हर्षाश्रुधारा
खस्या॥
बर्बर् आँसु खसाउँदै प्रभुजिको औंठी शिरो-
पर् धरिन्,
साह्रै खुस् हनुमान् उपर् भइ तहाँ प्राण
झैं पियारो गरिन्॥ ६६॥"

रघुनाथले विशेषण शब्दहरू थपेर अनुवादलाई सुन्दर बना- उने चेष्टा गरेका छन्, तर हर्षाश्रुलाई 'न हेरि सकनू' भन्ने विशेषण योग्य छैन। शोकाश्रु हेर्नलाई कठिन पर्दछ, तर हर्षाश्रु हेर्दा रमाइलो अनुभव हुन्छ। भानुभक्तका अनुवाद केही त्रुटि नभएको र रघुनाथको अनुवादभन्दा सुन्दर पनि बनेको छ।

मूल—"प्राणदाता कपे! मेरो धीमान् छौ रघुनाथमा।
भक्त छौ प्रिय गर्ने छौ विश्वास् तिम्रै छ साथमा ॥३८॥
नता मेरा नजिक् अर्को मेजिन्ध्यो पुरुषै कहाँ।"

रघु—"तिमी सुमती हौ कपी! मकन ता बचायौ भनिन्,
बडा भगत रामका बुझि लियिन् र विश्वास् गरिन् ॥२१॥

प्रतीत पतिको अती छ भनि जानियो त्यो गति,
नहीं तर सती सितै, किन पठाउँथ्यो दुर्मति॥"

भानु—"हित गरि हनुमान्जीलाइ भन्छिन् ति माता,
मकन तिमि भयौ खुप् प्राणका आज दाता॥
तिमि सित रघुनाथ्ले खूप विश्वास मान्या,
तब म सित पठाया येहि काम्लें त
जान्या ॥६७॥"

रघुनाथका अनुवादमा 'बडा भगत रामका' इत्यादि एक पाउ, 'प्रतीत पतिको' आदि अर्को पाउ र 'दुर्मति' शब्द

प्रेमसङ्गमा भद्दा तवरले राखिएका छन् । भानुभक्तले मूलको भाव मात्र लिएर बडो मनोहर नयाँ पद्यको रचना गरेका छन् ।

मूल—"देख्यौ सब् दुःख हनुमन् ! मेरा कष्टहरू जहाँ ॥३९॥
रामलाई सब कहू जुन् पाठ्ले उठ्छ खुप् दया । "

रघु—"मलाई तिमिले बडो बिपति आउँदो देखिया,
सबै कहनु राम छयौ जसरि होस् म माथी दया ॥२२॥"

भानु—"अब त तिमि हनूमान् जल्दि गै रामलाई,
भन बिपति पऱ्याको देखि हाल्यौ मलाई ॥
जति गरि म उपर् श्रीरामको हुन्छ माया,
तति गरि तिमीले खुप् युक्तिले बिन्ति
लाया ॥ ६८ ॥"

रघुनाथका अनुवादको पहिला पाउबाट स्पष्ट अर्थ निस्कँदैन । क्रियापदको प्रयोग ज्यादै गोलमालसित गरिएको छ । भानुभक्तले मूलको भाव लिएर सुन्दर अनुवाद गरेका छन्, तर 'विपति' शब्द स्त्रीलिङ्गमा व्यवहार गरेको देखता अनौठो लाग्दछ ।

मूल—"दो मैन्हा तक छन् प्राण हे कपे ! नत्र ई गया ॥४०॥
सत्तरी न भया राम्को खान्या छ मूर्खले महीं । "

रघु—"प्राण् मेरा दुइ मास मात्र रहला श्रीराम् न आउँदा हुँ दि
खान्या छन् मजिलाई राक्षस दुवै मैन्हा त पुग्दा हुँ दि ॥

भानु—" जिन् तिन् शरीर महिना दुइ ता म धछूँ,
ताहाँ पछी त तिमि निश्चय जान मछूँ ॥
खान्या छ दुष्ट तरकारि बनाइ येही,
छैनन् यहाँ अरु सहाय मलाइ कोही ॥६९॥"

रघुनाथका अनुवादमा 'दुइ मैहा' शब्द दुइ ठाउँमा परेको छ। यस्ता प्रयोगलाई पुनरुक्ति दोष मानिन्छ। 'न आया हुँदि' भने राम्रो हुनेमा 'न आउँदा हुँदि' भनी भद्दा वाक्यको प्रयोग गरेका छन्। भानुभक्तले मूलमा नभएको 'तरकारि बनाइ येहि, छैनन् यहाँ अरु सहाय मलाइ कोहि' यी वाक्य आफ्ना अनुवादमा जोडेर सुन्दर गराएका छन्।

मूल—" तस्मात् कपीन्द्र ! सुग्रीवूले रघुनन्दन साथ् भई ॥४१॥
बलले आइ यस् पार वानर्को दल ली सबँ।
सपुत्र बलसाथ् रावण् मारी मोचन हूँ अब ॥४२॥ "

रघु—" आऊन् बानरसैन्य लिकन बडो सुग्रीवको साथ् गरि,
मारुन् रावणलाई काटि रणमा सन्तान् समेतै गरि ॥२३॥

भानु—" तस्मात् अवश्य इ दुई महिना न जाई,
सुग्रीव् समेत् सकल सैन्य लियेर आई ॥
यस् दुष्टलाइ सब वंशसमेत मारुन्,
यो दुःखसागर पऱ्याकि मलाइ तारुन् ॥७०॥"

रघुनाथको अनुवाद मूलअनुसारको मात्र छ। भानुभक्तको अनुवादमा विशेष वाक्य थपिएर सुन्दर बनेको छ।

मूल—"तिन्को तेस्तो वीर्य वीर ! वर्णन् गरन् यस् घरी।
चाँडो रावण मारेर तार्छन् रामूले जसो गरी ॥४३॥
त्यो यत्न होस हनुमन् ! धर्म त्यौ बोलिले भनी। "

रघु-"वाँ देखी कीर्ति हाला भनिकन पति छ्यौ विन्ति मेरा लगाया।
तेस्तै तिन्का पराक्रम् पनि छ अति बडो राम छ्यौ गै सहाया।
यस् आपत देखि तारून् जसरिकन पनी रावणैलाई मारी
तेस्तो उद्योग गर्नू सहज वचनले पाउला धर्म भारी ॥२४॥"

भानु—"सिप सित गरि बिन्ती खुप् दयालू बनाया,
जति छ फजिति मेरा यो सबै थोक् जनाया॥
यति विनति गऱ्या लौ पाउला धर्म धेरै,
सकल भनि सक्याँ बात् क्या भनूँ बेर बेर॥७१॥"

यहाँ दुवैका अनुवाद एकनास सुन्दर बनेका छन्।

मूल—"हनूमान भन्दछन् फेरी भन्छु लौ देवि ! त्यो पनी ॥४४॥
सलक्ष्मण् राम चाँडै नै आई सब् हतियार् लिई।
सैन्यले सङ सुग्रीव् साथ् दशमुख् कन मार्दिई ॥४५॥
लगिबक्सिन्छ हे देवि ! अयोध्या हजुरै धरी।"

रघु—" सीताले त्यो भन्याको सुनिकन हनुमान् भन्न लाग्या रमाई,
देख्याँ मैले विपत यो गइकन कहुँला आउन्याछन् उ धाई ॥
साथ्मा सुग्रीव सेना लिइकन दशमुख्लाइ मारी गिराई,
लैजान्या छन् अयोध्या नगरतिर तिमीलाइ जान्छू म
धाई ॥ २५ ॥ "

भानु—" बिन्ती श्री हनुमानलेँ पनि गऱ्या माता म
सेवक् त हूँ ,
स्वामित्का इ विपत् सबै म कहुँला धेर् बात
यहाँ क्या कहूँ ॥
राम् लक्ष्मण् दुइ भाइ सुग्रिव समेत वान-
र्कि सेना लिई ,
वंशै रावणको विनाश् गरि दिनन् घेरा
शहर्मा दिई ॥ ७२ ।
स्वामित्लाइ लियेर फेर रघुनाथ् जानन्
अयोध्यामहाँ ;
आवैनन् रघुनाथ् भनेर मनमा शङ्कै न ला-
गोस् यहाँ ॥"

रघुनाथको अनुवादमा लक्ष्मणको नाम छुट्नु उचित होइन। भानुभक्तको अनुवाद सुन्दरै छ। मूलका 'देवी' शब्दका बद-लामा 'माता' शब्द प्रयोग गरेका हुनाले मूलको भन्दा राम्रो

भाव पैदा हुन आएको छ। मूलमा शङ्का नगरिबक्सियोस् भन्ने अर्थको एक वाक्य प्रयोग भएकोमा यसलाई बढाएर एक पाउ पूरा गराएको पनि सुन्दर नै देखिएको छ।

मूल—" भन्छिन् जानकिजी रामले लामू सागर् कसो गरी ॥४६॥
तरेर वानर् सेनासाथ् सवारी हुन्छ यस् घडी। "

रघु—"यो सुन्दा भन्न लागिन् सहज जनकजा हे कपी ! मन् बुझाऊ,
सागर्का पार सेना कसरि तरि तहाँ आउनन् ? त्यो बताऊ॥"

भानु—" यो बिन्ती सुनि भन्दछिन् तहिं सिता
रामचन्द्रजी क्या गरी,
सेना ली कन आउनन् अति गभीर् यस्तो
समुद्रै तरी ॥ ७३ ॥"

रघुनाथले मूलमा नभएको 'मन बुझाऊ' भन्ने भद्दा वाक्य थपेका छन्। भानुभक्तको अनुवाद मूलसँग ठ्यम मिलेको र सुन्दर पनि छ।

मूल—"हनुमान् भन्दछन् मेरा द्वै भाई काँधमा चढी ॥४७॥
सवारी हुन्छ सब् सेना सुग्रीव् वानरका पती।
आकाश् मार्ग गरी छिन्मा तर्छन् लाग्दैन वेर् रती ॥४८॥"

रघु—" भन्दा ती भन्न लाग्या सकल मिलि उडी सुग्रिवै पार्
हुन्या छन्,
राम् लक्ष्मण् काँध माथी लिइकन म उड्या देखि धेरै
जुगुत छन् ॥२६॥ "

भानु—"जननि कन बुझाया यो हुकुम् सूनि ताहाँ,
भइछु प्रभुजिको दास् बोकुँला पीठमाहाँ ॥
रघुपति दुइ भाईलाइ क्या दुःख पर्छन्,
सकल अरु र सुग्रिव् कूदि आफैं ति
तर्छन् ॥ ७४ ॥ "

रघुनाथका अनुवादको 'जुगुत छन्' भन्ने शब्दको अर्थ जस्मा हुन्छन् हुन सकछ, समुद्र पार हुनेछन् भन्ने अर्थ यसबाट निस्कँदैन। यस कारणले यो अनुवाद अपूर्ण देखिन्छ। भानुभक्तको अनुवाद पूर्ण छ।

मूल—" जल्न्याछन् इ सबै राक्षस् हजुर् निम्ति कउन् कुरा।
अनुज्ञा बक्सियोस् देवि! जान्छू झट् वेग ली पुरा ॥४९॥
भाइ साथ् रामको दर्शन् गरि झट् ल्याउँछू जहाँ।
देवि! केही चिन्हूँ पाऊँ जस्ले श्रीराघवै महाँ ॥५०॥
विश्वास् पर्दछ जानेछू अनि उत्साहले गरी।"

रघु—"मान्र्याछन् अब रावणैकन तिमी निश्चिन्त हौ चित्तमा,
केही चिन्ह मलाइ देउ र तहाँ हेर्नन् दुवै भाइमा।
ज्याले ती दुइभाइलाइ बहुतै विश्वास परोस् तेहि घौं,
वाँ देखी खुसि भै म जान्छु र यहाँ फिन्र्याछु
बर्दान घौ ॥ २७ ॥"

भानु—" जननि! म त विदा झट् पाउँ मर्जी त सून्या,

अब त उहिँ गया पो हुन्छ काम् जल्दि हून्या।
जउन चिज दिंदामा राम विश्वास मान्छन्,
उहि चिज पनि पाऊँ जान्छु दिन् मात्र
जान्छन् ॥ ७९ ॥"

रघुनाथले मूलको ठीक अनुवाद गर्ने चेष्टा गरेका छन्, तापनि हुन सकेको छैन, तर मूलको भाव आएको छ। भानुभक्तले मूलको भावलाई छोड्याई एक तरहले स्वतन्त्र पद्य नै लेखेका छन् जो सुन्दर पनि छ।

मूल—" सुनी विचार् गरी केही सीताले हर्ष धैर्धरी ॥५१॥
दिइन् चूडामणी चुल्ठा भित्र थीयो मणीवर।
लक्ष्मण् साथ् राममा यस्ले विश्वास् गर्ला कपीश्वर! ॥५२॥
विश्वास् निम्ती अरू केही भन्छू सुन कपे! जहाँ।"

रघु—" मनै मन विचार् गरिन् सिरमणी निकाली दियिन्,
दिया र तिमिले त यो लखन राम चिह्नान् भनिन् ॥
म फेरि पनि आरको चिन्हु कहन्छु विश्वासको,
भन्या पछि त लेस् पनी कति रहँदैन सन्देहको ॥२८॥"

भानु—"यति सुनि अघि देखी केशपाश्मा धर्‍याको,
मणि झिकि दिइ हालिन् रामका मन् पर्‍याको ॥
मणि दिइ फिरि भन्छिन् चित्रकुट्मा भयाको,
शरण परि नजर् दी काग बाँची गयाको ७६

यहाँ दुवैको अनुवाद प्रायः एकनास र सुन्दर पनि छ।

मूल "चित्रकूट् गिरिमा एक् दिन् एकान्त वखतै महाँ।
मेरा काखमा शिरै राखी सुकला भो प्रभू वहाँ ॥५३॥
ऐन्द्र काग तहाँ आई चुच्चो नंग्रा धरी अनी।
लाल् पादाङ्गुष्ठमा मेरो विदाऱ्यो मासु हो भनी ॥५४॥
तहाँ पछी राम जागी घाऊ देखेर पाउमा।
कसले भद्रे! गऱ्यो मेरो यस्तो अप्रिय दाउमा ॥५५॥"

रघु—"चित्रकूट गिरिका सिखरैमा,
एक दिन् प्रभु सुत्या सहजैमा॥
काख माथि शिर राखि निदाया,
इन्द्रले त तहिं काग पठाया ।२९॥

आयो त्यो काग मेरा चरणतल बडा लोलले मार्न लाग्यो,
सोणितधारा बहायो न चलुँ विमझनन् को भन्या झैं त लाग्यो॥
आफैं ती रामनिद्रा खुलिकन बिउँझ्या देखि सोध्या मलाई,
कस्ले काट्यो पियारी! चरण भनि तहाँ खोज्न लाग्या
रिसाई ॥ ३० ॥"

भानु— "एक् दिन् हे हनुमान्! म चित्रकुटमा राम्-
का नजिक्मा थियाँ,
मेरा काख महाँ सुत्या र रघुनाथ् हात्को
तकीया दियाँ॥

मेरा लाल् दुइ पाउ देखि कन काग् आयो
र टूँग्यो जसै ,
मेरा ई दुइ पाउ देखि बहुतै आयो रगत् पो
तसै ॥ ७७ ॥"

रघुनाथको अनुवाद पूर्ण छ । 'सोणित्धारा बहायौ न चलुँ बिमझनन् की भन्या झैं त लाग्यो' भन्ने मूलमा नभएको वाक्य यिनले थपेका छन् । यसले मूलका सुन्दर भावलाई झन् स्पष्ट गराएको छ । भानुभक्तले मूलको धेरै अंश छुटाई छोटो तर सुन्दर अनुवाद गरेका छन् । इन्द्रले सीताका धैर्यको जाँच गर्न भनी काग पठाएको ध्वनि मूलबाट निस्कन्छ । भानुभक्तले यस ध्वनिलाई हटाएको उचित देखिंदैन ।

मूल—यसो भनी अगाडीको काकमा र ममा पनी ।
नजर् पर्‍यो लाल चुच्चो भाग्यो जब् क्रोधले अनी ॥५६॥
यौटा तृण् हातले पक्री मन्त्री दिव्यास्त्रले गरी ।
लीलैले फेक्नुभो राम्ले बल्दो त्यो काकमा परी ॥५७॥
भाग्दो भो डरले त्यो काक् तिन् लोक् घुम्दो भयो अनी ।
रक्षा गर्न न सक्तामा इन्द्र ब्रह्मादिले पनी ॥५८॥
राम्का पाउ अगाडिमा गिर्‍यो डर्ले गरी वहाँ ।
शरण् परेको देखेर रामको मर्जि भो तहाँ ॥५९॥
अमोघ अस्त्र यो मेरो जा एक् आँखो दिई यहाँ ।
दक्ष चक्षु दियो काक्ले............ ॥

रघु—"वाँ देखी काग देख्या नख मुख सब थोक् लाल रङ्गै भयाको,
दिव्यास्त्रैका प्रयोगले गरिकन तृणले रामले हानियाको ॥
त्यो काग् ता भाग्न लाग्यो जिउ भरि त सबै आग् बल्या झैं
भयाको,
ब्रह्मादी देवताले शरण लिन पनी त्यो न सक्नू भयाको ॥३१॥

चौध लोक उ घुमी फिरि आयो ,
रामका चरणमा शिर लायो ॥
पर्दछु शरणमा भनि गायो ,
रामको पनि दया तब आयो ॥ ३२ ॥

यो अमोघ शर हो भनि मेरो ,
दाहिनू नयन दे अब तेरो ॥
रामले तब तँ जा भनियाको,
ऐन्द्रवायस गयो उ उड्याको ॥३३।"

भानु—"जठी श्री रघुनाथको नजर भो वाहीं थियो
काग् पनी,
क्याँकया एक् तृण ली तहाँ प्रभुजिलें यो
काग मार्छू भनी ॥
त्यो काग् चौध भुवन् डुल्यो त पनि एक्
पायेन आधार् जसै,
फेरी आइ शरण् परी नजर दी बाँची गयो
काग् तसै ॥७८॥

रघुनाथको अनुवाद मूलकै अनुसार छ। भानुभक्तले भाव मात्र लिएर अनुवाद ज्यादै छोट्याएका छन्।

मूल—"... ... ...यस्तो पौरुष् छ जस् महाँ ॥६०॥
उपेक्षा किन भो मेरो ऐल्हे स्वै रामले यहाँ।
भन्छन् हनूमान पनी वचन् सूनी सितामहाँ ॥६१॥
महाँ भयेको हे देवी ! यदि राम्‌मा खबर् दिया।"

रघु—"येस्तो पौरुस् भयाका पनि त उ भगवान् राम मेरा प्रभु हुन्,
उन्‌ले यस्तो उपेक्षा किन मकन गन्या आजतक् आउँदैनन्॥
सीताले कलिपयाका वचन सुनि कपी भन्न लाग्या बुझाई,
जान्याको छैन तिन्‌ले तिमिकन त महाँ आउँन्याछन् रिसाई
॥ ३४ ॥"

भानु—"मेरा आज शरण् पन्यो भनि दया आयो
उ कागमा पनी,
मै माथी त दया कसो हुन गयो भन्थिन्
भन्या यो पनी ॥
हात् जोरी कन बिन्ति फेरि हनुमान् वीर्
गर्न लाग्या तहाँ,
याहाँ छन् भनि यो खबर् न भइ पो आऊन
ढिल् भो यहाँ ॥७९॥"

रघुनाथले मूलसँग मिल्दो अनुवाद गरेका छन्। भानुभक्तले सीताका मनको भाव मात्र लिएर स्वतन्त्र पद्य लेखेका छन्, यो सुन्दर पनि छ।

मूल—" लङ्का साथ सबै राक्षस् छिन्मा भस्म हुने थिया ॥६२॥
जानकी भन्दछिन् राक्षस् सङ लड्छौ कसो गरी।
अति सानु शरिर्वाला हुनन् वानर् तिमी सरी ॥६३॥ "

रघु—" छिन्भर्मा राक्षसैको गण पनि रणमा काटि विध्वंस पारी,
लैजान्याछन् अयोध्या नगरि तिर तिमीलाइ आपत्ति टारी ॥
त्यो सुन्दा भन्न लागिन् सहज जनकजा युद्ध होला कसोरी,
तिम्रो सानु स्वरूप् यो असुरहरू बडा खोज्दछन् आफ्नु
जोरी ॥ ३५ ॥"

भानु—" रावणले हरि ली गयो भनि खबर् हुन्थ्यो
त बाँच्थ्यो कहाँ,
आज् तक् रावणको कुलै प्रभुजिले सब् भस्म
गर्थ्या यहाँ ॥
देख्छू रूप त सानु मानु भङिरा जत्रो क-
सोरी लडी,
राक्षस् नाश् तिमि गर्दछौ तिमि ठुला हुन्छौ
स्वरूप्को बढी ॥ ८० ॥"

तिम्रो रूप् अति सानु देख्छु अरु ता कत्रा
हुनन् झन् भनी,
सम्झन्छू मनले र गम्छु मनमा आश्चर्य मान्छू
पनी ॥ "

रघुनाथको अनुवादमा लेखिएको दोस्रो पाउ मूलभन्दा बढ्ता छ, तर प्रसङ्ग मिलाएर बढाएका हुनाले भाव स्पष्ट झल्कने भएको छ। मूलमा सबै वानर तिमी जस्ता साना हुनन् भन्ने सीताको तर्कना देखाएको छ, यिनले अरू वानरलाई छोडेर हनुमान्‌लाई मात्र देखाएका छन्। यसबाट सीताको सतर्क विचार स्पष्ट नभएर गडबड़िन आएको छ। यस विचारलाई मूलमा भन्दा ज्यादा स्पष्ट गराएर भानुभक्तले अनुवादलाई सुन्दर गराएका छन्।

मुल—"सूनी वचन् सिताजीको अघीकै रूप लिया तहाँ
मेरुमन्दर झैं ठूला डर् दिन्या राक्षसै महाँ ॥६४॥"

रघु—"जसै त्यो सीताले वचन भनिथिन् वाँ पछि भया,
हनूमान् मन्दर् झैं कनक परबत् झैं पनि भया ॥"

भानु—"यस्तो मर्जि सिताजिको सुनि तहाँ पर्वत सरीका भया,
मेरुतुल्य स्वरूप् गरेर हनुमान् साम्ने खडा भै रह्या ॥८१॥"

रघुनाथले शब्दानुवाद ठीक गर्न यत्न गरे तापनि 'वहाँ' का बदलामा 'वाँ', 'पर्वत' का बदलामा 'परबत' गराएर शब्द बिगार्नुपरेको छ। भानुभक्तले मूलको भाव मात्र लिएर गरेको अनुवाद योभन्दा सुन्दर स्पष्ट झल्कन्छ।

मूल—"देखी सीता महापर्वत् सरी ती हनुमान् कन।
ठूलो हर्ष भई भन्थिन् आल्हाद भइ मन्‌मन ॥६५॥

समर्थ छौ महावीर ! देख्नेछन् राक्षसी सब ।
जाउ मङ्गल होस् पन्था चाँडो राम नजिक् अब ॥६६॥ "

रघु—"वहाँ देखी देखिन् परबतसमान्का ति हनुमान् ,
गरिन् वैदेहीले समरथ रह्याछौ भनि बखान् ॥ ३६ ॥

तिमी जाऊ चाँडो तिम्रिकन त देख्नन् यि युवती,
बडो मङ्गल् होओस् पथि विषय जाँदा हुँदि अती "

भानु—" जब त ति हनुमान्को रूप् ठुलो देखि लोइन् ·
खुसि भइ तहिँ बीदा माइलें जल्दि दीइन् ॥
अब त तिमि हनूमान् ! धृष्ट चाला छिपाऊ,
इनिहरू सब देख्छन् कूदि फेर् जाइ जाऊ ॥८२॥"

रघुनाथको अनुवादमा मूलका 'राक्षसी' शब्दका ठाउँमा 'युवति' लेखिएको छ । राक्षसीका पर्यायरूपमा युवति शब्द व्यवहार गर्न योग्य छैन । भानुभक्तले यसका बदलामा 'इनिहरू' भनी सर्वनाम शब्दको प्रयोग गरेका छन् । नजीकै पहरा बसेका राक्षसीहरूलाई देखाई 'इनिहरू' भन्नु उचितै छ ।

मूल—" भोकायेका कपी भन्छन् दर्शन्ले पारणा भयो ।
हजूरका अगाडीका फल् खानाकन मन् गयो ॥६७॥"

भानु—" यति सुनि हनुमान्लें फेरि बिन्ती लगाया
सहज सित म जान्थ्याँ येति फल् खान पाया

वरिपरि फलफुल् छन् मर्जि मात्रै म पाऊँ,
हुकुम बिनु कसोरी आज आफैं म खाऊँ ॥८३॥"

सीतासँग फल खानालाई हनुमानले आज्ञा मागेको एक पद्यको अनुवाद रघुनाथले छुटाएका छन्। यसबाट कथाका सिलसिलाको सुन्दर अंश टुट्न आएको छ। यस कुरालाई मूलमा-भन्दा बढाएर भानुभक्तले सुन्दर पद्यरचना गरी रघुनाथले टुटाएका अंशलाई झन् पुष्ट गराएका छन्।

मूल—"हुन्छ भन्न्या हुकुम् पायी खाई फलहरू वहाँ।
दण्डवत् गरि वीदा भै जानकीको गया तहाँ ॥"

रघु—"भयो दर्सन् तिम्रो अब त म त जान्छू भनि पनी,
भन्या ती बज्रंले तब जनकजाले लउ भनी ॥३७॥"

भानु—"यति विनति गर्‍याथ्या खानको मर्जिपाई,
खुसि भइ फल खाई माइ थ्यैं जल्दि आई ॥
चरण परि बिदा भै क्यै गया दुर् जसै ता,
अलिकति कछु काम् फेर् गर्न आँट्या तसै
ता ॥ ८४ ॥"

यहाँ रघुनाथको अनुवाद एकदम भद्दा छ। भानुभक्तको अनुवाद अत्यन्त सुन्दर छ। चौथो पाउको भाव मूलमा छैन तापनि ठीक प्रसङ्ग मिलाएर थपिएको छ।

मूल—केही दूर गई फेरी चिन्ता गर्छन् मनै महाँ ॥६८॥
कार्यका निम्ति आयाको दूतले स्वामिकार्य जुन् ।
विरोध् नपारी अरु क्यै नगरी जान्छ सो अधम् ॥६९॥
यस् कारण् केहि अरु थोक् गरी रावण साथ् पनी ।
बात्चित गरी म जाऊँला रामदर्शनमा अनी ॥७०॥

रघु—"गया वैदेहीका चरण परि केही अलिकती,
बिचार् गर्छन् मनमा घुमि फिरि उसै जानु कुमति ॥
गयाको दुत केही अलिकति पराक्रम् न गरि ता,
फिऱ्या देखी दुतको पनि त महिमा हो अधमता ॥३८।
तसै कारण् केही अलिकति पराक्रम् पनि गरी,
दसानन् छन्यौ बोली तब म फिरुँला राम सुमरी ॥"

भानु—"आफ्ना मन् मन भन्दछन् ति हनुमान् जुन्
वीर दूत भै गई,
जत्ती स्वामितको हुकुम् छ उतिमा मात्रै
चनाखो भई ॥
उत्ती काम् गरि फिर्छ पो पनि भन्या त्यो दूत
अधम् हो भनी,
भन्छन् सब् दुनियाँ त भेटि कन जाँ कस्तो
छ रावण् पनी ॥८८॥"

यहाँ रघुनाथको अनुवाद मूलअनुसारको सुन्दर देखिन्छ। भानुभक्तको अनुवाद यसभन्दा राम्रो छ, तर मूलमा रावणसँग कुरा गर्ने जो मुख्य विचार प्रकट गरिएको छ, त्यो टुटेको हुनाले खल्लो हुन आएको छ।

मूल—" मन्‌ले यो निश्चय गरी उखाड्या वृक्ष सब् वहाँ ।
अशोक वन निर्वृक्ष गराया क्षणमा तहाँ ॥७१॥
सीता रेहेको रूख् छाडी अरु वन् शून्य भै गयो ।
जङ्गल् उखाड्न्या देखी राक्षसीमा भये भयो ॥७२॥
सोध्छन् जानकिमा को यो उ पटाङ् वानरैं रुप ।
सुनी भन्छिन् तहाँ सीता केही काल भई चुप ॥७३॥

रघु—" मनैमा वज्र ले पनि तहिं त यो निश्चय गरी,
असोका तेस् बन्मा तरुहरु उखेल्या वरिपरी ॥३९॥

जुन् गाछिमा जानकिले बस्याको,
त्यो गाछि छाडी अरु नास् गर्‍याको ॥
देखी सुध्याया सबले कउन् हो,
हे जानकी वानर यो कठिन् हो ॥४०॥ "

भानु—" यति गर्सि ति बगैँचा फेक्न मन्सुब् चलाई,
खुसि भइ ति महावीर् जल्दि फेर् फर्कि आई
सकल वन उखेल्दै चौकि सम्पूर्ण मार्‍या,
फकत जननि बस्न्या एक् सिसौ शेष पार्‍या॥८६॥

जब त वन विनास्या राक्षसी जल्दि आई,
पुगि नजिक सिताका सोधि सीताजिलाई ॥
भनन तिमि सिताजी वीर् क हो क्यान आयो,
अति असल बगैंचा मासि मैदान् बनायो ॥८७॥

यति सुनि तहिँ सीता भन्दछिन्"........"

रघुनाथको अनुवाद मूलअनुसार छ, तर मूलमा भएको 'उट्पट्याङ्' शब्दका बदलामा 'कठिन्' शब्द प्रयोग गर्नुभन्दा 'हरिप्' राख्नु बेस थियो। भानुभक्तको अनुवादमा पालेहरूलाई भारेको मूलमा तलतिर लेखिएको कुरा यहाँ परेको छ। यो प्रसङ्ग मिलेको छैन । आपत्ति पर्दा पाले बसेका सबै राक्षसी डराएर सबैले सीतासित सोध्नु स्वाभाविक हो, मूल पनि यस्तै छ; तर भानुभक्तले एउटी राक्षसीका मुखबाट मात्र सोधनी भएको देखाएका हुनाले अस्वाभाविक अनुवाद देखिन आएको छ ।

मूल—"तिमीहरू नै यो जान माया राक्षसको नहीं ।
दुःख शोकाकुल म छू चेत् छैनन् जान्दथ्यौं कहाँ ॥ ७४ ॥
सूनी चांडो गई सब् ती राक्षसी डरि मन्महाँ ।
हनूमान्को उपद्रोह रावण्मा भन्दिया तहाँ ॥७५॥"

रघु—"माया राक्षसको म जान्दिन यहाँ जान्न्या सबै छौ यहाँ,
क्या जानूँ म त दुःख शोकहरुले आकुल् हुन्या कालमा ॥
वाँ देखी सब राक्षसीहरु गया डर् मानि भाग्दा भया,
रावण्का सँगमा गई कहुँ भनी ती भन्न लाग्दा भया ॥४१॥"

जब त वन विनास्या राक्षसी जल्दि आई,
पुगि नजिक सिताका सोधि सीताजिलाई ॥
भनन तिमि सिताजी वीर् क हो क्यान आयो,
अति असल बगैंचा मासि मैदान् बनायो ॥८७॥

यति सुनि तहिँ सीता भन्दछिन्……"

रघुनाथको अनुवाद मूलअनुसार छ, तर मूलमा भएको 'उट्पट्याङ्' शब्दका बदलामा 'कठिन्' शब्द प्रयोग गर्नुभन्दा 'हरिप्' राख्नु बेस थियो। भानुभक्तको अनुवादमा पालेहरूलाई मारेको मूलमा तलतिर लेखिएको कुरा यहाँ परेको छ। यो प्रसङ्ग मिलेको छैन। आपत्ति पर्दा पाले बसेका सबै राक्षसी डराएर सबैले सीतासित सोध्नु स्वाभाविक हो, मूल पनि यस्तै छ; तर भानुभक्तले एउटी राक्षसीका मुखबाट मात्र सोधनी भएको देखाएका हुनाले अस्वाभाविक अनुवाद देखिन आएको छ।

मूल—"तिमीहरू नै यो जान माया राक्षसको नहीं।
दुःख शोकाकुल म छू चेत् छैनन् जान्दथ्यौं कहाँ ॥ ७४ ॥
सूनी चांडो गई सब् ती राक्षसी डरि मन्महाँ।
हनूमान्को उपद्रोह रावणमा भन्दिया तहाँ ॥७५॥"

रघु—"माया राक्षसको म जान्दिन यहाँ जान्न्या सबै छौ जहाँ,
क्या जानूँ म त दुःख शोकहरुले आकुल् हुन्या कालमा ॥
याँ देखी सब राक्षसीहरु गया डर् मानि भाग्दा भया,
रावण्का सँगमा गई कहुँ भनी तीं भन्न लाग्दा भया ॥४१॥"

भानु—" .... क्या म जानूं,
विपत परि रह्याकी छू म ता चानुमानूं ॥
तिमी बुझन सबै बात् हो क हो क्यान आयो,
अति असल बगैंचा क्यान मैदान् बनायो ॥८८॥

सकल छल त हो यो राक्षसै गर्छ माया,
जब त यति भनीथिन् राक्षसी सब् डराया,
कहन भनि गया सब् रावणैका हजुर्मा
पुगि कहन ति लाग्या बन् गयो जो
विखुर्मा ॥८९॥"

मूलमा सीताको जवाफ पाएपछि रावणसँग राक्षसीहरूले विन्ति गर्न थालेसम्मको कुरा छ, तर रघुनाथले विन्ति गर्ने सल्लाहसम्म गरेको कुरा लेखेर अनुवादलाई अपूर्ण जस्तो पारेका छन्। भानुभक्तले यस विषयमा मूलमा नभएको वाक्य पनि जोडी मूलबाट भन्दा अनुवादबाट भाव स्पष्ट झल्कने गराएका छन्।

मूल—"देव ! कोई बलीयो खुप् वानर्को शरिरै धरी ।
सीताका साथमा बोली अशोक बन झट् गरी ॥
उखाडी चैत्यमहल भाँच्यो सब् बलले गरी ॥७६॥
प्रासादका पहरा मारी वानर् उहिं छ यस् घरी ।
यो सुनी झट् उठ्यो प्यारो वन् नासका रिसले जरी ॥७७॥
दश् कोटी किङ्कर फउज् भेज्यो रावणले तहाँ ।
चैत्य दर्बार भत्काई रहेका जुन् जमिन् महाँ ॥७८॥

रघु— 'कोही वानर एक जानकि सितै बोल्दो भयो देखियो,
छिन्न भरमा त अशोकको वन पनी नासी दउड्दै थियो ॥
तोड्यो फेर बिहारको गृह पनी रखवाल मारी दियो,
भन्दामा रिसियो र लस्कर नियुत तेस्ले पठाई दियो ॥४२॥"

भानु—" ऐल्हे हँ महाराज् ! अधीक बलियो आयो
र वानर् यहाँ,
सीताजी सँग केहि बात्चित गरी कूद्यो
बगैँचा महाँ ॥
सब् ती रूख् सहजै उखेलिकन साफ् मैदान्
बनाई दियो,
चौकी चूर्ण गरी हवेलि पनि सब् नासी
बस्याको थियो ॥९०॥

आयौं हामि त बिन्ति गर्न भनि यो बिन्ती
गऱ्याथ्या जसै,
सून्यो जल्दि उठेर पक्रन भनी लस्कर् प-
ठायो तसै ॥
हूकुम् पायर लाख लस्कर गयो पक्रेर ल्याऊँ
भनी, "

यहाँ रघुनाथको अनुवाद राम्रै भएको छ, तर 'रिसियो' शब्द भ्रममूलक र अशुद्ध पनि छ। मूल संस्कृतका 'नियुत'

(संख्यावाचक) शब्दलाई यिनले ज्यूँ का त्यूँ राखेका छन्। शायद यिनले अर्थ बुझेका थिएनन्। 'नियुत' को अर्थ भुवनप्रसादले लेखेको दश कोटि शुद्ध होइन। यसको अर्थ रत्नकोषमा एक लाख बताएको छ। यही भानुभक्तले लिएका छन्। पुराणहरूमा दश लाख पनि बताइएको छ।

भानुभक्तले मूलको भन्दा बढ्ता वाक्यहरू थपेर अनुवादलाई सुन्दर र स्पष्ट गराएका छन्। मूलको 'चैत्य' शब्दका अर्थमा 'चौकी' शब्द प्रयोग गरेको शुद्ध होइन।

मूल—"हनुमान् पर्वताकार् भै लोहस्तम्भ ठूलो लिया।
केही पुच्छर् झुलायेर लाल् मुख् भीषण् स्वरूप् थिया ॥७९॥
आयाका राक्षस फउज् असंख्यात् देखिया जसै।
सिंहनाद गऱ्या ठूलो सूनी मूर्छा भया तसै ॥८०॥"

रघु—'फलामको थाम् हातमा परबत समानका ति हनुमान्,
बिहारको घर् तोडी वन पनि त नास्दा ति बलवान् ॥
बडो लस्कर् आयो बुझिकन मनैमा खुसि भया,
रमाया सिंहै झैं गरिकन कराया उठि गया ॥४३॥"

भानु—"एक् लाख् लस्करलाइ देखि हनुमान् अत्यन्त
गर्ज्या पनी ॥९१॥"

मूलमा लेखिएका 'केही पुच्छर् डुलायेर लाल् मुख्' भन्ने हनुमान्को विशेषण छोडिदिनाले र 'बिहारको घर् तोडी वन पनि त नास्दा ति बलवान्' भन्ने प्रसङ्ग नमिलेको वाक्य छोड्नाले

रघुनाथको अनुवाद भद्दा हुन आएको छ। भानुभक्तले पनि मूलको सानो अंश मात्र लिएर अनुवाद घटाएका छन्। पूरै अनुवाद गरेको भए राम्रो हुन्थ्यो।

मूल—" हनूमान् कन देखेर राक्षस्ले भीषणाऽऽकृती।
हान्या अनेक अस्त्रैले ताकी वानरका पति ॥८१॥
उठेर हनुमान् मुद्गर् लिई उफ्री उसै घरी।
क्षणमा पिंध्या सबै राक्षस् हाथीले भुसुना सरी ॥८२॥ "

रघु—"फलाम्का मुद्गर्ले मशक मिचिया झैं गरि दिया,
भनी सुन्दा रावण् अरु पनि त मूर्च्छा परि गया ॥"

भानु—" त्यो शब्दै सुनि मोह लस्कर भयो छोड्यो
हतीयार् पनी,
सब् मार्‍या हनुमानलें क्षण महाँ ई हुन्
भुसूना भनी ॥
लोहस्तम्भ उठाइ साफ् सब गर्‍या समचार्
पुगेथ्यो जसै,
रावण् खूप रिसाइ फेर् पनि ठुलो सेना
पठायो तसै ॥ ९२ ॥"

संस्कृत मूलका 'मशक' शब्दको अर्थ भुवनप्रसादले र भानु-भक्तले 'भुसुनु' गरेका छन्। भानुभक्तकै प्रभाव भुवनप्रसादमा परेको देखिन्छ। मशकको अर्थ लामखुट्टे हो। छन्द नमिल्ने देखेर

रघुनाथले मशक नै लेखेका छन् । अनथ गर्नुभन्दा मूल शब्द नै राख्नु बेस हो ।

मूल—"मरेका किङ्कर सुनी रावण् क्रोध्ले बिहोस् भई ।
पञ्च सेनापती ताहाँ पठाया फौज तेस् घरी ॥८३॥
हनूमान्ले ति पनि सब् मुद्गर्ले मारिंदा महाँ ।
रिसाई मन्त्रिका पुत्र पठाया फेरि सात् तहाँ ॥८४॥
आयाका ति सबै फेरी अघि भैं वेग् धरी अती ।
क्षण्मा निःशेष मार्‍या सब् मुद्गर्ले गरि मारुति ॥८५॥"

रघु—"पठायो पाँच् सेनासहित सब लस्कर् हुकुमले,
फलाम्का मुंग्राले सब मिचि दिया फेरि कपिले ॥४४॥
वहाँदेखी फेरी बहुत कुपिते रावण भयो,
पठाया मन्त्रीका तनय सित सात लस्कर गयो ॥
उ आयाको देख्या जब ति हनुमान्ले तब लिया,
उ मुद्गर् लोहाको सकल पहिल्यै झैं मिचि दिया ॥४५॥"

भानु—" सेनाका पति पाँच् गया हुकुमले. ठूलै थियो ता पनी,
त्यो, सेना पनि साफ् तहाँ गरि दिया उस्तै भुसूना गनी ॥
फेर् मन्त्रीसुत सात गया हुकुमले खुप् भारि लस्कर् लिई,

लोहस्तम्भ उठाइ साफ् फिरि गन्या सब्लाई
टक्कर् दिई ॥९३॥ ”

यहाँ मूलमा सेनापतिहरूलाई मार्नाका निमित्त फलामे मुंग्रो चलाएको वर्णन छ। रघुनाथले थामका बदलामा मुंग्रो शब्द प्रयोग गरेर अरू अनुवाद मूलअनुसार गरेका छन्। भानुभक्तले फ-लामे थामको व्यवहार नगराई रावणका सेनापतिहरूलाई भुसुना-बराबर बनाएका छन्, तर यो अत्युक्ति राम्रो देखिंदैन।

मूल—“ अघीकै ठाउँमा आई राक्षस् पर्खी बस्या अनी।
तहाँ पछी खुप् बलवान् गया अक्षकुमार् पनी ॥८६॥
देखी उफ्र्या ति हनुमान् आकाशमा मुद्गरै धरी।
आकाश्‌बाट गिरी शिर्मा ठोक्या खुप् वेगले गरी ॥८७॥
मारी अक्षकुमार् ताहाँ सम्पूर्ण बल साथ् गरी ॥८८॥ ”

रघु—“ वाँ देखी फेरि आउन् भनिकन हनुमान्का मनैमा भयाको
रावण्का पुत्र आयो बहुत उ बलियो। अक्षनामा भयाको
आयाको देखि उफ्री गइकन हनुमान् मुद्गरले कपाल्मा
हानी मार्दा भया तीं सहज गरि तहा अक्षलाई छिनैमा ॥४६॥”

भानु—“ सात् मन्त्री सुतलाइ सैन्य सहितै मारी
सक्याथ्या जसै,
कान्छो रावणपुत्र अक्षयकुमार् पो लड्‌न
आयो तसै ॥

भारी फौज लिएर त्यो पुतलि झैं आई जसै
ता पऱ्यो,
आकाशमा कुदि लोहदण्ड शिरमा ठोक्या
सहज्मा मऱ्यो ॥ ९४ ॥

पैल्हे अक्षकुमार मारि अरु सब् सेना समेत
नाश् गऱ्या,
आउँदैमा तहिँ बत्तिका पुतलि झैं हूँदै अनेक्
वीर् मऱ्या ॥
सब् राक्षस्हरुलाइ मारि सकि फेर् आउँछ
कुन् वीर् भनी,
लोहस्तम्भ लिई खडा भइ रह्या ताहाँ हनू-
मान् पनी ॥९५॥ "

हनुमान्ले अक्षकुमारको सैन्य पनि ध्वस्त गरेको बयान मूलमा छ, तर रघुनाथले यो छुटाएका छन् । भानुभक्तले यस विषयमा मूलको भाव मात्र लिएर जो दुइ पद्य लेखेका छन् ती स्वतन्त्र, भावपूर्ण र रसिला पनि छन् ।

मूल—"अनी सुन्यो कुमार्को वध् राजा रावणले पनी ।
रिस्ले काँपेर् बहुतै भन्छन् हे इन्द्रजित् ! भनी ॥८६॥
पुत्र ! जान्छू छ लौ जाहाँ पुत्र मार्न्या रिपू तहाँ ।
मारेर अथवा बाँधी ल्यौछु तेरा नजिक्मह्राँ ॥६१॥"

रघु—" कुमार सुकुमार त्यो मरि गयो भन्याको सुन्यो,
रिसाइकन इन्द्रजित सित उ रावणैले भन्यो ॥
म जान्छु अब इन्द्रजित रिपु जहाँ, छ तिम्रो तहाँ,
गिराइकन बाधुँला तब लि आउँला त्यो जहाँ ॥४७॥"

भानु—" जब त अति पियारो पुत्र कान्छो मऱ्याको,
खबर कहन आयो फौज् समेत् नाश् गऱ्याको
तब त अधिक ताप् भै भन्छ रावण् रिसाई,
अब त गइ म आफैं मार्दछू तेसलाई ॥९६॥

की मार्छू कि त बाँधि ल्याउँछु यहाँ तेरा
नजिकमा भनी,
रावणले यति इन्द्रजित् सित भन्यो……॥"

मूलअनुसार रावणका शत्रु हनुमान् थिए, तर रघुनाथले केवल इन्द्रजितको शत्रु बताएको छन् । मूलमा हनुमान्लाई मारेर वा बाँधेर ल्याउँछु भन्ने रावणको भनाउ छ; रघुनाथले मार्ने कुरा छोडेर पक्री लडाएर बाँध्ने कुरा लेखेका छन् । यी गल्तीले गर्दा अनुवाद रद्दी हुन आएको छ । भानुभक्तको अनुवाद मूलभन्दा सुन्दर र रसिलो हुन आएको छ ।

मूल—" सूनी भन्छन् पितालाई शोक् छाडी बक्सियोस् प्रभो !
म छँदै दुःखि वचन किन मर्जी भयो अहो ! ॥६१॥
चाँडै बाँधेर ल्यौनेछू वानरै ब्रह्मपाश् धरी ।"

रघु—" जसै वचन बाबुका पनि उ इन्द्रजितले सुन्यो;
छँदैछु म तिमी रहू न गर शोक धेरै भन्यो ॥
म बाँधि लिइ आउँला सहजमा बह्न पासले,
भनीकन उ बाबुको चरणमा पन्यो भक्तिले ॥४८॥"

भानु—" .... तेस् इन्द्रजित्ले पनी ॥
हात् जोरी कन विन्ति गर्छ म छँदै आफै हजुलँ तहाँ,
जानू पर्छ कतै म गै सहजमा ल्याऊँछु बाँधी यहाँ ॥ ९७ ॥"

रघुनाथको अनुवाद मूलअनुसार ठीकै छ, तर 'ब्रह्म' का बदलामा 'बह्न', शब्दको प्रयोग बिलकुल अनुचित छ। चौथो पाउ न मूलमा छ न थप्नाले कवितामा सौन्दर्य बढ्दछ । भानुभक्तको अनुवाद रसिलो छ, तर मुख्य साधन भएको ब्रह्मपाश शब्द छोडिदिएको हुनाले खल्लो हुन आएको छ।

मूल—" येती भनी रथ चढी घेरा राक्षसको गरी ॥९२॥
गयो त्यो वायुपुत्रैको नगिच्मा वीर् पराक्रमी ।
गर्जना सुनि राक्षस्को स्तम्भ ली हनुमान् पनी ॥९३॥
उफ्र्या गगनमा चाँडो गरुड्सरि ति मारुति ।
घुम्दा गगनमा हान्यो हनुमान्कन बाण् अती ॥९४॥
शिर्मा आठ् बाण मारेर छिद्र पार्‍यो जहाँ तहाँ ।
छाती र पाउ दुइमा छ बाण् एक पुछर् महाँ ॥९५॥"

रघु—" वहाँ पछि उ इन्द्रजित् गरुड झैं उड्याको गयो,
पुग्यो ति हनुमानका नगिचमा तयारी भयो ॥
लियो धनुष बाह सर् सहज हानिंदा खेरिमा,
सिरै उपर पाँच सर् हृदयमा छ एक् पाउमा ॥४९॥"

भानु—" येती बिन्ति गरी चढ्यो रथ महाँ क्यै फौज् पनी साथ् लिई,
आयो श्री हनुमान् भया तिर गयो साम्ने मुहाडा दिई ॥
देख्या श्री हनुमानले पनि र खुप् गर्ज्या ति साम्ने भई,
लोहस्तम्भ लिई कुदीकन उपर् आकाश बिच्मा गई ॥९८॥"

लोहस्तम्भ उचालि घुम्न बिचमा लाग्या गरुड् झैं जसै,
पाँच् बाण् छोडि लगाइ आठ् अनि थपी फेरी लगायो तसै ॥ "

रघुनाथका अनुवादमा हनुमान्लाई बाण लागेका अङ्ग र अङ्कसमेत फरक भएका छन् । यसबाट कवितामा केही सौन्दर्य बढेको पनि छैन । यसकारणले यो अनुवाद भद्दा हुन आएको छ। भानुभक्तले बाण लागेका अङ्गका नाम छोडिदिएका

छन् । यसबाट अनुवादका सौन्दर्यमा कही हानि भएको छैन ।

मूल—" हानी अघोर शब्दैले सिंहनाद गऱ्यो तहाँ ।
हर्ष भै हनुमान् वीर्ले उठाई थाम हात्महाँ ॥९६॥
हान्दा रथ् सारथी घोडा चूर्ण पाऱ्या क्षणैमहाँ । "

रघु—" लगाइ कपिलाइ ता बहुत सिंहनादै गऱ्यो,
तसै ति हनुमानका मनमहाँ त रीसै पऱ्यो ॥
वहाँ पछि फलामको पनि त थाम हातमा लिया,
उ इन्द्रजितको रथै सकल चूर्ण पारी दिया ॥५०॥ "

भानु—" बाण् लाग्या भनि इन्द्रजित् खुसि भई
गर्ज्यौं जसै ता तहाँ,
घोडा सूत् रथ चूर्ण पारि हनुमान् कूद्या ति
आकाश् महाँ ॥ ९९ ॥ "

रघुनाथको अनुवाद मूलअनुसारको छ । भानुभक्तले अनुवाद छोट्याउनाका निमित्त रथ आदि चूर्ण गराउने साधन फलामे थामको नाम झिकिदिंदा अनुवाद फिक्का भएको छ ।

मूल—"अर्का रथ्मा चढ्या जल्दी मेघनाद् बलिया तहाँ ॥९७॥
घाँडो ब्रह्मास्त्र छाडेर बाँधी ली हनुमान् पनी ।
लग्यो रावण राजाका नगिचै खुसिले अनी ॥९८॥ "

रघु—" आरको रथ मगाइ चढ्याको,
मेघनाद बहुतै रिसियाको ॥

ब्रह्मपाश करदेखि छुट्याको,
बाँधि वानर सँगै लि गयाको

भानु—" फेर् आर्का रथमा चढेर अब ता बाँध्छू म
ऐल्है भनी,
फ्याँक्यो जल्दि र ब्रह्मपाश् ति हनुमान्जी-
लाइ बाँध्यो पनी ॥
बाँधी श्री हनुमानलाइ सँग ली फकर्यौं र दर्
बार् गयो,
बाँध्याका हनुमानदेखि शहर सम्पूर्ण खुशी
भयो ॥ १०० ॥"

रघुनाथका अनुवादमा केवल अनुप्रास मात्र भरिएका छन्। मूलको भाव स्पष्ट आएको छैन। पद्यमा क्रियापदकै अभाव छ, अर्थ पनि स्पष्ट खुल्दैन। यस कारणले यो अनुवाद रद्दी जत्तिकै छ। भानुभक्तको अनुवाद स्पष्ट, सरल र रसिलो छ। चौथो पाउ आफ्ना तर्फबाट जोडेका छन् तापनि प्रसङ्ग मिलाएको हुनाले अनवाद झन् सुन्दर भएको छ।

मूल—"जौन नाम दिन रात जप्छ जो,
मोहको करमबन्ध जल्दि सो।।
तत्क्षणे त भइ मोक्ष तत्पद,
जान्छ कोटि रवि झैं चमक् पद ।।९९।।

स्वै रामका पादकमल् सदा जपी,
हृत्पद्मका माझमहाँ धरी कपि ॥
सधैं त छन् मुक्त समस्त बन्धन,
क्या पाश बन्धन् अरुले छ तिन्‌कन ॥१००॥"

रघु—"जस्‌को नाम जप्या हुँदी करमका बन्धन् सबै छुट्‌दछन्
कोटी सूर्य्य समान मुक्ति पदमा छिन्‌मात्रमा पुग्दछन् ॥
तेस्ता रामचरण् सदा हृदयमा जो राख्दछन् मारुति,
नित्यै मुक्त ति छन् र पाशहरुले क्या हुन्छ बाँधी अति ॥५२॥"

भानु—"जुन् राम्‌को चरणै स्मरण् गरि सहज् अ-
ज्ञान पाश् नाश् गरी,
वैकुण्ठै सब पुग्दछन् भनि भन्या तेस् ब्रह्म-
पाश्‌मा परी ॥
बाँधिन्थ्या हनुमान् कहाँ तर पनी बन्धन्
पऱ्या झैं भया,
रावण् भेटि त जाँ भनेर हनुमान् चुप्‌चाप
लागी गया ॥१०१॥"

रघुनाथको अनुवादको चौथो पाउमा "नित्यै मुक्त ति छन् र"का बदलामा 'मुक्तै छन त भन्या' लेखिएको भए अर्थ मिल्दथ्यो। भानुभक्तका अनुवादको तीन पाउ तलबमोजिम छ। चौथो पाउ थपेका भए पनि प्रसङ्ग मिल्दो वाक्य थपेका हुनाले सुन्दर हुन आएको छ।

रघुनाथले संस्कृत मूलका पुष्पिकाको अनुवादस्वरूप एक अर्को पद्य लेखेका छन्, जुन अनावश्यक हुनाले यहाँ दिइएको छैन।

चौथो सर्ग

मूल—" जान्या कपीन्द्रै धरि पाश बन्धन्,
ड्लें झनी हेरिलिंदा नगर्कन् ।
पिट्छन् मुठीले अति कोपले जरी,
पुर्वासि हेर्न्या पछि लागि तेस् घरी ॥ १ ॥"

रघु—" ब्रह्मपाश्ले बाँधी कपिकन लग्याका शहरमा,
डराया छैं मन्मा भइकन ति हेर्थ्या सहजमा ॥
रिसायाका राक्षस् झिलिकन त हान्छन् ति मुठिले,
कति लात् मार्दैछन् कति वचन भन्छन् मरमले ॥ १ ॥"

भानु—" जस्सै इन्द्रजितैं गयो र हनुमान्जीलाइ
बाँधी तहाँ,
फर्कँथ्यो घर जाँ भनी तब तहाँ आयेर
रस्ता महाँ ॥
रिस् फेन्या पुरवासिलें पनि मुठी ऊठाइ
हान्दा भया,
रिस् फेर्छन् भुसुना भनैर हनुमान् चुप्चाप
लागी गया ॥१०२॥"

रघुनाथले अनुवादमा मूलमा नभएको ,वाक्य चौथा पाउमा जोडेका छन्, तर प्रसङ्ग मिलाएर जोडेको हुनाले कविता सुन्दरै भएको छ । भानुभक्तले मूलको भाव मात्र लिएर स्वतन्त्र सुन्दर पद्य रचना गरेका छन् ।

मूल—" ब्रह्मास्त्र तिनमा क्षण मात्रमा चले,
सह्मम् गरी ब्रह्मवर–प्रभावले ।
जानी हनूमान् पनि डोरि घेर् धरी,
गया तहाँ कार्य विशेषले गरी ।। २ ।।
सभा भितर् रावण बस्तथ्यो जहाँ, भन्छन् अगाडि धरि इन्द्रजित् तहाँ ।। "

रघु—" ब्रह्मै पास्को बेथा छिनभर भयाको बुझि लिया,
उ बाँध्याका बन्धन् पनि नगनि मनसुब् धरि गया ।
सभाका मध्यैमा दशमुख थियो ताँहि लगियो,
ब्रह्मै पास्ले बाँध्या पनि त उहि मेघ्नाद् ठहरियो ॥२॥"

भानु—" पैल्हैं ता ब्रह्मपाश्मा परि कन क्षण भर्
बाँधिनू काम थीयो,
ब्रह्माको वाक्य साँचो गरि कन पछि ता
पाशले छाडि दीयो ॥
बन्धन् देखी त खुस्क्या तर पनि हनुमान्
भेट्न मनसुब् धऱ्याका,
पौंच्या रावण् छ जाँहा खुसि भइ अरु ता
मान्छन् कर् पऱ्याका ॥१०३॥

रावण् वीर् पनि मन्त्रिवर्ग सँग ली भारी
सभामा थियो,
पौंच्यो ताँहि र इन्द्रजित् ति हनुमान्‌जीलाइ
सुम्पी दियो ॥"

रघुनाथको अनुवाद त बेसै छ, तर ब्रह्मका गुरु भएका अघिल्ला अकारलाई लघु गराई छन्द मिलाएको हुनाले छन्दको ताल भ्रष्ट हुन आएको छ। भानुभक्तको अनुवाद खूबै राम्रो छ।

मूल—"ब्रह्मास्त्रले वानर बाँधियो जहाँ,
ल्याञा यसैले सब मारियो वहाँ ॥ ३ ॥
जो गर्नु गौर् खुप् सब मन्त्रिले गरी
गर्नू असल् लौकिक हैन यो हरी ॥"

रघु—"ब्रह्मै पास्‌ले वाँध्या सहज मझिले वानर भन्यो,
अनेक् लस्कर् मार्‌या समरथ छ यै हो पनि भन्यो ॥
जसो मन् लाग्याको गर सब बसी निर्णय गरी,
सबै बानर् जस्तो न बुझ अधिकै अद्भुत हरि ॥३॥"

भानु—"हात् जोरी विनती गर्‍यो अति हरीए् वानर्
छ सेना पनी,
घेर नाश गरछ आज मइ ग ल्यायाँ खुनी
हो भनी ॥ १०४ ॥

जो गर्नु अब पर्छ मन्त्रि सँगको सल्लाह्
बात्चित् गरी,
यस्को आज ठिकान् लगाउनु ह्वस् मन्मा
विचार् खुप् गरी ॥"

मूलका "लौकिक ह्वैन यो हरि" का बदलामा रघुनाथले "सबै वानर् जस्तो न बुझ अधिकै अद्भुत हरि" भन्ने लामो वाक्य लेखेका छन्। यो अरू वानर जस्तो होइन, अधिक अद्भुत वानर हो भन्ने कविको आशय होला, तर तिनका वाक्यबाट यो अर्थ खुल्दैन। भानुभक्तको अनुवाद मूलअनुसारको र सुन्दर पनि छ।

मूल—"राजा सुनी हेरि अगाडिमा छ जुन्,
प्रहस्त गाजल्सरिलाइ भन्दछन् ॥४॥

प्रहस्त ! सोध् यो कुन काममा यहाँ,
आयो कहाँ देखि अधम् कपी महाँ ॥
के अर्थले वन् सब नाश् गर्‍यो यहाँ,
के अर्थले राक्षस मारिया तहाँ ॥५॥"

रघु—"सबै वचन पुत्रका बहुत मन् लगाई सुन्यो,
प्रहस्तहरुका उपर् नजर दी सुध्याऊ भन्यो ॥
विहार गरने बड़ो किन वनै विनासी दियो,
अनेक दल मारियो किन कुमार मारी दियो ॥७॥

कउन् मुलुकको कपी किन यहाँ त आयेछ थो,
भनी कन उ रावणै सब सुध्याउ भन्दो भयो॥"

भानु—" येतो बिन्ति सुन्यो र इन्द्रजितका, हेर्‍यो नजरलै पनी,
लाग्यो सोध्न प्रहस्तलाइ किन यो आयेछ लौ सोध् भनी ॥१०८॥
अस्सल्मा पनि क्या भनूँ अति असल् मेरो बगैँचा पनी,
नास्यो वीर् पनि नाश् गर्‍यो म कन ता मानु भुस्तूँ गनी ॥ "

रघुनाथका अनुवादमा "किन कुमार मारी दियो" भन्ने प्रसङ्ग मिलेको वाक्य थपिएको र अरू मूलको शब्दानुवाद भएको छ। गाजलको पर्वत जस्ता भन्ने प्रहस्तको जो विशेषण मूलमा छ त्यो छोड्नु उचित थिएन । यो विशेषण भानुभक्तले पनि छोडिदिएका छन्, तर यिनले मूलको भाव मात्र लिएर स्वतन्त्र रचना गरेका हुनाले यो विशेषण छुटे पनि कविता सुन्दर बनेको छ।

मूल—" सोध्छन् प्रहस्तै, कपिलाइ सादर,
कस्ले पठायो भन आज वानर ?

छाडेर डर् छाडि दिन्याछु लौ यहाँ,
साँचो भन्या बात्ऽखिलराज् नगिच्मर्हां ॥ ६ ॥"

रघु—"प्रहस्त अति आदरै गरि सुधाउन्या भै गयो,
फुकाइ दिउँला यहाँ जनि डराउ भन्दो भयो ॥ ५ ॥

न ढाँटिकन सत्य भन् निखिलनाथका सासुमा, "

भानु—" हूकुम् यो सुनि त्यो प्रहस्त हनुमान्जीका
अगाडी गई,
लाग्यो सोध्न सबै कुरा पनि बहुत् आधार
दीन्या भई ॥१०६॥"

॥ रघुनाथले प्रायः मूलको शब्दानुवाद गरेका छन्, तर भानुभक्तले भाव मात्र लिएर आधा पद्य रचेका छन् ।

मूल—" सुनेर वातात्मज हर्षले गरी,
हेरी त्रिलोक्कण्टक राक्षसै ऽरी ॥
झट् भन्न आँख्यां रघुनाथ् कथा तहाँ,
सम्झी क्रमैले धरि राम मन्महाँ ॥१०॥".

रघु—"सुन्या उ हनुमानले खुसि हुँदा भया चित्तमा ।
वहाँ पछि त रावणैतिर ति हेरि भन्दा भया,
तिनै भुवनको पनी हृदयरोग देख्दा भया ॥ ६ ॥

चरणकमलको स्मरण् हृदयमा लिई रामको,
कथा कहन मन्सुबा गरिलिया बडा कामको ॥"

भानु—" यै बिच्मा न डराइ रावण उपर् साम्नँ नजर्
दी तहाँ,
बोल्या श्री हनुमानले.................. ।।"

रघुनाथले शब्दानुवाद गर्ने चेष्टा गरी त्रिलोककण्टकका बदलामा "तिनै भुवनको पनी हृदयरोग देख्दा भया" भन्ने काव्यका दृष्टिबाट उत्तम वाक्य थपेका छन्, तै पनि अनुवाद राम्रो हुन नसकी क्लिष्ट पद्य बनेको छ। भानुभक्तले केवल कथाको प्रसङ्ग लिएर स्वतन्त्र डेढ पाउ पद्य रचना गरेका छन्।

मूल—" यो स्पष्ट सुन् देवगणादिको अरी,
आत्मस्वरूप् रामकि दूत हूँ हरी॥
हरिस् अखिल् ईश्वरपत्नि यस् घरी,
स्वनाश निम्ती शुनिले हवी सरी॥८॥"

रघु—' म भन्दछु तँ शत्रु होस् सकल देवगन्धर्वको,
म दूत हुँ ति रामको निखिल लोकका नाथको॥७॥

प्राणीका घटमा पनी त रहन्या श्रीराम हुन् जानिले,
तिन्की स्त्री तजिले हरीकन अहाँ राखिन्छ दौर्भाग्यले॥
होस् गर्न्या हवि हर्दछे शुनि पनी तेस्लै तँलाई भयो,
आफ्नै नाश हुन्या उपाय तजिले येस्तो गर्न्याको छ यो॥८॥

भानु—" ....तँ बुझिले कामूले त आयाँ यहाँ॥
भार्या जस्कि हरिस् उनै जगतनाथ् राम्को
त दास् हू मती,

तेरो नष्ट भयो र अति दिन यो आयाँ न
लें यो मतो ॥ १०७ ॥ ”

संस्कृत मूलमा ‘शुनेव’ (शुना+इव=शुनेव) शब्द लेखिएको छ। यसको अर्थ हुन्छ ‘कुकुरले झैं’। भुवनप्रसादले यसका बदलामा ‘शुनिले’ लेखेका छन्। शुनि शब्दको अर्थ ‘कुकुरमा’ हुन्छ, यस कारणले प्रयोग अशुद्ध छ। रघुनाथले यही अशुद्ध शब्दलाई स्त्रीलिङ्ग गराएर प्रयोग गर्ने चेष्टा गरेका छन्। रावण (पुरुष) सँग कुकुरनीको तुलना हुन सक्तैन। अरू अनुवाद पनि गडबडिएको छ। पहिला पाउमा मूलमा नभएको गन्धर्व र चौथा पाउमा ‘दौर्भाग्यले’ भन्ने अनावश्यक शब्द थपिएका छन्। ‘राखिन्छ’ भन्ने कर्मवाच्य प्रयोग पनि क्लिष्ट छ। भानुभक्तले भाव मात्र लिएर सुन्दर पद्य बनाएका छन्।

मूल—“ उ राघवैं आइ गिरी मतङ्गमा,
सुग्रीव साथ् मैत्रि अनल् कि सङ्गमा ॥
गरी धरी एक् शर मारि वालि वीर्,
सुग्रीव राजा गरिबक्सियो ति धीर् ॥९॥ ”

रघु—“मतङ्गपर्वतबिच राम आया,
तिन्‌ले त सुग्रीव् सित मैत्रि लाया॥
एक् बाणले बालिकनै गिराया,
सुग्रीवको राज्य तहीं बनाया ॥ ९ ॥ ”

भानु—“ आया राम मतङ्ग पर्वत विषे लक्ष्मण् सहित
भै जसै,

लाया सुग्रिवले मित्यारि खुसि भै राम्-
चन्द्रजी थ्यैँ तसै ॥
बाली मारि रजाइँ बक्सनु भयो सुग्रीव
राजा भया,"

रघुनाथको अनुवाद मूलअनुसारको राम्रो छ । भानुभक्तले मूलको भावलाई लिएर रचेको स्वतन्त्र पद्य पनि सुन्दर छ ।

मूल—"ति वानरैका अधिपै महा हुरी,
महाबली वानर कोटि यूथ् धरी ॥
श्री राम लक्ष्मण् सङ्गमा गरीकन,
बस्छन् प्रवर्षण्गिरि हर्ष भै मन ॥१०॥

तिन्ले पठाया विर वानरैहरू,
सीताजिका खोजिमहाँ त धेर् अरू ॥
तिन्मा त एक् वायुसुतै म हूँ कपी,
खोज्दै सिता आइ गञा न ता छपी ॥११॥"

रघु—"वानर्को राज्य पाया बहुत खुसि भया कोटि लस्कर् जमाया
श्रीराम्का साथ सुग्रीब् लखन पनि बडो दर्द मानी रिसाया॥
सुग्रीव्ले जानकीको खबर गर भनी धेर वानर् पठाया,
तिन्माको एक मै हूँ पवनसुत कपी खोजियों रामजाया ॥१०॥"

भानु—" सीता खोज्न हुकुम् हुँदा विरहरू फेर्
दस् दिशामा गया ॥१०८॥

एक् वीर् ता मइ हूँ हुकुम् शिर उपर् लीयेर
आयाँ यहाँ,
पायाँ देख्न सिताजिलाइ दुत हूँ राम्‌को
छलिन्थ्याँ कहाँ "

रघुनाथको अनुवाद राम्रै छ, तर लुकेर आएको ! होइन भन्ने हनुमान्‌को उक्ति छुटेको र ' खोजियो ' भन्ने कर्मवाच्यको प्रयोग क्लिष्ट छ। भानुभक्तको भावानुवाद पनि राम्रै भएको छ।

मूल—" देख्याँ सिता पद्मपलाशलोचना,
वानर् स्वभावले वन्‌ नाशदो भना ॥
देख्याँ अनी तेज गरेर आउन्या,
मैं मार्न शर्‌चाप लियेर धाउन्या ॥ १२ ॥

मारीदिना ती स्वशरिर् बचाउन,
प्यारो शरिर् हो सब देहिको ज्ञुन ॥ "

रघु—"सुन्दर् नेत्र भयाकि जानकि पनी मैले त देखी लिआ,
बानर्‌को पनि जाति हो र तब यो बन् फाँडि नासी दिआ ॥
देख्याँ वाँ पछि मार्न मैकन भनी आया र मारी दिआ,
संसार्‌मा सरिरै रहेछ सबको प्यारो बचाइ लिआ ॥११॥"

भानु—" वानर् हुँ र उखेलि साफ् गरि दियाँ तेरो
बचैंचा पनी,
आया मार्न मलाइ जो अघि सरी उन्‌लाइ
मार्‍याँ पनी ॥१०९॥"

रघुनाथको अनुवाद मूलअनुसार सुन्दर छ । यत्तिका राम्रा अरू पद्य कम छन् । भानुभक्तले छोट्करी भावानुवाद गरेका छन् ।

मूल—“ ब्रह्मास्त्रपाशले अनि यो हरामले,
बाँधीलियो मेघनिनाद नामले ॥१३॥

छूँदैमहाँ ब्रह्मवर–प्रभावले,
त्यागी गयो रावण ! जान्दछू भले ॥
तथापि आज्ञा भइ बाँधिये भन्नी,
हित् भन्न निम्ती करुणा अती भई ॥१४॥”

रघु—“ब्रह्मास्त्रपाश्ले गरि मेघनाद्ले,
बाँध्यो मलाई बहुतै कठिन्ले ॥
ब्रह्मास्त्र छिन् भर् छुन मात्र पाई ;
छाड्यो गया हास् छ सबै मलाई ॥ १२ ॥

तथापि बाँध्या झन्ि मैं म आज्ञा,
बात गर्न मन्सूब थियो उ पाज्ञा ॥ ”

भानु—“ यो इन्द्रजित् गइ यसै बिचमा मलाई,
बाँधेर ल्याइ कन आज दियो तँलाई ॥
बन्धन् पऱ्यो भनि न ठान् त दिया जनाई,
खूला छु अर्ति पनि दिन्छु म सुन् तँलाई
॥ ११० ॥ ”

यहाँ दुवै कविका अनुवाद सुन्दर छन् । शायद यसमा रघुनाथले भानुभक्तलाई जितेका छन् ।

मूल—" विचार् विवेकूले सब लोकको गति,
नले तँ रावण्! अब राक्षसी मति ॥ "

रघु—"कारूण्यले लोकगती निहारी,
यो राक्षसी बुद्धि न ले गमारी ॥ १३ ॥

भानु—" लोक्को गती सब बिचार् गरि आज तैँले,
यो राक्षसी मति न लेँ हित भन्छु मैले ॥

रघुनाथको अनुवाद सुन्दर छ; केवल 'गमारी' भन्ने 'अर्ध-हिन्दी, अनावश्यक शब्द थपिएको छ। भानुभक्तले सुन्दर भावानुवाद गरेका छन्।

मूल—"दैवी गती संसृति मोक्ष गर्दिन्या,
आधार गर् देह कि पाप हर्दिन्या ॥१५॥

ब्राह्मण् तँ होस् उत्तमवंशसम्भव,
पौलस्त्यको पुत्र कुबेरवान्धव ॥ "

रघु—"दैवी गतीं मोक्षकि हेतु हुन्छे,
जो प्राणिको ता हित मात्र गर्छे ॥
पौलस्त्य! तेरा मुनि ता पिता हुन्,
कुबेर तेरा पनि बान्धवै हुन् ॥ १४ ॥"

भानु—"ब्राह्मण् तँ होस् ऋषि पुलस्त्यजिको त नातो
राक्षस् कसो गरि तँ होस् बुझिले न भाँति ॥ १११ ॥

रघुनाथका अनुवादको पूर्वार्धमा मूलको सुन्दर भाव न-आएर गज्याङमज्याङ भएको छ। भानुभक्तले यस पूर्वार्धलाई छोडिदिएका छन्। रघुनाथका अनुवादको उत्तरार्ध मूलअनुसार भानुभक्तले मूलको भाव मात्र लिएर सुन्दर आधा पद्य रचेका छन्।

मूल—" देहात्मवुद्धी गरिंदा तँ राक्षस,
छस् आत्मवुद्धी गरिंदा अराक्षस ॥१६॥

शरीर बुद्धीन्द्रिय दुःख सन्तती,
तिम्रा ति छैनन् तिमि निर्विकार् अती ॥
अज्ञानको हेतु त सन्तती हुँदा,
असत्य छन् स्वप्न सरी त देखिंदा ॥१७॥

यो बात साँचो अविकार् हुँदामहाँ,
हेतू पनी अद्वयमा छ लौ कहाँ ॥
आकाश् छ सबमा न हुन्या उ लेपित,
तेस्तै तिमि देह भितर् अलेपित

देहेन्द्रिय प्राण शरीर—सङ्गले,
स्वै हुँ मँ भन्दा बँधिइन्छ वन्धले ॥१८॥

चिन्मात्र हूँ अक्षर हूँ अजन्मन,
आनन्दरूप हूँ भनि हुन्छ मोचन ॥
शरीर् न आत्मा पृथिवी विकार हो,
न प्राण आत्मा अनिलैं विकार सो ॥१९॥

मन् हो अहंकार विकारको सुझ,
बुद्धी पनी ई प्रकृती विकार् बुझ ॥

आत्मा चिदानन्द विकार् रहित् पर,
देहादि सब्ले फरकै छ ईश्वर ॥२०॥

उपाधिले मुक्त सधैं निरञ्जन,
जान्या पछी मोक्ष छ आत्मरूप्कन ॥
अर्कों सजीलो अति मोक्ष साधन,
भन्छू म एक्चित्त धरेर लौ सुन ॥२१॥

श्री विष्णुको भक्ति छ सोध् दिन्या मती,
तहाँ पछी निर्मल ज्ञान् भयो अती ॥
विशुद्ध तत्त्वानुभवै भयो जसै,
सो ब्रह्मसायुज्य महाँ पुग्यो तसै ॥ २२ ॥"

रघु—"देहैमा आत्मबुद्धी धरिकन सहजैमा तँ राक्षस् बन्याको,
केवल् एकै छ आत्मा भनिकन बुझिया को छ राक्षस् भयाको ।
इन्द्री बुद्धी सरिका सुख दुख नहुन्या जो परात्मा भयाको,
तेस्मा छैनन विकर्ता निरमल रहन्या होस् भनी यो कह्याको॥१५॥

अज्ञान्का हेतुले हो धनसुत पनि ता व्यर्थ साँचो बुझ्याको,
निद्रामा स्वप्न देख्दा कति नकति दशा हुन्छ तेस्तै भयाको ॥
यो तेरो कर्म साँचो छइन बुझि लिनू यो विकारी हुनाले,
आत्मा निर्मल् छ एकै बुझि लिनु उहि होस् ज्ञानदृष्टी दिनाले ॥१६॥

आकाश जस्तो सबमा रह्याको,
छुँदैन लेपित् अलगै भयाको ॥

आत्मा सबै प्राणिविषे बस्याको,
तेस्तै छ यो सूक्ष्म स्वरूप् लियाको ॥१७॥

प्राण इन्द्रिय शरीर मध्यमा,
आत्म बुद्धि गरि पर्छ बन्धमा ॥
चित् स्वरू सुखरूप् ठहराई,
जन्मनू मर्नु छैन तँलाई ॥१८॥

देह होइन अवश्य आतमा,
देह हो पृथिविका विकारमा ॥
प्राण होइन अवश्य आतमा, प्राण हो पवनका
विकारमा ॥१९॥

चित्त होइन अवश्य आतमा
त्यो अहङ्कृति विकार हुँदामा ॥
बुद्धि होइन अवश्य आतमा,
बुद्धि हो प्रकृतिका विकारमा ॥२०॥

आत्माको चित्स्वरूप् हो सुखमय उहि हो सोहि निर्मल् भयाको,
प्राण् इन्द्री देह आदी अरु पनि त सबैका उ दूरै रह्याको ॥
तेस्मा छैनन् उपाधी बुझि लिनु उ सधैं मुक्त रूपी बन्याको
यस्तो आत्मा छ भन्न्या जन पनि सहजै मुक्त हुन्छन् भन्याको॥२१॥

मोक्षसाधन बिधान म भन्छु,
सावधान भइ सुन् म कहन्छु

विष्णुभक्ति गरि बोध् बढि जान्छे,
बोधले सुमति शुद्ध रहन्छे । २२॥

विशुद्ध जब तत्त्वको अनुभवै हुन्याभै गयो,
वहाँ पछि त रामका चरणमा उ पुग्न्या भयो ॥"

भानु—" आत्मा स्वरूप उ त झन् छ स्वरूप काँहा,
जाती र वर्ण लिइ भन्न सकिन्छ याहाँ ॥
सो आत्मरूप भनि नित्य विचार गर्नूं,
आनन्दमा रहुँ भन्या मति याहि धर्नूं ॥११२॥

जो यो लोक विषे प्रपञ्च छ सबै जान् स्वप्न
जस्तो भनी,
सूतुन्ज्याल् सपना छ सत्य उठि ता लाग्दै-
न साँचो पनो ॥
तस्तै ज्ञान् त भयो भन्या त्रिभुवनै एक्
देख्छ आत्मा फकत्,
अज्ञान् रूप् निद्मा पर्‍यो पनि भन्या देखिन्छ
नाना जगत् ॥११३॥

आत्मा सत्य म हूँ भनेर बुझिलें यस् देह-
लाई पनी

झूटो जान् पृथिवी र जल्हरु मिली झुट्टै
बन्याको भनी ॥
तर्लास्‌ यो मनमा लिइस् पनि भन्या तान्यौं
उनै विष्णु छन् ,
जो हो विष्णु उ राम हुन् शरण पर् रिस्
उठ्छ तेरा त झन् ॥११४॥

मूलमा पहिला पद्यको अर्थ यो छ—“ देह आत्मा हो भन्ने नास्तिकी बुद्धि गरिंदाका पक्षमा तँ राक्षस हुस् ‘म आत्मा पो हूँ, कपडा जस्तो शरीर हो, सो मैले धेरै बदलें; म नित्य छु, भन्ने आत्म बुद्धि गरिंदा तँ राक्षस होइनस् । शरीर, बुद्धि, इन्द्रिय, दुःख, सन्तति आदि विकार तिमी आत्मरूपमा छैनन, तिमी निर्विकार छौ । ती दुःख सन्ततिहरू अज्ञानले गरिने हुँदा कस्ता हुन भने सुतेका बखतमा सपना देखिए जस्तै असत्य हुन् ” भन्ने यो अर्थलाई आफ्ना अनुवादमा ल्याउने चेष्टा रघुनाथले गरेका छन्, तर सकेका छैनन् । यही हाल बाँकी पद्यहरूको पनि छ । भानुभक्तले यस वेदान्तो परिभाषाको अनुवाद गर्ने चेष्टा नगरी विषय मिल्दा स्वतन्त्र, सुन्दर र सरल पद्य रचना गरेका छन् ।

मूल—“ तस्मात् रमाका पतिको भजन् गर,
श्रीराम् विभू छन् प्रकृतिजिका पर ।
छाडेर मूर्ख्याजिकि शत्रुभावन,

राम्‌को भजन्‌ गर्‌ शरणप्रियैकन ॥
सीता अघीलाइ सपुत्र बान्धव,
राम्‌ दण्डवत्‌ले भय त्यागलास्‌ तव ॥२३॥

श्रीराम्‌ परात्माकि त छाडि भावना,
भक्ती गरी अक्षय सुख्‌ मनै महाँ ॥
उस्‌ पार जन्‌ जान्छ कसोरि जालिमा,
भवाम्बुधी दुःख तरङ्ग—मालिमा ॥ २४ ॥"

रघु—"पुराणपुरुषै त हुन्‌ प्रकृतिका उ दूरै त छन्‌,'
रमापति ति राम हुन्‌ हरि भनी बुझी गर्‌ भजन्‌ ॥ २३ ॥

शत्रुभाव छ तँलाइ राममा :
छाडि दे अब उ भाव चित्तमा ।
पाउमा परि दिया ति राजि छन्‌,
रामचन्द्र करुणा अति गर्छन्‌ ॥ २४ ॥

पुत्र पौत्र सब बन्धु साथले,
जानकी पनि तँ ले र भक्तिले ।
पाउमा शरण पर्न जा तँ ता,
मुक्ति वाँ पछि हुन्या छ नित्य ता ॥ २५ ॥

रामलाइ परमात्म न जानी,
भक्तिले त सुखरूप न ठानी ।
पार जानु कसरी सहजैमा,
दुख्‌ तरङ्ग भवसिन्धुविचैमा ॥२६॥"

भानु—" यस्तो मूर्खपना त छोड् लियर जा सीता
शरणमा तँ पर् ,
खुस् हूनन् रघुनाथ् शरण् परि गया यो दुष्ट
चाला न गर् ॥
रामको भक्ति गरैन ता कसरि यो संसार
तर्ला उस,
पर्ला जन्मनु मर्नु यै फजितिमा छुट्तैन यो
ताप् कसै ॥११८॥"

रघुनाथको अनुवाद मूलअनुसार राम्रै छ तर 'रामचन्द्र करुणा अति गर्छन्' भन्ने मूलमा नभएको अनावश्यक वाक्य जोडिएको छ। यो चौथो पाउ स्वागताको र अरू पाउ रथोद्धताका हुनाले एक तरहको उपजाति छन्द हुन सक्छ, तर यस्तो उपजाति कर्णकटु हुनाले संस्कृतसाहित्यमा यसको व्यवहार बहुत कम पाइन्छ। नेपाली भाषाका कुनै कविले पनि व्यवहार गरेका छैनन्। सम्भवतः रघुनाथको मूलपाठ 'रामचन्द्र करुणा ति गर्दछन्' थियो जो रथोद्धताको लक्षणसित मिल्दथ्यो।

भानुभक्तले वेदान्तका परिभाषाहरूको व्याख्या छोडी प्रसङ्ग मिल्दो एक सुन्दर पद्य रचना गरेका छन्।

मूल—"ताहीं त अज्ञानमय अग्निले गरी,
जल्दो स्वआत्मा गरि खाग् अरी सरी।
पाप्ले गरी तल्तिर लौ पुन्य उला,
न पाइ मुक्तीकन नर्क पाउला ॥ २५ ॥"

रघु—"अज्ञान्को अग्नि बल्दा उसबिच सहजै आफु पर्न्या बखतमा,
आफ्नू रक्षा न गर्न्या रिपु झझि तजिले पर्नु पर्ला नरक्मा ॥
पातक् तेरा न जान्या सुकृत पनि गरी मोक्षको छैन शङ्का
तेरा तेस्‌ पातकैले गरिकन सहजै नष्ट जान्या छ लङ्का ॥२७॥"

भानु—" यो जानी कन भक्ति गर् शरण पर् रामका
हजुर्मा गई,
आफ्नू आत्म नरक् विषे न लइजा यस्तो
त जान्न्या भई ॥
सीताराम् सितको विरोध् गरि तँ हेर् गिर्ला-
स् नरकमा परी,
फेर् उत्तीर्ण हुनू कठिन् छ बुझिले अर्ती दियाँ
यो पनी ॥११६॥"

यहाँ दुवैले मूलको भाव लिएर स्वतन्त्र पद्य रचना गरेका छन्। दुवैका पद्य सुन्दर पनि छन्।

मूल—"बोली सुनी अमृत स्वादले सरी,
बोल्दा पवन्पुत्रकि रावणै जरी।
रिस्‌ले गरी त्यो न खपी कपी महाँ,
फेर् भन्छ लाल् चक्षु गरेर यो तहाँ ॥२८॥"

रघु—"बडो येस्तो धीरज् धरिकन भन्याको त कपिले,
सभाका मध्यैमा सहज सुनियाको सकलले ॥

अमृत जस्ता मीठा वचन हनुमान्का जब सुन्यो,
रिसाई रावणले अरुणनयनै भैकन भन्यो ॥ २८ ॥"

भानु—" यस्ता बात् हनुमानका जब सुन्यो रावण्
रिसायो तहाँ,
लाल् लाल् नेत्र गराइ भन्छ रिसलै सुनाइ
साभा महाँ ॥ "

रघुनाथको अनुवाद मूलअनुसारको र सुन्दर छ। भानुभक्तले मूलका कथनलाई छोट्याई आधा पद्यमा भावानुवाद गरेका छन्। यसमा सभाका बदलामा 'साभा' शब्द प्रयोग गरेको नराम्रो देखिन्छ, तर सय वर्ष अगाडिका लेखमा 'साभा समुच्चय' भन्ने प्रयोग देखिएको छ।

मूल—" क्या यो विलाप् गर्छ यहाँ विशुद्धिको,
अधम् कपीमा अति दुष्टबुद्धिको।
त्यो राम को हो वनचर् न हो कम,
मार्छू म सुग्रीव् सङ ती नराधम ! ॥२७॥ "

रघु—"कसरि न डरि मेरा सामुमा बोल्न सक्न्या,
अधिक अधम हो यो दुष्ट कत्ती न गन्न्या ॥
वनचर ! पति तेरा राम को हुन् नि मेरा,
सहज गरि म मारूँ राम सुग्रीव् घनेरा ॥ २९ ॥ "

भानु—" मेरो डर् रतिभर् न राखि बहुतै क्या
बोल्दछस् रे यहाँ,

राम् लक्ष्मण् दुइ भाइलाइ सहजै मार्छू म
छोड्छू कहाँ ॥११७॥"

रघुनाथले मूलअनुसारको अनुवाद राम्रो गरेका छन्। भानुभक्तले मूलका वाक्यहरूलाई छोड्याई आधा पद्यमा सुन्दर अनुवाद गरेका छन् ।

मूल—"अेल्है तँलाई जनकात्मजा अनी,
मार्छू म लौ लक्ष्मण राम् दुवै पनी।
सुग्रीव आदी बलिया कपी महाँ,
वानर् सहित् मार्दछू त्तिन्महाँ अहाँ ॥'

रघु—" तँकन पनित मारी जानकीलाइ मारी,
लखनकन पनी ता छिन् भरैमा त मारी ॥
अरु सब कपिलाई मारि मार्रा गिराई,
सहज जिति लिन्या छू क्या कठिन् यो मलाई ॥ ३० ॥"

भानु—" सुग्रीबूलाइ तँलाइ पछि फेर् मार्छू सिताजी पनी,
राम् लक्ष्मण् सित क्या डराउँछु र की मार्नन् मलाई भनी ॥
तिन्का वानर सैन्यको पनि बिनाश् गर्न्या छु येतो जसै,
बोल्यो रावणले इ बात् "..................... ॥ "

रघुनाथले मूलअनुसारको सरल अनुवाद गरेका छन् । भा-नुभक्तले पनि सरल र भावानुवाद गरेका छन् ।

मूल—" सूनी दशग्रीववचन् ति मारुती,
भन्छन् बढी कोप न रोकिंदा रती ॥२८॥"

रघु—"बचन् दस्मस्तक्का सुनिकन रिसाया र कपिले,
भन्या रावण्लाई सहज यम जस्ता स्वरुपले ॥"

भानु—" ....सुनि तहाँ बोल्या हनुमान्
तसै ॥ ११८ ॥ "

यहाँ रघुनाथले ' यम जस्ता ' भन्ने हनुमान्को जो विशेषण थपेका छन् त्यो राम्रो होइन । भानुभक्तले सोझो भावानुवाद गरेका छन्, यसमा पनि केही विशेष छैन ।

मूल—'छैनन् अधम् रावण कोटि मैं सरी,
हूँ रामको दास अपारको हरी ॥ "

रघु—' तँ जस्ता मार्न्या हूँ कति न कति कोटी म पनि ता ,
सितारामको दास् हूँ मसित छ पराक्रम् अधिक ता ॥३२॥"

भानु—" यसरि किन बहूतै गर्दछस् सेखि धेरै,
प्रभु कन त परै राख् जोरि छैनस् तँ मेरै ॥
अघि सरुँ त तँ जस्ता कोटि रावण् म मारूँ
हुकुम त न भयाको मार्न पो आज क्यारूँ ॥११९॥"

दुवै कविले मूलभन्दा अनुवाद बढाएका छन् । रघुनाथको अनुवाद पनि राम्रै छ, तर योभन्दा भानुभक्तको अनुवाद विशेष राम्रो देखिन्छ । 'के गरूँ' का ठाउँमा भानुभक्तले जो 'क्यारूँ' लेखेका छन् त्यस्तो प्रयोग अचेल पनि तनहुँ, लमजुङतिर बोलचालमा सुनिन्छ ।

मूल—"सूनेर रावण् अति कोपले जरी,
भन्छन् नजिक् राक्षसमा नजर् धरी ॥२९॥
लौ मार टुक्रा गरि वानरैं अब,
हेरुन् सबै राक्षसका इ वान्धव ॥
उठ्यो असुर् आयुध हातमा धरी,"

रघु—"हनूमान्का तेस्ता वचन सुनिंदा फेरि रिसियो,
भन्यो राक्षस्लाई खडग लिइ मार् क्या बिलम यो ।
वहाँदेखी राक्षस् खडग लिइ मार्नैं भनि गयो,"

भानु—"यस्ता बात् हनुमानका सुनि तहाँ रावण् रिसायो अती,
साँचा हुन् इ कुरा हुनाकन त हो लिन्थ्यो कहाँ दुर्मती ॥
यो वानर् कन काटि टुक् गर भनी यस्तो हुकुम् पो दियो,
हातमा बेस् हतियार् लिई अघि सर्‌यो जुन् वीर् नजिक्मा थियो॥१२०॥"

रघुनाथको अनुवाद प्रायः मूलअनुसारको राम्रै छ, तर 'खड्ग' र 'बिलम' शब्द नराम्रोसँग प्रयोग भएका छन्। भानुभक्तले मूलका भावको रक्षा गरेर स्वतन्त्र, सुन्दर पद्य रचेका छन्।

मूल—"रोक्या विभीषण्जिं अगाडिमा सरी ॥३०॥

राजन्! मरण् लायक हुन्छ यो कहाँ ?
प्रतापि राज्ले परराजदुत् नहाँ।
मरे यो वानरै दूत कस्ले हाल् पुन्याउँछ ?
रामका हातले मर्न हजुर्को मन धाउँछ ॥३१॥
तस्मात् वध सरी केही अकैं चिन्ह नहीं गरी।
जावस् वानरसाथ् देखी आउँछन् जल्दि नै हरी ॥३२॥
राम सुग्रीव साथैमा जान्नू युद्ध अनी पऱ्यो।
विभीषण्का वचन् सूनी मंजूर् रावणले गऱ्यो ॥३३॥

रघु—"बिभीषण्ले छेक्या परदुत न मार्नू भनि त यो ॥ ३२ ॥"

भानु—"यस् बोच्मा त विभीषणैं अघि सरी हात्
जोरि बिन्ती गऱ्या,
दुत् हो यो महाराज्! कुरा पनि कहाँ लै-
जान्छ को यो मऱ्या
चीनो केहि लगाइ छोड्र दिनु हवस् जावस्
र विस्तार् गरोस्,
येसै वानरका कुरा सुनि यहाँ आउन् ति
संग्राम् परोस् ॥१२१॥"

रघुनाथले मूलको एक सानो टुक्रा लिई चौथाइ पद्य लेखेर कथाको सिलसिला जोडेका छन्। भानुभक्तले मूलको भावलाई राम्रो गराएर स्वतन्त्र सुन्दर पद्य रचना गरेका छन्।

ल—"भन्छन् वानरको मान अति हुन्छ पुछर्महाँ।
तस्माद् वस्त्रादिले पुच्छ यत्नले वेन्हि खुप् तहाँ ॥२४॥
आगो सल्काइ पुरका घुमाई चौतरफ्महाँ।
छाडी दिउन् सबै देखुन् बथान् वानरले वहाँ ॥२५॥"

रघु—"विभीषण्ले छेक्दा दशवदनले फेरि भनियो,
पुछर्मा बानर्को बहुत महिमा हुन्छ बुझियो॥
उसैमा बस्त्रैले गरिकन त बाँधी जतनले,
फिराई आग्लाई तर्जिदिनु भन्यो यो हुकुमले॥३३॥"

भानु—"साँचो भन्यो भनि बुझी कपडा मगायो,
तेल् घीउले मुछि पुछर्भरि बेर्न लायो
हूकुम् दियो अब जलायर बाँधि लेऊ,
सारा शहर् पनि घुमायर छाडि देऊ॥१२॥

जावस् ठुटो पुछर लौ कन फर्कि वाहीं,
पुच्छर् डढो न सकि छोडनु छैन काहो"

रघुनाथले मूलको भाव लिएर सुन्दर पद्य रचेका छन्। भानुभक्तले पनि यसै गरेका छन्, तर रघुनाथको भन्दा भानु-

भक्तको रचना सुन्दर र स्पष्ट देखिन्छ ।

मूल—"हवस् भनी तहाँ सब्ले रुवो वस्त्रादि खुप् धरी ।
बेन्ह्या तेल्मा भिजाएर पुछर्मा बलियो गरी ॥३६॥
पुछर् अगाडिमा आगो सल्काई दानवैहरू । "

रघु—" सभाका बीचैमा कपिकन उठाया असुरले,
भिजाया वस्त्रैमा पनि त बहुतै तेल पहिले ॥
पुच्छर बेह्री बेह्री अति अधिक मस्काइ बलले
उसैका टुप्पामा अगनि पनि लाया सहजले ॥३४॥"

भानु—" यस्तो हुकुम् जब दियो तब बाँधि लीया,
आगो पनी पुछरतीर लगाइ दीया ॥१२३॥"

रघुनाथले मूलमा नभएको हनुमान्लाई सभाका बीचमा उठाए भन्ने वाक्य जोडेर नयाँ पद्य रचना गरेका छन् । प्रसङ्ग नमिल्दो वाक्य थपेका हुनाले रचना राम्रो भएको छैन । "अगनि" शब्दको प्रयोग पनि राम्रो होइन । भानुभक्तले घिउ तेलमा कपड़ा भिजाएर पुच्छरमा बेन्हेको कुरा छोडी आधा पद्य लेखेर सिलसिला मिलाएका छन्, तर त्यो आवश्यक कुरा छोड्नाले रचना राम्रो भएको छैन ।

मूल— बलीया डोरिल बाँधी पक्री राक्षस् मिली अरू ॥३७॥
घुमाउँदछन् शहरमा चोर यो हो भनी अनी ।

भयाली ठोकी करायेर वार-वार् पिट्तछन् पनी ॥३८॥
हनूमान्ले पनी सो सब् सह्या मत्लवले अती ।
गयेर पश्चिम द्वार्का समीप्मा अनि मारुति ॥३९॥
निस्की बन्धन देखी झट् सानु भै हनुमान् बढी ।
भया पर्वत् सरी फेरी उफ्री गोपुरमा चढी ॥४०॥"

रघु—" वहाँ देखी बाँध्या कपिकन बडा डोरिहरुले,
समात्याको डोरी तब खजिचियाको असुरले ॥
घुमाया पुर्बासी सकल तहिं कन देखि खुसिले,
कती चोर् हो भन्छन् कति फजिति गर्छन् कुमतिले ॥३५॥

सबै उं सहन्या भया ति कपि केही मन्सुब धरी,
गया पछिम ब्यौढिका समिपमा त एक्लै परी ॥
शरीर धरि सानु ता सकल बन्ध खुस्की गया,
वहाँ पछि त पर्वतै सरि भया र उफ्री गया ॥३६॥"

भानु—" बाँध्याका हनुमान् लियेर खुसि भै भेरी
अगाडी फुकी,
लाग्या घुम्न शहर् ति राक्षसहरू चोर् हो
भनी खुप् भुकी
चुप् लागी हनुमान् पनी खुरु खुरु गम् हेरि
हिंड्दै गया,
ढोका पश्चिममा पुगी शहरको ताहीं ति सानो
भया ॥१२४॥"

बन्धन् देखि त खुस्कि सूक्ष्म रूपले पर्वत्
सरीका भया, ”

रघुनाथले अनुवाद गरेका दुवै पद्यमा मूलको भाव राम्रो-सँग आएको हुनाले कविता राम्रो बनेका छन्, तर ‘खत्रि-चियाको’ र ‘पछिम’ शब्दको प्रयोग भद्दा तवरले गरिएको छ। भानुभक्तले मूलको भाव मात्र लिएर स्वतन्त्र सुन्दर पद्य रचना गरेका छन्।

मूल—“तहाँ ली स्तम्भ एक् हात्मा रखुवाल् मारि सब् वहाँ।
कार्यशेष विचारेर दर्वार् घर्देखि घर्महाँ ॥४१॥
उफ्री उफ्री कपी बल्दो पुछर्‌ले छ विशाल गाथ्।
डढाया झोसि सब् लङ्का तोरण् वुर्जा अटालिसाथ् ॥४२॥”

रघु—“हातमा स्तम्भ लिया र धेर रखवाल् मारी दिया छिन् महाँ,
वाँ देखी अब क्या गरूँ भनि तहाँ तिन्‌ले लिया मन् महाँ॥
बल्दो लंगुर करुपमान सहितै उफ्री महल्मा गया,
लङ्का दाह गरीदिया सहजमा येस्ता हनूमान् थिया ॥३७॥”

भानु—“ठूलो स्तम्भ उठाइ राक्षस अनेक् माऱ्या र
कुद्दै गया
बल्दो लामु पुछर् लियेर घर घर् कुद्दै
शहर्‌मा डुली,
पोल्या सब् शहरै छुटेन कहिं घर् बाँकी कतै
एक् झुली ॥१२८॥”

दुवै कविले मूलको भावलाई लिएर सुन्दर पद्यहरू रचेका छन्;तैपनि रघुनाथकोभन्दा भानुभक्तको पद्य रसिलो स्पष्ट देखिन्छ।

मूल—"हा ! पिता ! पुत्र ! हे नाथ ! भन्दै सब् दैत्यका परी ।
चढी दर्वारका छत्मा गिर्दछन् अग्निले धरी ॥४२॥
देवता झन्जि देखिन्छन् अग्नि ज्वालाभितर् तव ।
विभीषण्को घरै छाडी भयो भस्म शहर् सव ॥४४॥"

रघु—"महल् माथी बस्दा असुरयुवती तेस् अगनिमा,
गिऱ्याका देखिन्छन् अमरसमका तेस् बखतमा ॥
बिभीषण्को मात्रै घर तजि सबै दाह गरियो, "

भानु—"लाग्यो बल्न शहर् जल्या र सब घर्
सब् बन्द् रस्ता भई,
भागी जान नपाउँदा हुँदि अनेक् राक्षस्
अटाली गई ॥
फाल् हाली कन अग्निमा परि मऱ्या यो
चाल् शहर्मा भयो
पोल्यानन् घर एक विभीषणजिको त्यो मात्र
बाँकी रह्यो ॥१२६"॥

रघुनाथको अनुवाद मूलअनुसारको छ । भानुभक्तले मूलको भाव लिएर स्वतन्त्र पद्य रचेका छन्, तर मूलको आगाका ज्वालामा परेका दैत्य स्त्रीहरू देवता जस्ता देखिन्छन् भन्ने सुन्दर रूपमा छोडिदिनाले सौन्दर्य कम हुन आएको छ ।

मूल—"पक्षी उफ्री ति हनुमान् पौंच्या झट् जलधीमहाँ ।
डुबाई जलमा पुच्छर् स्वस्थचित्त भया तहाँ ॥४५॥
वायुका प्रिय ती पुत्र सीताको प्रार्थना पनी ।
अग्निले पुच्छ पोलेनन् अति शीतलरूप् बनी ॥४६॥"

रघु—"वहाँ देखी तिन्ले जलधिजलमा जाइ डुबियो ॥३८॥
वायुका प्रिय ति पुत्र हुनाले,
प्रार्थना गरि दिइन् र सिताले ॥
अग्निले पुच्छर दाह गर्न्यानन्,
सीतलै हुन गयो यि डढ्यानन् ॥३९॥"

भानु—" येतो काम गरी सकी पुच्छरको आगो नि-
भाऊँ भनी,
कूदी जल्दि समुद्रमा पुगि पुच्छर् चोभी नि-
भाया पनी
अग्नीले पनि मित्रपुत्र भनि ताप् केही गर्न्या-
नन् तहाँ
सीताको पनि प्रार्थना हुन गयो डढ्थ्या हनू-
मान् कहाँ ॥१२८॥"

हनुमान्ले समुद्रका पानीमा डुबियो भनी जो भाववाचक क्रियापद रघुनाथले प्रयोग गरेका छन् त्यो भद्दा छ । उसमाथि मूलअनुसार हनुमान्ले पुच्छर मात्र समुद्रमा डुबाएका थिए;

जस्मै शरीर डुबाउनाको आवश्यक पनि थिएन । यो अना-वश्यक क्रियाको प्रयोगले गर्दा रचना भद्दा हुन आएको छ। भानुभक्तको भावानुवाद सुन्दर छ।

मूल—"जस्का त नामस्मरणले सब पाप धोई,
तिन् तापको अनल ताप् पनि तर्छ सोई ॥
स्वै रामचन्द्र विभुका उ त मुख्य दूत,
क्या पोल्दथ्या प्रकृत अग्नि सधैं ति पूत ॥ ४७ ॥"

रघु—"जस्को नाम स्मरण गरदा पापको तापशान्ति,
तेस्ता रामका भगत हनुमान् दूत हुन् हेमकान्ति ॥
तेस् आगाले गरि त कसरी पोलि सक्न्या हउन् ती,
सुन्दरमाको पनि त चउथो सर्ग भै गो समाप्ति ॥ ४० ॥"

भानु—" राम्का फकत् स्मरणाले पनि दुःख छुट्छन्,
आध्यात्मिकादिहरु ताप् पनि जल्दि छुट्छन्॥
साक्षात् उनै प्रभुजिका दुत भै गयाका
डढ्थ्या कहाँ ति हनुमान् अति हित् भयाका ॥१२८॥"

रघुनाथका अनुवादका तीन पाउ मूलअनुसारका छन्। हनुमान्को 'हेमकान्ति' विशेषण थपिदिनाले अनुवाद राम्रो हुन आएको छ। चौथा पाउमा समाप्ति लेखिएर पद्य पूरा भएको छ। भानुभक्तको अनुवाद पनि मूलअनुसार सुन्दर छ।

—०॥०—

पाँचौं सर्ग

—०—

मूल—"अनी हनुमान् सीताको नमस्कार गरी तहाँ।
भन्छन् मर्जीहवस् देवी! रामका नगिचै महाँ ॥१॥
जान्छू हुन्छ सवारी झट् रामको भाइ साथ् धरी।
येती भनी तीन वार प्रदक्षिण कपिले गरी ॥२॥
प्रणाम् गरी हिंड्या जान यो वचन् भन्दछन् अनी।
हे देवी! जान्छु लौ चाँडो पाल्नु हुन्याछ राम् पनी ॥३॥
लक्ष्मण् सुग्रीव कपिबल्ल कोटी अयुतसाथ् धरी।
सुनी जानकिजी भन्छिन् मन्मा दुःख् अती गरी ॥४॥"

रघु—"लङ्कादाह गरी गया ति हनुमान् श्रीजानकीछ्यौ अनी,
जान्छू जानकि देवि! देउ तिमि ता आज्ञा मलाई पनी
तिम्रो दर्शन गर्न फेरि पनि ता मन्सुब् छ सो पाउँला,
येती बोलि परिक्रमा गरि भन्या फेरि पनी आउँला ॥ १ ॥

प्रणाम् गरि बिदा भया तब ति फेरि भन्दा भया,
म जान्छु सुन आउनन् लखन राम देखी लिया ॥
अनेक दल साथ लीकन त सुग्रिबै आउनन्,,
भन्या र हनुमानले तब ति जानकीले भनिन् ॥ २ ॥"

भानु—"फिर्न्या मन्सुब ली बिदा हुन सिताजी थ्यैँ
हनुमान्

बीदा खूशि भएर बक्सनु हवस् जान्छू म
भन्दा भया
आऊँछन् रघुनाथ् अवश्य भनि यो विन्ती
गऱ्याथ्याँ जसै
साऱ्है शोक् मनमा धरीकन सिता कयै भन्न
लागिन् तसै ॥१२९॥"

रघुनाथको अनुवाद मूलअनुसारको छ । यिनका दुइ पद्यको भाव एउटै पद्यमा आउने गरी भानुभक्तले स्वतन्त्र पद्य लेखेका छन्, यो पनि बेसै छ ।

मूल—" तिमी देख्ता भुल्याँ दुःख ऐल्हे जान्छौ तिमी जब ।
रामका वाणि नसुनी कसरी बस्नु लौ अबें ॥५॥ "

रघु—' आजसम्म तिमिलाइ देखियो,
दुख् थियेन सब थोक बिर्सियो ॥
फेरि जान्छु तिमि भन्दछौ कपी !
क्यान जानु बरु देउ दुख् थपी ॥ ३ । "

भानु—"तिमि कन नजिकैमा देखि खुप् खूसि हुन्थ्याँ
घडि घडि रघुनाथ्का मिष्ट वार्त्ता म सुन्थ्याँ
अब कसरि म यस्ता दुःखले प्राण धर्छूँ
तिमि पनि फिरि जान्या फेरि ताप्मा म पर्छूँ ॥१३०॥'

मूलका भावलाई सुन्दर गराएर दुवै कविले स्वतन्त्र पद्य-रचना गरेका छन्। दुवै सुन्दर पनि छन्।

मूल—" यस्तो हुकुम् भये देखि ! राजहोस् काँधमा मर्हाँ।
क्षण्मा पुन्याउँछू ऐल्हे रामका चरणै महाँ ॥६॥

रघु–'सीताका बात सुन्दा बस तिमि त भन्या रामदुतले त काँध्मा
श्रीराम्का सन्निधान्मा लगिदिन सकुँला क्या छ बेर् एक्,
छिनैमा ॥"

भानु—" सीताका इ वचन् सुनेर झटपट् हात् जोरि
बिन्ती गऱ्या,
यस्तो शोक् अब छोडिबक्सनुहवस् आपत्ति
सान्है भया ॥
ऐल्हैं दाखिल गर्छु राम् चरणमा बोकी हु-
कुम् लौ हवस्,
धेर शोक् किन गर्नु हुन्छ मनमा यो शोक्
दुरैमा रहोस् ॥१३१॥"

रघुनाथको अनुवाद मूलअनुसारको छ। भानुभक्तले मूलको भावलाई सुन्दर गराई स्वतन्त्र पद्य रचना गरेका छन्।

मूल—"रामले सागरै शोची बाँधी वा शरले गरी।
आई वानरसाथ् भारी समर्मा रावणै अरी ॥७॥

मलाई ली गया रामको कीर्ति हुन्छ पछी तलक् ।
तस्मात् जाऊ केहि गरी प्राण् थर्छू चिम्लि यो पलक् ॥८॥"

रघु—"वादेखी भन्न लागिन् दल पनि बहुतै बानरैको लि आउन्,
येल् रावणलाइ मारी सकन सँग लगी राम कीर्ति चलाउन् ॥४॥
जाऊ कसै गरी हवस् रहुँ ली म बाँची,"

भानु—"सीताजी पनि भन्दछिन् म त नजाँ जाऊ
तिमी मात्र गै,
बिस्तार् बिन्ति गरेर जल्दि रघुनाथ् लीयेर
आऊ सँगै,
राम् आई कन दुष्टलाइ सहजै मारी मलाई
सँगै,
लैजानन् रघुनाथ् त कीर्ति रहला क्या हुन्छ
येसै म गै ॥१३२॥"

रघुनाथको प्रायः शब्दानुवाद छ। भानुभक्तको भावानुवाद छ। दुवैका रचना सुन्दर छन्।

मूल—"येती भनी विदा वक्स्यो सीताजीको प्रणाम् गरी।
गया पर्वत् शिरमहाँ सागर् पार् तर्न मन् धरी ॥६॥
तहाँ गई ती बलिया पर्वत् दो पाउले धसी।
गया वायु सरी वेग्ले पार् जान्या कम्बरै कसी ॥१०॥
पृथिवी सरिका ठूला अग्ला तीस् योजनै जती।
मारुतिले गगन्बाट महाशब्द गर्‍या अती ॥११॥"

रघु—"भन्दा गया ति हनुमान अनर्थ नाची ॥
पार् जान पाउ धसिंदा हुँदि गाछि भाँची ,
त्यो वायुवेग कपिको त नसक्नु जाँची ॥ ५ ॥

वायुवेग् धरि गया ति हनूमान् ,
तीस योजन शरीर धरावान् ॥
वाँ पछी गगनमाथि रमाया ,
शब्द सुन्दर गरो ति कराया ॥ ६ ॥"

भानु—" सीताको जब यो हुकुम् हुन गयो बीदा हनूमान् भया,
तिन् बेर् जल्दि परिक्रमा गरि प्रणाम् गर्दा छँदा ती गया ॥
पर्वत् माथि चढेर रूप् पनि ठुलो पर्वत् सरीको धर्‍या,
आकाश् मार्ग लिई कुदेर खुसिलें खुप् शब्द ठूलो गर्‍या ॥१३३॥"

मूलका तीन श्लोकको अनुवाद रघुनाथले पौने दुइ पद्यमा दिएका छन्, तर त्यो न शब्दानुवाद छ, न भावानुवाद छ। अनर्थ नाच्नु, रूख भाँच्नु इत्यादि निरर्थक वाक्य जोडेको हुनाले अनुवाद खल्लो हुन आएको छ। यसका तुलनामा भानुभक्तको भावानुवाद सुन्दर स्पष्ट झल्कन्छ।

मूल—"सो शब्द वानर्हरुले हनूमान्के बुझीलिया ।
ठूलो हर्ष भई सबूले शब्दले नै जबाफ् दिया ॥१२॥
शब्दले अब जानीयो आया सिध्याइ काम् सब ।
वानर्हो हेर सबले हनूमान् वानरर्षभ ॥१३॥
यस्तो भन्दै थिया वीर वानर्हेरु ति मारुति ।"

रघु—"सबै ती बानर्ले सबद् सुनिदा खेरि गमियों,
हनूमान् आया हुन् भनि कपिकुलै हर्षित भयो॥
सबद् सुन्दा देख्या जनकतनयालाइ बुझियो,
भनी ती वानर्ले पनि त बहुतै शब्द गरियो ॥ ७ ॥

हनूमान् हुन् आया नजर गर बानर्हरु भनी,
सबैले भन्दैमा तहिं पुगि गया ती कपि पनी॥"

भानु—" सून्या शब्द ति अङ्गदादिहरुले बोल्या परस्पर् पनी,
शब्दैले बुझियो अवश्य सहजै भेटेर आया भनी ॥
यस्ता बात तिरमा बसेर सब वीर् गर्दै थिया खुस् भई,
पौंच्या श्रीहनुमान् तहीं तिर महाँ-आनन्द खूसी रही ॥१३४॥"

रघुनाथले मूलअनुसारको शब्दानुवाद गर्ने चेष्टा गरेका छन्, तर शब्दको रूप बिगारेर 'सबद्' बनाउँदा पनि पद पूरा

गर्न नसकी मूलमा नभएको 'देख्या जनकतनया' भन्ने वाक्य थपेका छन्। यस तरहबाट अनुवाद खल्लो हुन आएको छ। योभन्दा भानुभक्तको भावानुवाद सुन्दर स्पष्ट देखिन्छ।

मूल—"उत्रेर गिरिका शिर्मा भन्छन् वानर्कनै यती ॥१४॥
देख्याँ सीता बगैंचासाथ् लङ्का नाश गर्‍याँ वहाँ।
बात्चित् गरी रावणसाथ् आज्ञा फेर् जल्दिले जहाँ ॥१५॥
ऐल्है जाऊँ सबै हामी राम सुग्रीव् नगिच् महाँ।
यो सुनी अङ्कमाल् गर्छन् हनूमान्कन सब् तहाँ ॥१६॥
चुम्बन् पुछर्मा कै गर्छन् नाच्छन् कै खुसिले गरी।
हनूमान्ले सब भई गया प्रश्रवण गिरी ॥१७॥
देख्या जाँदामहाँ सब्ले सुग्रीव्को मधुवन् तहाँ।
भन्छन् अङ्गद्कन सबै वानर्हेरू खुसीमहाँ ॥१८॥"

रघु—"वहाँ देखी टेक्या पयर परबतका शिखरमा,
भन्या सीता देख्याँ पुरि पनि जलाआ सहजमा ॥८॥

बिहार् गर्‍यां राम्रो वन पनि उखेली सकि दिआ,
दसानन् छ्यौ बोली तब त म त फेरी फिरि गआ ॥
यसै बेला जाऊँ भनिकन गया बानरहरू:
गयाका बाटामा खुसि भइ रह्याका तिनिहरू ॥९॥

कती चुम्बन गर्छन् पवनसुतका लाङ्गलविषे,
कती आलिङ्गन्को मधुर रस लिन्छन् सुखविषे ॥
हनूमान्का साथै भइकन गया पस्न वनमा,
रमाया सुग्रीव्को मधुवन ए देखी सहजमा ॥१०॥ "

भानु—" भेट्‌भो अङ्गद वीर्‌हरू सित तहाँ विस्तार्
कुरा सब् गऱ्या,
अङ्गद् वीर्‌हरु खुस् भई पुछरमा पक्रेर
चुम्बन् गऱ्या ॥
नाच्या कोहि खुसी भयेर यहि रित् गर्दै ती
राम् थ्यैं गया,
सुग्रीव्‌को मधुवन् सिल्यो नजिकमा त्सान्है
खुसी ती भया ॥१३८॥"

रघुनाथको भावानुवाद सुन्दर बनेको छ । भानुभक्तको भावानुवाद छोटकरी भएर पनि कम सुन्दर छैन ।

मूल—"भोका छौं सब हे वीर ! आज्ञा पाऊँ हजुर् अब ॥१९॥
खान्छौं फलहरू ऐल्हे अमृत् मैं पिउँछौं सब ॥२०॥
कृतकार्य हनूमान् छन् खाऊ इन्‌कै प्रसाद्‌महाँ ।
चाँडो फलफूलै खाऊ वानर् हो ! तिमी सब् जहाँ ॥२१॥
अनी पसी हरिहरू खान लाग्या मधू जसै ।
दधिमुखले पठाएका रखुवाल् न गनी तसै ॥२२॥"

रघु—" भन्या अङ्गद्‌लाई सकल कपिले भोकको गति,
हुकुम् पाया देखी अखिल फलफुल् खानुछ अति ॥
अमृत जस्तो मीठो मह पनि पिन्या हो अलिकति
सबैले अङ्गद् छ्यौ सहज गरियो येति विनति ॥११॥

भन्या ती अङ्गद्‌ले पनि त सहजैमा त खुसिले,
सबै खाऊ पेऊ पवनसुतका कार्यवशले ॥
वहाँ देखी वनमा कपि पनि गया हर्षित भया,
पठायो त्यो सुन्दा तहिं दधिमुखैले कपि गया॥१२॥"

भानु—"बिन्ति अङ्गद् थ्यै गन्या पनि तहाँ खाऊँ इ
फल्‌फुल् भनी
अङ्गदूले पनि खाउ आइ हनुमान्‌जीका प्रसा-
दूले भनी ॥
दीया मर्जि र खाउँ फल् फुल भनी वानर्
गयाथ्या जसै,
चौकी वानर जो थिया सब तहाँ आया र
रोक्या तसै ॥१३६॥"

रघुनाथले शब्दानुवाद गरेका छन् । यसमा मूलको भाव बराबरी आएको छ । भानुभक्तले छोटकरीमा गरेको भावानुवाद पनि सुन्दर छ ।

मूल—" खाँदा वानरहरू आई पिटी दक्षा गरी लिया ।
तिनलाई लात मुष्टिले हानी मधु सबै पिया ॥२३॥
रिसाई दधिमुख वानर् मामा सुग्रीवका थिया ।
रखुवाल् साथ् लिइ सबै सुग्रीव्‌मा जान मन् लिया ॥२४॥
गई बिन्ती गन्या देव ! धेरू कालको रक्षिते यही ।
नाश्‌ पान्या मधुवन् एन्हे हनुमान् र कुमार भई ॥२५॥"

रघु—"ति बन्का रख्वाल् हुन् सकल मिलि आया हुकुमले,
न खान्या हो खायौ भनिकन पिट्या मूर्खहरुले ॥
रिसाई बानर्ले सकल रखवाल् चूर्ण गरिया,
वहाँ देखी खाया फलफुल सहजूमा मद पिया ॥ १३ ॥

दधिमुख रिसियाको मातुलै सुग्रीबैको,
सँग लिइ रखवाल् धेर् सुग्रिबै छयौ पुग्याको ॥
विनती गरन लाग्यो बन् सबै नासियाको,
पवनसुत कुमारको दोष तेसूले कह्याको ॥१४॥

भानु—" रोक्न्या वानरलाई लात् दिइ पिया मीठो मधूर तहाँ ॥
यो चुग्ली दधिवक्रले लिइ गया सुग्रीवजी छन् जहाँ ॥
सब् विस्तार् दधिमूखले जब गन्या लूट्या मधुवन् भनी,
लुट्पिट्को समचार् सुनेर पनि रिस् ऊठेन कत्ती पनी ॥१३७॥"

रघुनाथले मूलको शब्दानुवाद गर्ने चेष्टा गरे तापनि 'मातुलै,' 'सुग्रिबै' यी शब्द भद्दा तवरले प्रयोग गरेकाले र 'पवनसुत कुमारको' यस वाक्यका बीचमा चाहिने 'र' अव्यय छुटेको हुनाले अनुवाद राम्रो भएको छैन। यो भन्दा भानुभक्तको भावानुवाद धेरै राम्रो छ।

मूल—" दधिमुखको सुनी विन्ती भन्छन् सुग्रीव् खुसी मन ।
देखी आया असन्देह हनूमान्ले सिताकन ॥२६॥
न ता को हुन्छ मधुवन् देख्न सामर्थ्यको जहाँ ।
तस्मात् ती वायुसुतले गन्या काम् निश्चयै महाँ ॥२७॥
सुनी सुग्रीव् वचन् राम्ले खुसि भै मर्जि भो तहाँ ।
के भन्छौ तिमिले राजन् ! वचन् सीताकथा जहाँ ॥२८॥"

रघु—" विनति दधिमुखैको त्यो सुन्या सुग्रिबैले,
पवनतनय आये जानकीलाइ पाये ॥
नतर त मधुवन् यो हेर्न कस्ले सकिन्थ्यो।
दधिमुखकन भन्दा रामले त्यो सुनिन्थ्यो ॥१५॥
राम्ले भन्या सुग्रिब ! क्या भन्याको,
क्या काममा नाम चल्यो प्रियाको ॥ "

भानु—" भेट्याछन् बुझियो सिता कन न ता लुट्थ्या मधूवन् कहाँ,
ई बात् सुग्रिब गर्दथ्या प्रभुजिले सून्या र सोध्या तहाँ ॥
सीताको पनि नाम् लियेर तिमिले क्या बोल्दछौ बात् भनी
सोधी बक्सनु भो र सुग्रिवजिलै बिन्ति गन्या बात् पनी ॥१३८॥"

रघुनाथको अनुवाद मूलअनुसारको छ, तर 'रामले त्यो सुनिन्थ्यो' भन्ने वाक्य भद्दा रीतले प्रयोग भएको छ। भानु-

भक्तको भानानुवाद सुन्दर छ।

मूल “सुग्रीव भन्छन् हे देव! देखी सीताकनै वहाँ!
हनूमान् आदि इ सबै पस्या मधुवनै महाँ ॥२९॥
भुर्कुट् भो खाइ मधुवन् रखुवाल् पिटिया सब।
न गरी काम प्रभुको मधुवन् देख्नमा कब ॥३०॥
सामर्थ्य हुन्थ्यो सबको देख्या, सीता अवश्य नै।”

रघु—“भन्दा भन्या सुग्रिवले त आया,
वानर्हरू जानकिलाइ पाया ॥१६॥

अङ्गद् हनूमानहरू फिर्दा छन्,
मेरा बडा तेस् मधुवन् विषे छन्॥
खान्छन् सबै फल्फुल राजिमा छन्,
रख्वालको नाश गरी दियाछन् ॥१७॥

कार्यसिद्धि न गरीकन तिम्रो,
हेरि सक्नु बन छैन उ हाम्रो ॥
यो विचार गरि राम म भन्छु
जानकि मिलि गयिन् म कहन्छु ॥१८॥”

भानु—“हे नाथ्! श्री मधुवन् थियो अति असल्
मेरो बघैंचा तहाँ,
ऐल्हें ता हनुमान्हरू बलजफत् आयेर एक्
क्षण् महाँ ॥
लुट्याछन् मधुरस् अनेक तरहका चीजी

कुल्याछन् पनी,
आया आज फिराद् गर्न मधुवन् लूट्या र
कूट्या भनी ॥१३९॥

सोही बात म गर्दछू रघुपते ! इन्ले सि-
ताजी पनी,
भैट्याछन् तब पो लुट्या र मधुवन् रोक्ता
कुट्याको भनी ॥ ”

रघुनाथको शब्दानुवाद मूलअनुसारको छ; तर भाव स्पष्ट झल्कँदैन। भानुभक्तले गरेका भावानुवादबाट भाव पनि स्पष्ट झल्कन्छ।

मूल—“ रखुवाल् न डराऊ सब् मेरो मर्जी गई भन ॥३१॥
बानर् अङ्गद आदी सब् बोलाई ल्याउ झट् यहाँ।
सुग्रीव्का इ वचन् सूनी गया ती वायुवेग् महाँ ॥३२॥
भन्छन् हुकुम् भो झट् जाऊ हनूमान् आदि सब् वहाँ।
राम लक्ष्मण सुग्रीव्को देख्ने इच्छा तिमी महाँ ॥३३॥
ज्यादै भै हतपत् लागी ताकिता गर्दछन् अती।
हुन्छ भन्दै गया ती सब् लिंइ आकाशको गति ॥३४॥
हनुमान् युवराज् अङ्गद् अगाडी इनझी सन्या। ”

रघु—“ सुग्रीब्ले रामलाई विनति गरि भन्या फेरि रखवाल जाऊ
धाऊ चाँडो हनूमानहरुकन त यहाँ जल्दि भेजी पठाऊ॥

रखुवाल् ती वायुवेग्ले गरि ऊन त गया भन्न लाग्या खुसी छन्,
जाऊ चाँडो हनूमान् तिमिहरुकन ता रा मसुग्रीव डाक्छन्॥१९॥

श्रीराम्। लक्ष्मण राजि छन् सुन सबै सुग्रीव बोलाउँछन्,
भन्दामा हनुमान्हरू सब गया जसूको गगन्मा गमन् ॥"

भानु—"यो बिन्ती गरि जल्दि सुग्रिवजिलो ती
चौकिलाई तहाँ,
दीया हूकुम जल्दि फर्कि कन गै चाँडै पठाऊ
यहाँ॥ १४०॥

आउन् श्री हनुमान्हरू अब यहीं चाँडो भनी
यो जसै,
दीया निर्भय दी हुकुम् उहि बखत् फर्क्या र
दौड्या तसै॥
मामा सुग्रिवका गया र दधिमुख हूकुम्
सुनाई दिया,
खुसी भै हनुमान्हरू पनि गया जाहाँ रघु-
नाथ् थिया ॥१४१॥"

रघुनाथको शब्दानुवाद राम्रै छ ; तर मूलका 'लिई आकाशको गति' का बदलामा जस्काग मन' भन्ने भद्दा वाक्य प्रयोग हुन आएको छ। भानुभक्तले शब्दानुवाद गरेका छैनन् । मूलको भावसँग मिल्ने गरी स्वतन्त्र सुन्दर पद्य रचेका छन् ।

मूल—" राम सुग्रीवमा पौंची दण्डवत् भूमिमा पऱ्या ।।३५।।
हनूमान् राममा भन्छन् देख्याँ सीता कुशल् पनी ।
साष्टाङ्ग दण्डवत् राम्मा सुग्रीव्मा मर्जि भो अनी ।।३६।
कुशल् सोध्नू भयो राजन् ! शोकले गरि हजुर्महाँ ।
अशोक वनका बिच्मा शिंशपा वृक्ष फेद् महाँ ।।३७।।
राक्षसीले घेरियाकी दुब्ली आहार् नली रती ।
हा राम ! राम राम् येही शोच् गर्दी मलिने अती ।।३८।।
देख्याँ एक् वेणिकी मैले शनै आश्वासनै गरी ।
कथ्याँ कथा हजुरको हाँगामा बसि तेस् घरी ।।३९।।
जन्मदेखी सुरु गरी दण्डक् वन्मा गमन् अनी ।
सीताहरण् दसानन्को न हुँदामा हजुर् पनी ।।४०।।
सुग्रीव् मित्यारि भो जस्तो वाली वीर्को मरण् अनी ।
सुग्रीव्ले जानकी खोजीमा वानर् छाड्नू पनी ।।४१।।
बलिया ताकती वानर् लायक् दिग्विजयैं महाँ ।
गया सर्वत्र तिन्मध्ये आञा एक् वीर झट् अहाँ ।।४२।
म हूं सुग्रीवको मन्त्री रामदास् हूँ कहूँ कती ।
भाग्यले जानकी दर्शन् पाञा इच्छा पुग्यो अति ।।४३।।
यस्तो बोलि सुनी सीता टल्पल् आँसु धरी तहाँ ।
कस्ले यो कानमा अमृत् शुभाक्षर् भन्छ लौ यहाँ ।।४४।।
सत्य हो यो भने आवस् मेरा सामुमहाँ अब ।
सानू वानर ो रूप् ली सीता सामु गञा तब ।।४५।।
प्रणाम् गरी हाथ जोडी टाढैमा बसदो भञा ।
सीताले सोध्नु भो को व्हौ भनी विस्तार् गरी तहाँ ।।४६।।
मैले सबै क्रमसँङै बिन्ती गर्दो भञा अनी ।

पछीबाट वक्सियेको चढाञा अउँठी पनी ॥४७॥
तेस्ले अत्यन्त विश्वास् भै मर्जि भो वचनै तहाँ ।"

रघु—"तेस्ता ती हनुमान्हरू सब गया श्रीराम सुग्रीवका,
लक्ष्मणका पनि पाउमा परि गया नम्रित बडा भक्तिका ॥ २० ॥

तिन्मध्ये हनुमान ता खुसि भई भन्दा भया राम छयौ,
देख्याँ जानकिलाइ बिन्ति लगिद्यौ भन्थिन् ति ता स्वामि छयौ ॥
कल्पन्थिन् अधिकै अशोकवनका बिच्मा वस्याकी थियिन्,
धेरै राक्षसिले पनी वरिपरी घेरा दियाकी थियिन् ॥ २१ ॥

निराहार् गर्नाले अति अधिक दुर्बल् पनि थियिन् ,
मलिन् बस्तर् पैह्रीकन बहुत अप्सोच् गरदथिन् ॥
हरे रामस्वामी! भनिकन पनि कल्पँदि थियिन् ,
अनेक् बिस्वास् मैले दिइकन बुझायाकि ति थियिन् ॥ २२ ॥

प्रतीत पार्ना खातिर् जनम पनि तिम्रो कहि दिञा ,
यहाँदेखी फेरी वनगमन तिम्रो भनि दिञा ॥
पछी फेरी सीता हरण गरियाको बकि दिञा ,
भन्या रामको सुग्रीब् सित पनि मित्यारी गरि दिञा ॥२३॥

बालिको चालि मैले सकल कहि दिञा रामलाई बुझाञा,
श्रीरामका हातदेखी सहज गरि तहाँ बालिलाई गिराञा ॥
तारा त्यो राज्य सुग्रीब्कन पनि मञिले रामदेखी दिलाञा ,
सुग्रीब्ले रामजाया खबर गर भनी भेजिंदामा म आञा ॥२४॥

सुग्रीवको ता प्रिय मन्त्रि मै हूँ ,
श्रीरामजीको पनि दास मै हूँ ॥
मेरो प्रयास् आज फलित गराञा, बैदेहिको दर्शन गर्न पाञा ॥२५॥

येती मैले भन्याको सुनि जनकसुता एकलै भन्न लागिन्,
मेरा कान्मा अमृत झैं बचन कहिदिन्या आ भनी सामु डाकिन्,
याँ देखी सूक्ष्मरूपी भइकन म गञा अञ्जलि लिर् लग्याको,
दूरैदेखी नमस्कार् गरिकन म बडो नम्रिते भै रह्याको ॥२६॥

कउन् हौ हे वानर् ! भनिकन त सोधिन् मकन ता ,
भनैले सब् विस्तार् गरिकन दिञा औंठि पनि ता ॥
बडो विस्वास् मानीकन मकन तिन्ले तब भनिन् ,
सुनाया स्वामी छ्यौ भनिकन त धेरै दुख कहिन् ॥ २७ ॥

भानु—" राम् सुग्रीव् कन दण्डवत् गरिलिया साम्ने
जमिन्मा परी,
सब् विस्तार् हनुमानले तहिं गऱ्या बृत्तान्त
एक् एक् गरी ॥
भेट्याँ आज सिताजिलाइ रघुनाथ् लङ्का-
पुरीमा गई,
जस्सै देखि लियाँ सिता कन तसै सानू स्वरु-
पको भई ॥१४२॥

पातका अन्तरमा लुकी जननिका साम्ने

नजिकमा रह्याँ,
जो वृत्तान्त थियो सबैं हजुरको त्यै सूक्ष्म
रुप्‌ले कह्याँ ॥
भोकी दुब्लि हजूर दूर रहँदा सम्झेर सान्है
रुँदी,
राम् राम् बोल्दि अनाथ् भई कन बहुत् वि-
ह्वल् निरन्तर हुँदी ॥१४३॥

अश्शोकका वनमा सिसौ पनि छ एक् त्यै
वृक्षका बीचमा,
सुन्डीन्या मतलब् लिई खडि भईन सूनिन्
उसै बीचमा ॥
यो वृत्तान्त सुनी हुकुम् पनि भयो को होस्
तँ बोल्छस् कहाँ,
क्या लुकी कन बोल्दछस् अब न लुक् आईज
साम्ने महाँ ॥१४४॥

पायाँ येहि हुकुम् जसैं जननिको वानर् स्व-
रुप्‌ले गयाँ,
को होस् भन् भनि सोधि बक्सनु भयो फेर्
बिन्ति गर्दौं भयाँ ॥

फेर् वृत्तान्त गरी सक्याँ हजुरको औंठी
दियाँथ्याँ जसै,
बर् बर् आँसु खसालनू पनि भयो विश्वास
लाग्यो तसै ॥१४५॥

दुवै कविले मूलको भावलाई मात्र लिएर प्रसङ्ग मिलाई स्वतन्त्र पद्य रचना गरेका छन्। दुवै कविका पद्य सुन्दर छन्, तर रघुनाथका पद्यभन्दा भानुभक्तका पद्य रसिला अनुभव हुन्छन्।

मूल—"जस्ती देख्यौ त हनुमन्! रातदिन् पीडिते यहाँ ॥४८॥
राक्षसीका तर्जनैले सबै भन्नू प्रभुमा अनी।
बिन्ती चढाआ हे देवि! चिन्ताले रघुनाथ् पनी ।४९।
कल्पि बक्सिन्छ रातोदिन् नमिल्दा खबरै कहीं।
अैल्हे गई हजुरको ठिगाना भन्दछू यही ॥५०॥
सुनासाथ् सुग्रीव सहित् सलक्ष्मण् राम वानरी।
बल ली बलले आई हजुर्का नगिचै परी ॥५१॥
मारी रावण् सकुल्ऽयोध्या लगिबक्सिन्छ लौ यहाँ।
अभिज्ञा बक्सियोस् जेले विश्वास् हुन्छ विभूमहाँ ॥५२॥
विन्ति पार्दा शिरोरत्न चूडापाशमा थियो जउन्।
बक्सी काक्को कथा चित्रकूटमा जो भयो तउन् ॥५३॥
मर्जि भो आँसु खुप् धारी भने कुशल राममा।"

रघु—"फेरा कागकथा कहिन् नयनजल् धेरै बहाई रहिन्,
मेरो दुख् सब राम छ्यौ भनि दिनू फेरी ति भन्दी भयिन् ॥"

भानु—" आफ्नू दुःख हवाल् सबै कहनु भो यस्ता
विपत् छन् भनी,
आऊँ छन् रघुनाथ् भनेर बहुतै मैले बुझायाँ
पनी ॥
....,
.... ॥१४६॥

बात्चित् गरी जब यता तिर फिर्न लाग्याँ,
विश्वास पार्न जननी सित चीज माग्याँ ॥
चूडामणी दिनु भयो शिरमा रह्याको ;
काग्को कुरो कहनु भो अघि जो भयाको॥१४७॥"

मूलका ६ श्लोकका सारांश केवल कागको कथाको नाम मात्र लिई रघुनाथले कथाको सिलसिला जोडेका छन् । भानुभक्तले मूलको भाव लिएर सुन्दर दुइ पद्य रचना गरेको देखिन्छ, तर पहिला पद्यको उत्तरार्द्ध वि. सं १९८९ सम्म प्रकाशित भएका कुनै प्रतिमा पनि पाइँदैन । यो आधा पद्य नभए तापनि कथाको सिलसिला टुट्तैन । यस कारणले अघिका सम्पादक मोतिराम भट्ट आदिले त्यस आधा पद्यको खोजी गरेको देखिंदैन । तनहूँ तिर गएर खोजी गरे शायद् त्यो आधा पद्यको पत्ता लाग्ला । तर रामप्रसाद सत्यालले सम्पादन गरी काशीबाट प्रकाशित गरेका रामायणमा यो आधा पद्य यस्तो लेखिएको छ—

"भन्नू भो यहि बात् तहाँ जननिले अश्शोक वन्मा रही,
दिन्मा भोक् रति छैन रात्रिविचमा निद्रा नयन्को गई ॥"

तर यो आधा पद्य भानुभक्तको शैलीसित नमिल्ने हुनाले सत्यालजीकै रचना देखिन्छ।

मूल—" लक्ष्मण् सङ अघी केही दुरुक्ती जो भन्याँ ममा ॥५४॥
सो क्षमा होस् नजानेर बोल्याको कुलनन्दन !
जुन् रित्ले तारिबक्सिन्छ कृपाले सोहि होसन ॥५५॥
यो भनी रोइबक्सीयो दुःखले आकुले भई।
मैल पनी बुझाआ सब प्रताप् हजुरको कही ॥५६॥
बिदा पाआ यता आआ हजुरको चरणै पर्याँ।"

रघु—'लक्ष्मण्लाइ पनी भनी दिनु घटी मैले भन्याको थियो;
त्यो मैले न बुझी भन्याँछु ति सहुन् मेरो दशा यो भयो ॥२८॥

जसो गरि कृपा गरून् मकन राम लक्ष्मण् भनिन्,
उ युक्ति तिमिले गरी मकन पार् उतारी दिउन् ॥
भनीकन ति जानकी बहुत दुख् पुकार्दी थियिन्,
ति राम पनि सोचमा भनि बुझाउँदामा बुझिन् ॥२९॥

वहाँ पछि मलाइ ता तिमि त जाउ चाँडो भनिन्,
तुरुन्त गरि ता यहाँ चरणमा पठाई दियिन् ॥"

भानु—"लक्ष्मणलाई अवाच्य बात् भनि बहुत् बोल्याँ
कछू ता पनी,

त्यो रिस् लक्ष्मणले कदापि नलिउन् येसो
भनीथिन् भनी,
हात् जोरी कन बिन्ति खुप् गरि दिया येती
हुकुम् भो जसै,
सब् बृतान्त सुनी बिदा पनि भयाँ फकँर
आयाँ तसै ॥१४८॥"

रघुनाथले शब्दानुवाद गर्ने चेष्टा गरेका छन्। यस अनु-वादबाट स्पष्ट अर्थ नखुल्ने हुनाले कविता लछ्यांग्रो हुन आएको छ। भानुभक्तले सुन्दर भावानुवाद गरेका छन् ।

मूल—" आउँदा जानकी शोकले अशोकवन नाश् गऱ्याँ ॥७५॥
उखाड्याँ राक्षस पनी धेरै माऱ्याँ क्षणै महाँ ।"

रघु—" बिदा भइ म आउँदा वन सबै उखेली दिञा,
अनेक रखवाल् पनी सहजमा त मारी दिञा ॥३०॥"

भानु—" माई सीत बिदा भई जब फिऱ्याँ मन्मा
लहड् यो गयो,
रावणलाइ न भेटि जाँ म कसरी भन्न्या
बिचार् यो भयो ॥
भेटी रावणलाइ अर्ति पनि दी फिर्नू असल्
हो भनी,

फर्की ध्वस्त गऱ्याँ अशोक वनको माऱ्याँ अनेक्
वीर् पनी ॥१४९॥ ”

रघुनाथले मूलका एक पद्यको अनुवाद पृथ्वी छन्दका आधा पद्यमा लिख्याएका छन्। यो अनुवाद सरलै छ। भानुभक्तले मूलको भाव लिएर कथाको प्रसङ्ग मिल्ने गरी स्वतन्त्र सरल पद्य रचेका छन्।

मूल—“रावणको पुत्र मारेर बात्चीत् पनि गरी तहाँ ॥५८॥
लङ्का निःशेष पोलेर क्षण्मा आज्ञा म ताप् गइ। ”

रघु—“रावण्का सुतलाइ मारिकन ता रावण्सितै बोलियो,
लङ्का दाह गरी अशेष सकियो वाँदेखी आज्ञा म यो॥”

भानु—“कान्छो रावणपुत्र अक्षयकुमार् माऱ्याँ र
रावण् जहाँ,
थीयो ताहिं गयाँ भन्या हित वचन् टेरेन
केही तहाँ॥
गर्थ्यो बक्बक बात् अनेक् तरहका मैलो
सुसूनै गनी,
रावण्कै अघि खाक् गरी सकि दियाँ पोलेर
लङ्का पनी ॥१५०॥ ”

येती कर्म गरी यहाँ हजुरमा आयाँ म ऐल्है
भनी,
येती बिन्ति गरी खडा भइ रह्या ताहाँ ति
सेवक् पनी ॥"

संस्कृत मूलका 'पुनरप्यागमं क्षणात्' को छाया लिंदा भुवनप्रसादले 'पुनः अपि' का बदलामा 'ताप गई' भन्ने भ्रम पैदा गर्ने वाक्य जोडेका छन् । रघुनाथले मूलको शब्दानुवाद गर्ने चेष्टा गरे तापनि अनुवाद रसिलो हुन आएको छैन । भानुभक्तले मूलका भावलाई बढाएर रघुनाथका आधा पद्यका बदलामा सुन्दर डेढ पद्य रचना गरेका छन् ।

मूल—" सूनी हनूमान् वचन राम अत्यन्त खुस् भई ॥५६॥
हनूमन्! खुप् गर्‍यौ कार्य न सक्न्या देवले पनी ।
उपका् को प्रत्युपकार् देखतीन म क्यै पनी ॥६०॥
ऐल्हे म दिन्छु सर्वस्व मारुते! तिमिमा अब ।
भनी आलिङ्गन गरी खींची वानरपुङ्गव ॥६१॥
हर्षाश्रु धारी श्रीरामले प्रीति मान्नू भयो तहाँ ।"

रघु—" तेस्ता ती हनुमानका पनि बचन् सुन्दा खुशी भै गया,
तेस् बेला हनुमानको पनि बखान् श्रीराम् गर्दा भया ॥३१॥

कस्तैले गरी सक्नु नाहि बहुते दुस्कर करम् यो थियो
तेस्तो काम् हनुमानले त गरियो दृष्टान्त दुर्लभ भयो ॥

येस्तो येस् उपकारको म उपकार् ऐल्हे कसोरी गरूँ,
तेस्तो क्यै पनि छैन गर्न सकिन्या सर्वस्व दिन्छू बरू ३२

येती बोलि त अङ्कमालि गरियो श्रीरामका बाहुले,
वाँ देखी हनुमानलाई भनियो फेरी बडा प्रेमले ॥"

भानु—" श्री रामले पनि काखमा लिनु भयो सर्वस्व दिन्छू भनी,
बात्ले चित्त बुझाइबक्सनु भयो सर्वस्व यै हो भनी ॥१८१॥ "

रघुनाथको मूलअनुसार शब्दानुवाद छ, तर मूलबमोजिमको अर्थ पूरा गर्ने शब्द भर्न नसकेर प्रत्युपकारका बदलामा 'उपकार', 'देव' का सट्टामा 'कस्तै' 'देखितन' का बदलामा 'ऐल्हे कसोरी गरूँ', 'तेस्तो क्यै पनि छैन गर्न सकिन्या' भन्ने लामो वाक्य भएका हुनाले अनुवाद खस्रो हुन आएको छ। भानुभक्तले मूलको भावलाई बचाएर आधा पद्यमा अनुवाद सिद्ध्याउने चेष्टा गरेका छन्, तर मूलमा 'आलिङ्गन गरी' भनेका ठाउँमा यिनले 'काखमा लिई' भन्ने प्रयोग गरेका छन्। आलिङ्गन गर्नु र काखमा लिनु भन्ने वाक्यको एउटै अर्थ होइन। आफ्ना बराबर उमेरका मानिसलाई आलिङ्गन गरिन्छ; काखमा लिन सकिंदैन। आफूभन्दा कम उमेरका किशोरावस्थाका मानिसलाई प्रेमले काखमा लिइन्छ; आलिङ्गन गर्न सकिंदैन। श्रीराम र हनुमान् प्रायः एकै उमेरका हुनाले श्रीरामले हनुमान्लाई

काखमा राख्नु पर्ने अवस्था थिएन। यस ठाउँमा मूलको आशय बदलेर भानुभक्तले दुस्साहसको काम गरेका छन्। रघुनाथले आलिङ्गनका बदलामा 'अङ्कमालि' शब्द प्रयोग गरेका छन्। हाम्रा भाषामा 'अङ्कमालि' शब्दको व्यवहार नभए पनि अङ्कमाल शब्दको व्यवहार अवश्य हुन्छ। रघुनाथले शायद भूलेर अङ्क-मालि लेखेका हुन्। रघुनाथका पक्षपाती दीनानाथले अङ्कमालि शब्दको मिलान 'अङ्कपालि' भन्ने संस्कृतका शब्दसँग गरेका छन् र यसको 'अर्थ काखमा राखिने काम' बताएका छन्। यो भानुभक्तकै प्रभावमा परेर यिनले यो कष्ट गरेको अनुमान हुन्छ।

मूल—"भक्तवत्सल राघव्को हुकुम् भो हनुमान् महाँ ॥६२॥
मेरो आलिङ्गने लोक्मा दुर्लभ् छ मिल्छ यो कव।
तस्मात् मेरा भक्त अती प्यारा छौ हरिपुङ्गव! ॥६३॥"

रघु—" मेरो यो सुन अङ्कमालि बहुतै दुर्लभ् सबैको थियो,
मेरा भक्त बडा भयौ र तिमिले यो भक्तिले पायियो ॥३३॥"

भानु—" मैले खुस् भइ काख् दियाँ पनि भन्या
फेर् दीनु बाँकी रती
केही चीज् रहँदैन सब् मिलि गयो यो बात
बताऊँ कती ॥
काख्मा राखि हुकुम् भयो यति जसै खुसी
हनूमान् भया,

आनन्दाश्रु गिराइ भक्तिरसले हाजिर् हजु-
रूमा रह्या ॥१८३॥ ”

रघुनाथको अनुवाद मूलअनुसारको छ । भानुभक्तले मूलको भावलाई नछोडेर एक स्वतन्त्र पद्य रचना गरेका छन् ।

मूल—“जुन् पाउपद्म दुइको तुलसी–दलैले,
पूजा गर्‍या पुगछ विष्णुपदै बलैले ॥
तिन्कै त पाइ परिरम्भणले त पूर्ती,
श्री वायुका तनय पुण्यकि पुञ्जमूर्ती ॥६४॥”

रघु—“ जस्का चरण कमलमा तुलसी दलैले,
पूजा गरी परमपद् पुगिन्या खलैले ॥
त्यो अङ्कमालि गरिया परमेश्वरैले,
तिन्को न जानि सकिन्या महिमा कसैले ॥३४॥”

भानु—“ धन्य हुन् इ हनुमान् इ सरीको,
कोहि छैन अरु भक्त हरीको ॥
भक्ति खुप् गरि त काख् पनि पाया,
लोकमा अधिक धन्य कहाया ॥१८३॥

जस्को पुजा तुलसिपत्र चढाइ गर्छन्
उस्ता पनी त भवसागर पार तर्छन्॥

ई ता उनै प्रभुजिका दुत हुन् त काहाँ,
सक्नू छु वर्णन गरी इनिको त याहाँ॥१८४॥

रघुनाथले मूलको शब्दानुवाद गर्ने चेष्टा गरेका छन्, तर रामका आलिङ्गनले हनुमान्‌को मूर्ति पुण्यको थुप्रो बनेको थियो भन्ने मूलका भावलाइ छोडिदिएर ‘तिन्‌को न जानि सकिन्या महिमा कसैले’ भन्ने प्रसङ्ग नमिल्ने वाक्य जोडेर अनुवादलाई नीरस गराएका छन्। भानुभक्तले पनि मूलका त्यस सुन्दर भावलाई छोडी प्रसङ्ग मिल्दा रसिला दुइ स्वतन्त्र पद्य रचेर यस सुन्दरकाण्डलाई समाप्त गरेका छन्।

रघुनाथले समाप्तिसूचक यो पद्य थपेका छन्—

“ अध्यात्मरामायणका कथाको
श्री पार्वतो छ्यौ शिवले कह्याको ॥
श्री जानकीको समचार् पुग्याको,
यो सुन्दरैकाण्ड शुभम् भयाको ॥ ”

उपसंहार

रघुनाथ र भानुभक्तले अनुवाद गरेका सुन्दरकाण्डका पद्यहरू दाँजिदा यी दुइ कविका कामको अन्तर थोरबहुत पाठकहरूलाई अनुभव पनि भयो होला, तर यस विषयमा स्पष्टरूपले खोतल्नु पनि अनुचित होवैन।

यी दुइ कविका स्वतन्त्र कविताहरू दाँजेर हेर्दा रघुनाथमा भन्दा भानुभक्तमा कवित्वशक्ति राम्रो भएको उल्लेख प्रस्तावनामा गरियो। यो सुन्दरकाण्ड अध्यात्म रामायणका मूल संस्कृतबाट अनुवाद गरिएको हो; यहाँ दुवै कवि अनुवादक बनेका छन्। अब अनुवाद गर्ने योग्यताका विषयमा यिनीहरूका शब्दावली, पदन्यास र शैलीका उपर ध्यान दिनु आवश्यक छ। रघुनाथले कहीं कहीं भावानुवाद गरेका छन्, तर उनको स्वभाव शब्दानुवाद गर्ने देखिन्छ, फेरि यी शब्दका धनी छैनन्। यस कारणले यिनको शब्दावली लठ्यांग्रो छ। मूलको भाव पूरा बुझाउनालाई यिनले भरसक उद्योग गरेका छन्। यो काम सफल गराउनाका निमित्त मूलमा नभएका वाक्य पनि थपेका छन्, कहीं कहीं मूलमा भएका वाक्य पनि झिकेका छन्; कर्तृवाच्य क्रियापदबाट अर्थ बुझाउन नसकेर भाववाच्य र कर्मवाच्य क्रियापदको ज्यादा प्रयोग गरेका छन्। यस तरहका प्रयोग बो

लचालका भाषामा बहुत कम गरिन्छन् । यस कारणले मूलको भाव स्पष्ट गराउन यिनी असमर्थ भएका छन् ।

रघुनाथ असमर्थ हुनाको मुख्य कारण परदेशको वास हो । यिनले काशीमा बसेर यो सुन्दरकाण्ड अनुवाद गरेका थिए। उहाँ मधिसेहरूसँग भोजपुरी बोल्दथे ; नेपालीहरूसित नेपाली। तसर्थ नेपाली भाषाका शब्दावली यिनले भुल्दै गएका थिए। उहाँ तुलसीदासका रामचरितमानसको प्रचार हुनाले यस काव्यको प्रभाव यिनमा पर्नु स्वाभाविक थियो। यसैले यिनले अनुवाद गरेका सुन्दरकाण्डमा भोजपुरी र अवधी बोलीहरूका 'लखन' (अ. २ श्लो.२५; ५।२६ इ.); बज्रङ्वली' (१।१४,१।२२); 'वज्रं' (१।२९. ३।३७); 'गाछि' (२।३. ३।४०); 'धिरज्' (१।५); 'बजरंवली' (१।१०); 'चहुँ दिस' (१।१९, २।२); 'खफा' (१।२७) ;' सुमेर्दैं' (२।८); 'सुमरिन्' (२।११); 'चिडइ' (२।४, २।७); 'सुमरी' (३।२९): 'गमारी' (४।१३); 'आग' (४।३३); 'भेजी' (५।१९) इत्यादि शब्द प्रयोग भएका छन् । यी बोलीहरूमा संयुक्त व्यञ्जन बहुत कम बोलिन्छन्। यिनको प्रभाव परेर नै रघुनाथले संस्कृत तथा नेपालीमा प्रचलित संयुक्त ब्यञ्जन भएका 'शिंशपा', 'बुद्धि', 'पर्वत', 'भित्र', 'जन्म', 'प्रकट' 'शब्द' ; 'प्रीति', 'तृण', 'वर्ण', 'समर्थ', 'खड्ग', 'रत्न', 'नत्र', 'व्यर्थ', 'शत्रुघ्न', 'ब्रह्मपाश', 'आत्मा', 'अग्नि', इत्यादि शब्दलाई क्रमशः 'सिमसपा' (२।३६); 'बुधि' (१।६); 'परबत' (१।१२, २।२५६); 'भितर' (१।२०); 'जनम,

(१।२३); 'पर्कट' (१।२७); 'सबद' (२।११); 'पिरति' (२।१३, २।१६); 'तिरण' (२।१६); 'बरण' (३।११); 'समरथ' (३।३६, ४।३६); 'खडग' (४।३२;) 'रतन' (२।२); 'नतर' (२।२१); 'व्यरथ' (२।२२); 'शत्रुघन' (३।३); वह्नंपास' (३।८८), 'आतमा' (४।१९, ४।२०६); 'अगनि' (४।३४, ४।३८) इत्यादि गराएका छन् । भोजपुरीमा बोलिने 'नहीं तो' लाई 'नहीं तर' (३।२२) का रूपमा प्रयोग गरेका छन्। यस तरहका अरू बोलीका शैलीको नकल गरेर आफ्नो भाषालाई सपार्ने चेष्टा गर्नु प्रायः व्यर्थ हुन्छ।

यिनले हजूर, स्वामित, मर्जी, हुकुम आदि मान्यतासूचक शब्दहरूको प्रयोग गरेका छैनन्। भानुभक्तले भने यस्ता शब्द प्रशस्त प्रयोग गरेका छन्। यही कारण देखाएर यी शब्दको नेपाली भाषामा प्रयोग हुन लाग्नुभन्दा पहिले, वसन्त कवि (वि. सं. १८८४) भन्द पनि अगाडि रघुनाथले सुन्दरकाण्ड-को अनुवाद गरेका हुन् भन्ने यस सुन्दरकाण्डका सम्पादक पण्डित दीनानाथ सापकोटाको फैसला छ । उनी रघुनाथलाई आदिकवि मान्दछन्, तर माथि लेखिएका मान्यतासूचक शब्द-हरूको प्रयोग रघुनाथले नगर्नाको कारण अर्कै छ । कोसी नदीहरूका पानी पिउने ठर्रा नेपालीहरूका मुखबाट हजूर शब्द ता के, तपाई शब्द निस्कन पनि गाह्रो हुन्छ। त्यस प्रदेशमा बाबु, दाज्यूहरूलाई पनि सर्वनामका तिमी शब्दकै व्यवहार हुन्छ। रघुनाथका जिन्दगी र यो अवस्थाको समय यसै कोसी प्रदेशमा बितेको थियो । प्रौढावस्थामा सप्तरीमा रहँदा वृद्धावस्थामा काशीमा

रहँदा पनि हजूर, स्वामित आदि शब्द व्यवहार गर्नुपर्दैनथ्यो। यस कारण यी शब्द यिनले भुलिसकेका हुनाले सुन्दरकाण्डमा प्रयोग नगरेका होलान् ।

अब भानुभक्तका शब्दावली र शैलीतर्फ विचार गरौं। यिनले अनुवाद गरेका रामायणका केही पद्य शब्दानुवाद पनि छन्; ज्यादा पद्य भावानुवाद छन् । यिनको उद्देश्य स्पष्ट र सरल भाषामा लालित्य भर्नै हुनाले शब्दार्थका बन्धनमा परेका थिएनन् । मूलको शब्दानुवाद गर्नपर्छ लागेका भए यिनका पद्यहरूमा जो मिठास पाइन्छ त्यो कदापि पाइने थिएन। यी शब्दका पनि धनी थिए । हाम्रा मातृभाषाका केन्द्रस्थलमा रहेका हुनाले जस्तो सुकै भावलाई प्रकट गर्न पनि यी सजिलैसित सक्तथे । श्री बाबुसाहेब मे क. पुष्कर शमशेर जङ्गबहादुर राणाका कथनानुसार "उच्चारण गर्नै कठिन क्लिष्ट संस्कृत श्लोकको अगाडि उनका विना परिश्रमले निस्केको देखिने दिलमा चुभ्ने रसिला पदहरू उच्चार्दा जिभ्रो र आँखाले सुविस्ता पाउँछ, मन भावमा जम्न पाउँछ । "

"७० वर्ष अगाडि बोल्ने भाषामा लेखिएको हुनाले उहाँका कैयन् शब्द अप्रचलित भइसकेका र पाखेमा गनिइसकेका छन्, जस्तो:—

'रामज्यू', 'कछु', खान्या', 'मकन' जान्याछु', 'खाँला' इत्यादि । उनले नसकेर यी पद राखेका होइनन्, किनभने, 'जान्याछु' लाई 'जानेछु' गरेर छन्द भङ्ग हुदैन।" (भानुभक्त स्मारक ग्रन्थ; पृष्ठ, ४२-४३) ।

यिनका अनुवादमा अवधी त्रा भोजपुरी बोलीका शब्द परेका छैनन् । 'जल्दि' शब्दको व्यवहार यसमा देख्ता यो नेपाली शब्द होइन कि भन्ने अचेल भान हुन सक्छ, तर सय वर्षअगाडिका चिट्ठीपत्रहरूमा यो शब्द प्रशस्त चलन भएको देखिन्छ । अचेल यो शब्द नेपाली भाषामा व्यवहार हुन कम भएर यसलाई चाँडो वा झट्ट शब्दले जितेको छ । जल्दिका बदलामा चाँडो वा झट्ट शब्द व्यवहार गरेमा अर्थमा र छन्दमा समेत फरक पर्ने थिएन, प्रशस्त चल्ती हुनाले नै यो शब्द व्यवहार गरेका थिए । यिनको शैली पनि निजी थियो, तुलसीदास आदिका शैलीलाई छोएका पनि थिएनन् । 'अर्का भाषाका ग्रन्थहरूको अनुसरण गर्दा आफ्ना भाषाको गौरव खलबलिन्छ ।' यो कुरा भानुभक्तले राम्ररी बुझेका थिए । कान्तिपुरी नगरीलाई मात्र होइन नेपाली भाषालाई पनि अति सुन्दरी मानेका हुनाले यिनका कवितामा नेपाली भाषाको माधुर्य रहन पाएको छ ।

भानुभक्तको रचना भडकिलो छैन, लत्रेको पनि छैन । यसै कारणले यिनको रामायण आबाल-वृद्ध-वनितालाई रुचिकर भएको छ । रामायणका सात काण्डमा सबैभन्दा सुन्दर बयान भरिएको हुनाले नै यस काण्डको नाम सुन्दरकाण्ड रहेको देखिन्छ । कथा सुन्दर हुनाले नै सबभन्दा पहिले रघुनाथले यसैको अनुवाद गरेका र भुवनप्रसादले छाया खिंचेका छन्, तर भानुभक्तका पद्यानुवादका अगाडि यी सब फिक्का देखिन्छन् ।

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Acc. No ९५२०
Class No ... ... Book No .. ..
Author
Title .. किलोनात्मक सुन्दरकाण्ड

Due on	Borrower's Name	Returned on

OIK, I A | "G"
AAC
2028
९५२०

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

तुलना